प्रदेश वस्तुस्थिति विवरण



प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर, नेपाल

मुख्यमन्त्री

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

विषय :- मन्तव्य

नेपाली जनताले सामाजिक न्याय सहितको समृद्धिको सपना देखेको छ। लोकतान्त्रिक गणतन्त्र र संघीय संरचना अन्तर्गत उक्त सपना पूरा गर्न जनताले हामीलाई जिम्मेवारी सुम्पेको छ। हामी संघीय अभ्यासको प्रारम्भिक चरणमा रहेकोले यस सम्बन्धी अभ्यास र अनुभव नभएका कारण अन्य मुलुकको अनुभव, सिकाई र असल अभ्यासको अनुकरण गर्दै जानु पर्ने हुन्छ । हाम्रो धरातलीय यथार्थ फरक भएकोले सबै कुरा अनुकरण गर्न नसके तापनि धरातलीय यथार्थमा आधारित भएर मुलुकको समृद्धिको सपना साकार पार्न हाम्रो आफ्नै ढाँचाको प्रादेशिक विकास र प्रयोग गर्न हामी प्रयत्नरत छौं।

प्रदेश नं ३ को वास्तविकतालाई बुझ्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रस्तुत वस्तुस्थिति विवरण तयार गरिएको हो। यसले विकासको ढाँचा र सो बमोजिमको नीति, योजना र कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नेछ। यसले हाम्रो भूगोल, वन, जलस्रोत, पूर्वाधार, जनसङ्ख्या, जीवनस्तर, जातीय विविधता, पेशा, रोजगारी, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, उद्योग र व्यापार लगायतका विषयमा हालसम्मको अवस्थालाई संक्षिप्तमा प्रस्तुत गरेको छ। यी तथ्यले समग्रमा हामी आज कहाँ छौं भन्ने तस्वीर देखाएको छ। प्रदेशको सूचना व्यवस्थापनको क्षेत्रमा गरिएको यो पहिलो कार्य हो। हाम्रा विकासका प्रयास तथ्यगत हुनुपर्ने मान्यताका साथ यो दस्तावेज तयार गरिएकोछ ।

यस वस्तुस्थिति विवरणमा समावेश भएका सूचना पर्याप्त छन् भन्ने होइन तर छोटो समयमा संभव भएसम्मका आधारभूत सूचना यसमा समावेश गरिएका छन्। आगामी दिनमा तिनलाई अध्यावधिक गर्ने, विस्तृत गर्ने, नयाँ सूचना थप गर्ने र आवश्यक नदेखिएका सूचना हटाउँदै जाने र सूचनाको बहुआयामिकतालाई अझ गहिराईका साथ प्रस्तुत गर्ने लगायतका कार्यगरिनेछ । प्रस्तुत सूचनाहरू प्रदेश सरकारका अतिरिक्त संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्र, विकासका साझेदारहरु र अन्य संघ संस्थाको लागि पनि उत्तिकै उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु। त्यसैगरी यस वस्तुस्थिति विवरणले प्राज्ञिक, व्यवसायिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक र क्षेत्रगत अनुसन्धानको लागि पनि आधारभूत सूचना प्रदान गर्न सक्दछ भन्ने मलाई लागेको छ। अन्त्यमा, छोटो समय र सीमित स्रोतमा प्रस्तुत वस्तुस्थिति विवरण तयार गरेकोमा प्रदेश नीति तथा योजना आयोग र उक्त कार्यमा अमूल्य सहयोग गर्ने सबैलाई प्रदेश सरकारको तर्फबाट म हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु ।

मिति : २०७५ श्रावण १५ गते

डोरमणि पौडेल
मुख्यमन्त्री

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं ३

हेटौंडा, मकवानपुर, नेपाल

मन्तव्य

नेपालको संविधान प्रारम्भ भएपछि विश्वका संघीय शासन प्रणाली अवलम्बन गर्ने मुलुकको संख्या थपिएसंगै हामीले पनि संघीयताको नयाँ अभ्यास प्रारम्भ गरिसकेका छौं। संघीयता कार्यान्वयनका नीति, कानून र संरचना तथा पूर्वाधार लगायतको तयारी बिना नै मुलुकमा संघीयताको अभ्यास गर्नुपर्ने चुनौतिका बावजुद पनि स्थानीय, प्रदेश तथा संघको निर्वाचन सम्पन्न गरी तीन तहका सरकार गठन भई क्रियाशिल रहेका छन् ।

संविधानले संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भई जनताप्रति उत्तरदायी, जनताबाट सञ्चालित र जनताको सेवामा समर्पित हुने दृढ आकांक्षा तथा "सुखी नेपाली, समृद्ध नेपाल" बनाउने संकल्पलाई साकार पार्न यो प्रदेश तल्लीन रहेको छ । त्यसैगरी, स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने, रोजगारी सृजना गर्ने, विकासलाई समावेशी र सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गर्ने, पूर्वाधार विकास एवं नतिजा हासिल गर्ने उद्देश्यसहितका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा प्रदेश सरकार लागेको छ ।

अनुसन्धान, मूल्याङ्कन लगायतबाट प्राप्त विवरणको अध्ययन गरी प्रदेश सरकारले परिकल्पना गरेको दीगो विकासको लक्ष्य निर्धारण तथा पूरा गर्न प्रदेश सरकार, मन्त्रिपरिषबाट मिति २०७५।०२।२९ मा प्रदेश नीति तथा योजना आयोग गठन भएको हो । आयोग गठन भएको ४५ दिनमै सीमित स्रोत र साधनको उच्चतम् सदुपयोग गर्दै प्रदेश वस्तुस्थिति सम्बन्धी दस्तावेज तयार गरिएको हुँदा यसबाट प्रदेशको विकाससँग सम्बन्धित आवधिक योजना, क्षेत्रगत नीति र योजना बनाउन तथा यस विषयमा खोज, अध्ययन र अनुसन्धान गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका अतिरिक्त राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, निजी क्षेत्र, विकास साझेदार, सरोकारवाला एवं अध्ययन अनुसन्धानकर्ता लगायतका लागि सहयोगी हुने विश्वास रहेको छ। अन्य प्रदेशका कतिपय महत्वपूर्ण सूचना समेत समावेश गरिएको हुदाँ यस दस्तावेजबाट अन्य प्रदेशसमेत लाभान्वित हुन सक्ने अपेक्षा छ ।

यो दस्तावेज तयार गर्ने क्रममा प्रदेश सरकारका माननीय मुख्यमन्त्री, माननीय मन्त्रीहरु, प्रदेशका माननीय सांसदहरू, प्रमुख सचिव तथा प्रदेश सरकारका सचिवहरु, प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्य श्यामकुमार बस्नेत, सचिव इन्दिरा दहाल, उपसचिव निर्मला थापा, खिमादेवी ल्वाङ्वा र कल्प मोहन सोती, तथ्याङ्क प्रशोधनमा सहयोग गर्ने पुष्कल श्रेष्ठ, पवन कणेल र पुरूषोत्तम अधिकारी लगायत प्रत्यक्ष र परोक्ष रुपले सहयोग गर्ने अन्य महानुभावप्रति आभार र धन्यवाद व्यक्त गर्दछु। त्यसैगरी, सम्बन्धित कागजात, सूचना र विवरण उपलब्ध गराई सहयोग गर्ने व्यक्ति, निकाय तथा संघ संस्थाप्रतिसमेत हार्दिक धन्यवाद व्यक्त गर्दछु। अन्त्यमा, यो दस्तावेज यस प्रदेशको मात्र नभई मुलुकको नै दीगो विकास र समृद्धिको योजना अघि बढाउने कार्यमा मार्गदर्शक, सहयोगी एवं कोशेढुङ्गा बन्न सकोस भन्ने विश्वास लिएको छु ।

२०७८।०४।१५

डा. खिमलाल देवकोटा

उपाध्यक्ष

मिति २०७५/०४/१५

कार्यकारी सारांश

"सुखी नेपाली, समृद्ध नेपाल" बनाउने संकल्पलाई साकार पार्नका लागि तर्जूमा गरिने नीति, योजना र कार्यक्रमहरू प्रदेशको वास्तविक धरातलमा उभिएको हुनुपर्छ भन्ने कुरामा दुईमत छैन। विकासका दृष्टिले यो प्रदेश अहिले कहाँ छ, यसका चुनौती, अवसर र तुलनात्मक लाभका क्षेत्र के के छन भनेर पहिचान गर्नको लागि यो वस्तुस्थिति विवरण तयार गरिएको हो। यो दस्तावेजले प्रदेश सरकारको विकाससँग सम्बन्धित आवधिक योजना, क्षेत्रगत नीति तथा योजना बनाउन मात्र होइन थप खोज, अध्ययन र अनुसन्धान गर्न संघीय तथा प्रदेश सरकार र स्थानीय तह, राजनीतिक दल, विभिन्न निकाय, विकास साझेदार लगायतका सरोकारवाला एवं अध्ययन अनुसन्धानकर्ता लगायतका लागि सहयोग गर्न सक्दछ।

प्रदेश नीति तथा योजना आयोग बनेको छोटो समयमा नै सीमित साधन र स्रोतको वावजुद यो दस्तावेज तयार गरिएको हो। यसमा प्रयोग भएका सूचना र जानकारीहरू मूलतः वि.स. २०६८ को जनगणनाको प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभागका पछिल्ला सर्वेक्षण प्रतिवेदनहरू, संघीय तथा प्रदेश मन्त्रालयले तयार पारेका विभिन्न दस्तावेजहरु, तथ्याङ्क कार्यालय तथा तत्कालीन जिल्ला विकास समितिले तयार पारेका जिल्लाको वस्तुगत विवरण, जिल्ला तथा अन्य निकाय एवम् प्राज्ञिक र व्यवसायिक अनुसन्धान प्रतिवेदन, विकासका साझेदार र निजी तथा गैरसरकारी निकायबाट उपलब्ध भएका अध्ययन प्रतिवेदनहरु लिइएका छन्।

यस प्रतिवेदनमा भूगोल, जनसङ्ख्या, वन, जलस्रोत, पूर्वाधार, जीवनस्तर, जातीय विविधता, पेशा, रोजगारी, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, उद्योग र व्यापार लगायतका विषयमा हालसम्मको अवस्थालाई संक्षेपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनमा मूलतः समग्र नेपाल र यस प्रदेशका तथ्याङ्कहरू समावेश गरिएको भएतापनि केही महत्वपूर्ण तथ्याङ्कहरू भने अरू छ वटै प्रदेशकासमेत समावेश गरिएको छ। यसका साथै तथ्याङ्क विश्लेषणबाट प्राप्त निश्कर्ष, देखिएका अवसर र चुनौतिहरूसमेत समावेश गरिएका छन।प्रदेशको मुख्य मुख्य तथ्याङ्कीय विवरण देहायको तालिकामा छ।

क्षेत्र	उपक्षेत्र	इकाई	नेपाल	प्रदेश ३	प्रदेश %
भूगोल	कुल क्षेत्रफल	वर्ग कि.मी	१४७१८१	२०३००	१३.७९
	जिल्ला	सङ्ख्या	७७	१३	१६.८८
	संघीय निर्वाचन क्षेत्र	सङ्ख्या	१६५	३३	२०
	प्रादेशिक निर्वाचन क्षेत्र	सङ्ख्या	३३०	६६	२०
स्थानीय तह	गाउँपालिका	सङ्ख्या	४६०	७४	१६.०९
	नगरपालिका	सङ्ख्या	२७६	४१	१४.८६
	महानगरपालिका	सङ्ख्या	६	३	५०
	उप महानगरपालिका	सङ्ख्या	११	१	९.०९

क्षेत्र	उपक्षेत्र	इकाई	नेपाल	प्रदेश ३	प्रदेश %
	जम्मा	सङ्ख्या	७५३	११९	१५.८०
जनसाङ्ख्यिक विवरण	कुल जनसङ्ख्या (२०६८)	सङ्ख्या	२६४९४५०४	५५२९४५२	२०.८७
	ग्रामीण जनसङ्ख्या	प्रतिशत	३७.०५	२७.४३	
	शहरी जनसङ्ख्या	प्रतिशत	६२.९५	७२.५७	
	जनघनत्व	प्रति वर्ग कि. मी.	१८०	२७२	
	महिला	सङ्ख्या	१२८४९०४१	२७४७६३३	२१.३८
	पुरुष	सङ्ख्या	१३६४५४६३	२७८१८१९	२०.३९
	कुल परिवार	सङ्ख्या	५४२७३०२	१२७०७९७	२३.४१
	परिवारमुली - पुरूप	सङ्ख्या	४०३०६१०	९३३१८९	२३.१५
	परिवारमुली - महिला	सङ्ख्या	१३९६६९२	३३७६०८	२४.१७
	परिवारको आकार	जना	४.८८	४.३५	
	जनसङ्ख्या बृद्धिदर	प्रतिशत	१.३५	१.९१	
	विजुलीमा पहुँच भएको परिवार	प्रतिशत	६७.२६	८५.७	
	शौचालय नभएको परिवार	प्रतिशत	३८.१७	१७.२	
	लैंगिक अनुपात	प्रतिसय पुरुषमा महिलाको सङ्ख्या	९४.२	९८.८	
	लैंगिक अनुपात - ५ वर्ष मुनिको	प्रतिसय वालकमा वालिकाको सङ्ख्या	१०४.९४	१०८.२८	
	महिलाको विवाह हुने औसत उमेर	वर्ष	१८.१	१९.७	
	पुरुषको विवाह हुने औसत उमेर	वर्ष	२१.७	२३.२	
	अपाङ्ग जनसङ्ख्या	जना	५१३३२१	८९९४६	१७.५२
	आर्थिक रुपले सक्रिय जनसङ्ख्या	प्रतिशत	३९.९	४२.५	
कृषि, पशु तथा वन	धान	मे. टन	५२३०३२७	५१०८९६	९.८
	मकै	मे. टन	२३००१२१	५३१७६२	२३.१
	गहुँ	मे. टन	१८७९१९१	१६१२१२	८.६
	जौ	मे. टन	३०५१०	२४९०	८.२

क्षेत्र	उपक्षेत्र	इकाई	नेपाल	प्रदेश ३	प्रदेश %
	कोदो	मे. टन	३०६७०४	६७३७८	२२.०
	फापर	मे. टन	१२०३९	२७८३	२३.१
	आलु	मे. टन	२६९१०३७	६५६७८९	२४.४
	तेलहन वाली	मे. टन	२३१९०१	३१८६९	१३.७
	दुध	मे. टन	१९११२३९	३५७९३८	१८.७
	मासु (सबै प्रकारको)	मे. टन	३३२५४४	७५००६	२२.५६
	मासु (कुखुराको मात्र)	मे. टन	५७२६८	२६१२१	४५.६१
	अण्डा (कुखुराको मात्र)	सङ्ख्या (हजारमा)	१३३८३१२	७२००७१	५३.८०
	खाद्यान्न उपलब्धता	मे. टन	६३९८३४८	८५२६८०	
	खाद्यान्न आवश्यकत	मे. टन	५५००२३३	१२४२६४१	
	खाद्यान्न वचत (न्यून)	मे. टन	८९८११५	-३८९९६१	
	वन क्षेत्रले ढाकेको क्षेत्रफल	प्रतिशत	४४.७४	५३.७३	
	राष्ट्रिय निकुन्ज	सङ्ख्या	१२	४	
	मध्यवर्ती क्षेत्र	सङ्ख्या	१३	४	
पूर्वाधार क्षेत्र	विद्युत उत्पादन	मेघावाट	१००६.८	३४०.३	
	राष्ट्रिय सडक	कि.मी.	१२८९८.१९	२४५१.५८	
	विमानस्थल	सङ्ख्या	४४	६	
संचार	पत्रपत्रिका	सङ्ख्या		७७६	
	एफ एम रेडियो	सङ्ख्या		१६३	
	टेलिभिजन	सङ्ख्या		६८	
शिक्षा	साक्षरता	प्रतिशत	६५.९४	७४.८५	
	पुरूष साक्षरता	प्रतिशत	७५.१४	८२.८२	
	महिला साक्षरता	प्रतिशत	५७.३९	६७.०४	
	सामुदायिक विद्यालय				
	प्राथमिक	सङ्ख्या	२८९१३	५२३४	१८.१
	निम्न माध्यमिक	सङ्ख्या	११३६८	२२३५	१९.७
	माध्यमिक	सङ्ख्या	६२६१	१३५५	२१.६

क्षेत्र	उपक्षेत्र	इकाई	नेपाल	प्रदेश ३	प्रदेश %
	उच्च माध्यमिक	सङ्ख्या	२७२५	५६५	२०.७
	संस्थागत विद्यालय				
	प्राथमिक	सङ्ख्या	६२९८	२००६	३१.९
	निम्न माध्यमिक	सङ्ख्या	४२६४	१६४९	३८.७
	माध्यमिक	सङ्ख्या	३१८६	१३७२	४३.१
	उच्च माध्यमिक	सङ्ख्या	१०५६	४१३	३९.१
स्वास्थ्य	स्वास्थ्य सेवा केन्द्रहरु				
	सामुदायिक सेवा प्रदायकहरु	प्रतिशत	१००	१९.०७	
	गैर सामुदायिक स्वस्थ सेवा प्रदायकहरु	प्रतिशत	१००	६१.६३	
	जम्मा सामुदायिक र गैर सामुदायिक स्वस्थ सेवा केन्द्रहरु	प्रतिशत	१००	३०.५५	
	२०-४९ वर्षका महिलाको पहिलो विवाह हुँदाको उमेर	वर्ष	१८.१	१९.७	
	२० -४९ वर्षका पुरुषको पहिलो विवाह हुँदाको उमेर	वर्ष	२१.७	२३.२	
	कुल प्रजनन् दर	सङ्ख्या	२.३	१.८	
	परिवार नियोजनको साधन प्रयोग गर्ने विवाहित महिला	प्रतिशत	५२.६	६०.६	
	नवजात शिशु मृत्यु दर	प्रति हजार जिबित जन्म	२१	१७	
	शिशु मृत्यु दर	प्रति हजार जिबित जन्म	३२	२९	
	बाल मृत्यु दर	प्रति हजार जिवित जन्म	३९	३६	
मानव विकास, गरिवी र	मानव विकास सूचकाङ्क		०.४९०	०.५५८	
	औसत आयु	वर्ष	६८.८	६९.७	

क्षेत्र	उपक्षेत्र	इकाई	नेपाल	प्रदेश ३	प्रदेश %
कुल ग्राहस्थ्य उत्पादन					
	प्रतिव्यक्ति आय	अमेरिकी डलर/ पिपिपि	११६०	१७६७	
	बहु-आयामिक गरिवी सूचकाङ्क		०.१२७	०.०५१	
	मानव गरिवी सूचकाङ्क	प्रतिशत	३१.१२	२५.७	
	कुल गार्हस्थ्य उत्पादन	रु. (दश लाख)	३००७२४६	९५९३३०	३१.९०
आर्थिक	कुल राजस्व सङ्कलन	प्रतिशत	१००	४८	
	बजेट	रु. अर्बमा	१३१५	३५.६१	
	वैदेशिक सहायता	अमेरिकी डलर हजारमा	६७७८२४	३५४७६८	
	वित्तीय संस्था	सङ्ख्या	३८९४	१३००	३३.३८
उद्योग	ठूला उद्योग	सङ्ख्या	७४९०	५०६३	६७.६०
	ठूला उद्योगमा रोजगारी	सङ्ख्या	५७३८९१	३४९०९०	६०.८३
	ठूला उद्योगको कूल पूँजी	रु. (दश लाख)	१६५३३८८	६२४६३३	३७.७८
	घरेलु तथा साना उद्योग	सङ्ख्या	२६४०८६	९९४४२	३७.६६
कर्मचारी	निजामती कर्मचारी	सङ्ख्या	८६१८०	२९८०७	३४.५९
	पुरुष	सङ्ख्या	६६७०५	२३०८८	३४.६१
	महिला	सङ्ख्या	१९४७५	६७१९	३४.५०

विषयसूची

कार्यकारी सारांश i

विषयसूची vi

परिच्छेद एक : परिचय १

१.१ पृष्ठभूमी १

१.१.१ प्रदेश व्यवस्थापिकाको गठन १

१.१.२ प्रदेश प्रमुखको नियुक्ति १

१.१.३ प्रदेशसभाका सभामुख र उपसभामुखको निर्वाचन १

१.१.४ प्रदेश कार्यपालिकाको गठन २

१.१.५ प्रदेशसभाका विषयगत समितिहरू २

१.१.६ प्रदेश नीति तथा योजना आयोग ३

१.१.७ कानून निर्माण ३

१.१.८ मुख्य न्यायाधिवक्ता ३

१.१.९ कर्मचारी व्यवस्था ३

१.२ प्रदेश परिचय ४

१.२.१ भौगोलिक अवस्थिति ४

१.२.२ गाउँपालिका र नगरपालिका सम्बन्धी विवरण ४

१.२.३ हावापानी ५

१.२.४ महत्वपूर्ण धार्मिक स्थानहरू ७

१.२.५ प्रमुख ऐतिहासिक गढीहरू १०

१.२.६ प्रमुख ताल र कुण्डहरू ११

१.२.७ प्रमुख हिमश्रृखला र हिमालहरू १२

१.२.८ प्रमुख नदी प्रणालीहरू १२

१.२.९ भू-उपयोगको अवस्था १२

१.२.१० प्रमुख जातजाति तथा भाषाभाषी १३

१.३ वस्तुस्थिति विवरणको औचित्य १४

१.४ वस्तुस्थिति विवरणको उद्देश्य १५

१.५ सूचनाका स्रोत तथा सीमाहरू..... १५
१.६ वस्तुस्थिति विवरणको रूपरेखा..... १६
परिच्छेद दुई : जनसाङ्ख्यिक विवरण..... १७
२.१ परिचय..... १७
२.२ जनसङ्ख्या र जनघनत्व..... १७
२.३ परिवार सङ्ख्या र पारिवारिक वनौट..... १८
२.३.१ परिवार सङ्ख्या..... १८
२.३.२ परिवारको वनौट..... १९
२.४ परिवारमुली..... १९
२.५ घर तथा आवासीय इकाइको स्वामित्व र वनौट..... २०
२.५.१ घरको स्वामीत्व अनुसार पारिवारिक विवरण..... २०
२.५.२ घर तथा आवासीय इकाइको वनौट..... २१
२.५.३ घरको गारोको वनौट अनुसार पारिवारिक विवरण..... २३
२.५.४ घरको छानाको बनौट अनुसार परिवारिक विवरण..... २४
२.५.५ पिउने पानीको मुख्य स्रोत अनुसार परिवारिक विवरण..... २६
२.५.६ खाना पकाउने इन्धन अनुसार परिवारिक विवरण..... २७
२.५.७ बत्ति बाल्न प्रयोग गरिने स्रोत अनुसार परिवारिक विवरण..... २९
२.५.८ शौचालय सुविधा अनुसार परिवारिक विवरण..... ३०
२.६ घरपरिवारले उपभोग गरेका सुविधाहरू..... ३२
२.६.१ मनोरन्जन सुविधा अनुसार परिवारिक विवरण..... ३२
२.६.२ सञ्चार सुविधा अनुसार परिवारिक विवरण..... ३२
२.६.३ सवारी सुविधा अनुसार परिवारिक विवरण..... ३४
२.६.४ घरपरिवारले उपभोग गरेका अन्य सुविधा अनुसार परिवारिक विवरण..... ३५
२.७ उमेर समूह अनुसार जनसङ्ख्या विवरण..... ३६
२.८ लैङ्गिक अनुपात..... ३८
२.९ जातजाति अनुसार जनसङ्ख्याको संरचना..... ३९
२.१० भाषाभाषी अनुसार जनसङ्ख्याको संरचना..... ४१
२.११ धर्म अनुसार जनसङ्ख्या विवरण..... ४२
२.१२ अपाङ्गता भएका व्यक्तिको विवरण..... ४४

२.१३ अनुपस्थित जनसङ्ख्या ४५
२.१४ बैवाहिक स्थितिको विवरण ४७
२.१५ आर्थिक रुपले सक्रिय जनसङ्ख्या ४८
२.१६ व्यक्तिगत घटना दर्ताको अवस्था ४९
२.१७ शहरीकरण ५०

परिच्छेद तीन : कृषि, वन र भूमि व्यवस्था ५३

३.१ कृषि ५३
३.१.१ कृषि चलन अन्तर्गत क्षेत्रफल तथा कित्ताको विवरण ५३
३.१.२ जग्गाको उपयोग अनुसारको क्षेत्रफल ५४
३.१.३ स्वामित्व अनुसार जग्गाको क्षेत्रफल ५५
३.१.५ उत्पादन र उत्पादकत्व ५८

३.२ पशुपंक्षी, माछा खाद्यान्नको उपलब्धता ६७
३.२.१ दुधालु पशुको सङ्ख्या र दुध उत्पादन ६८
३.२.२ मासु उत्पादन ६९
३.२.३ अण्डाको उत्पादन ७०
३.२.४ खाद्यान्नको उपलब्धता र आवश्यकता ७१
३.२.५ माछापालन र उत्पादन ७२
३.३ वन ७३
३.३.१ वन क्षेत्रको अवस्था ७४
३.३.२ राष्ट्रिय निकुञ्ज, मध्यवर्ति क्षेत्र तथा वन्यजन्तु आरक्ष ७५
३.३.३ चुरे क्षेत्र ७७
३.३.४ प्रदेशमा पाइने नरम र कडा काठ प्रजाति ७७
३.३.५ जडिवुटी ७९
३.४ भूमी र भूमी व्यवस्था ८०
३.४.१ भूमिको अवस्था र क्षमता ८०
३.४.२ गुठी जग्गा ८१
३.५ सहकारी ८२

परिच्छेद चार : पूर्वाधार क्षेत्र ८४

४.१ जलविद्युत ८४
४.२ यातायात पूर्वाधार..... ८५
४.२.१ सडक ८५
४.२.२ विमानस्थल..... ८६
४.२.३ झोलुङ्गे पुल..... ८७
४.२.४ राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना..... ८७
४.३ सञ्चार माध्यम ८९
४.३.१ पत्रपत्रिका..... ८९
४.३.२ एफएम रेडियो र टेलिभिजन ९०
४.४ पुनर्निर्माण ९०
४.५ खेलकुद पूर्वाधार ९२
परिच्छेद पाँच : सामाजिक क्षेत्र..... ९३
५.१ शिक्षा ९३
५.१.१ साक्षरता दर ९३
५.१.२ शैक्षिक उपलब्धि (उत्तीर्ण गरेको तह) ९४
५.१.३ अध्ययन गरेको विषय र क्षेत्र..... ९५
५.१.४ विद्यालय र विद्यार्थी सङ्ख्या ९७
५.१.५ विद्यार्थी - विद्यालय अनुपात ९८
५.१.६ विद्यार्थी - शिक्षक अनुपात..... ९९
५.१.७ लैङ्गिक समता सूचकाङ्क (कुल भर्नामा) ९९
५.२ स्वास्थ्य १००
५.२.१ स्वास्थ्य सेवा प्रदायकहरु १००
५.२.२ जन्मदर्ता.....१०१
५.२.३ विवाहको उमेर.....१०१

५.२.४ प्रजनन र परिवार नियोजन.....१०२
५.२.५ सुत्केरी महिला र नवजात शिशुको स्याहार.....१०३
५.२.६ वाल स्वास्थ्य.....१०४
५.२.७ एच.आई.भी. र एड्ससम्बन्धी जानकारी.....१०५
५.२.८ रक्तचाप.....१०६
५.३ खानेपानी तथा सरसफाई.....१०७
५.४ मानव विकास.....१०८
५.५ गरिवी.....१११
५.५.१ मानव गरिबी सूचकाङ्क.....१११
५.५.२ बहु-आयामिक गरिवी सूचकाङ्क.....११२
५.६ महिला, वालवालिका, ज्येष्ठ नागरिक र अपाङ्गतासम्बन्धी विवरण.....११२
५.६.१ महिला.....११२
५.६.२ वाललवालिका.....११५
५.६.३ ज्येष्ठ नागरिक.....११६
५.६.४ अपाङ्गता भएका व्यक्ति सम्बन्धी बिबरण.....११७
५.७ वैदेशिक रोजगारी.....११८
परिच्छेद छ : आर्थिक क्षेत्र.....१२१
६.१ सार्वजनिक वित्त.....१२१
६.१.१ आर्थिक वर्ष ०७५।७६ को प्रदेश वजेट.....१२३
६.१.२ संघीय बजेट.....१२४
६.१.३ संघीय र प्रदेश सरकारबाट स्थानीय तहका लागि वित्तीय हस्तान्तरण.....१२५
६.१.४ बैदेशिक सहायता.....१२५
६.२ उद्योग.....१२६

६.२.१ औद्योगिक गणना अनुसार उद्योगको स्थिति १२६
६.२.२ घरेलु तथा साना उद्योग १२७
६.२.३ ठूला उद्योग १२८
६.२.४ खानी १२९
६.२.५ औद्योगिक क्षेत्र १२९
६.३ वाणिज्य १३०
६.४ पर्यटन १३०
६.५ बैंक तथा वित्तीय संस्था १३२
६.६ सार्वजनिक संस्थानहरू १३५
६.७ प्रतिव्यक्ति आय १३६
परिच्छेद सात : शासकीय र अन्तरसम्बन्धित क्षेत्र १३८
७.१ शान्ति सुरक्षा १३८
७.२ निजामति कर्मचारी १३९
७.३ कारागार र कैदीबन्दी सम्बन्धी विवरण १४०
७.४ मानव अधिकार १४१
७.५ घरेलु हिंसा १४२
७.६ विपद् व्यवस्थापन १४३
७.६.१ क्षति विवरण १४३
७.६.२ जोखिमको अवस्था १४४
परिच्छेद आठ : संघीय, प्रादेशिक र स्थानीय निर्वाचन १४७
८.१ प्रादेशिक र संघीय निर्वाचन क्षेत्र १४७
८.२ प्रतिनिधिसभा १४८
८.३ प्रादेशिक संसदमा प्रतिनिधित्व १४८
८.४ स्थानीय तहमा निर्वाचित पदाधिकारी १४८
८.५ राजनीतिक दलले स्थानीय तहमा प्राप्त गरेको सीट १४९
परिच्छेद नौ : निश्कर्ष, अवसर र चुनौती १५२
९.१ निश्कर्ष १५२
९.२ अवसरहरू १६२

९.३ चुनौतीहरू १६५
सन्दर्भ सामग्री १६८
अनुसूचीहरू १७१ देखि २९३ सम्म.
अनुसूची १.१ : प्रदेशसभामा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसदहरूको विवरण १७१
अनुसूची १.२ : प्रदेशमा रहने निकाय तथा कर्मचारीहरुको दरबन्दी.....१७७
अनुसुची १.३ : प्रदेशमा रहेका ऐतिहासिक एवं धार्मिक स्थलहरु १८०
अनुसूची १.४ : प्रदेश ३ मा प्रमुख हिमचुचुराहरु १८७
अनुसूची १.५ : प्रदेश ३ का प्रमुख नदी प्रणालीहरू १८९
अनुसूची २.१ : जिल्लागत घरमुलीको लिङ्ग र उमेर.....१९१
अनुसूची २.२ : जिल्लागत उमेर समूह अनुसारको जनसंख्या १९४
तालिका २.३ : अपाङ्गता भएका व्यक्तिको विवरण २०२
अनुसूची २.४ : जिल्ला अनुसार अनुपस्थित व्यक्तिहरु गएको राष्ट्र.....२०४
अनुसूची २.५ : जिल्ला अनुसार अनुपस्थित हुनाको कारण २०८
अनुसूची २.६ : वैवाहिक अवस्थाको विवरण (सङ्ख्यामा).....२१०
तालिका ३.१ : प्रदेश अनुसार जग्गाको उपयोग र क्षेत्रफल.....२११
तालिका ३.२ : स्वामीत्व अनुसार जग्गाको उपयोग र क्षेत्रफल २१२
अनुसूची ३.४ : जिल्ला र प्रकृति अनुसार सहकारीहरुको विवरण २१७
अनुसूची ४.१ : प्रदेश ३ मा सञ्चालित विद्युत आयोजनाहरु २१८
अनुसूची ४.२ : बिद्युत उत्पादन गर्नका लागि बिद्युत खरिद प्रक्रिया अघि बढेका आयोजनाहरु ...२२१
अनुसूची ४.३ : विभिन्न हाइड्रोपावरबाट उठेको राजस्वआ.व.२०७३।७४(रू.मा) २२३
अनुसूची ४.४ : जिल्ला अनुसार सडकको विवरण २२४
अनुसूची ४.५ : इजाजत प्राप्त एफएम रेडियोहरूको विवरण २२९
अनुसूची ४.६ : इजाजत प्राप्त टेलिभिजनहरु २४१
अनुसूची ४.७ : खेलकुदका पूर्वाधारहरूको जिल्लागत विवरण २४६
अनुसूची ५.१ : परिवार नियोजन सम्बन्धी विवरण.....२४८

अनुसूची ५.२ : बाल मृत्युदर, सुत्केती महिला तथा नवजात शिशुको स्याहार.....२४९
अनुसूची ५.३ : महिला सशक्तिकरण २५०
अनुसूची ६.१ : स्थानीय तह वित्तीय हस्तान्तरण (आ.व. ०७५/७६ रु. हजारमा) २५२
अनुसूची ६.२: प्रदेशमा पाईने खनिजहरू र तिनको उत्खनन् सम्बन्धी अनुमतिको विवरण.....२५७
अनुसुची ६.३ : प्रदेशमा पाईने खनिज तथा धातुको विवरण.....२६०
अनुसूची ६.४ : प्रमुख निकासीजन्य वस्तुहरु २६२
अनुसूची ६.५ : प्रमुख पैठारी हुने वस्तुहरु.....२६४
अनुसूची ६.६ जिल्ला अनुसार दर्ता भएका उद्योगहरू २६६
अनुसूची ६.७: प्रदेशमा रहेका सार्वजनिक संस्थाहरू २७०
अनुसूची ८.१ : प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने सांसदहरूको विवरण.....२७६
अनुसूची ८.२ : नगरप्रमुख / मेयर पदमा निर्वाचित उम्मेदवारहरुको विवरण, स्थानिय निर्वाचन नतिजा २०७४ .....२७९
अनुसूची ८.३ : उपप्रमुख / उपमेयर पदमा निर्वाचित उम्मेदवारहरुको विवरण, स्थानिय निर्वाचन नतिजा २०७४ .....२८२
अनुसूची ८.४ : अध्यक्ष पदमा निर्वाचित उम्मेदवारहरुको विवरण, स्थानिय निर्वाचन नतिजा २०७४ .....२८५
अनुसूची ८.५ : उपाध्यक्ष पदमा निर्वाचित उम्मेदवारहरुको विवरण, स्थानिय निर्वाचन नतिजा २०७४ .....२८९
अनुसूची ८.६ : जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखहरूको नामावली.....२९३

परिच्छेद एक : परिचय

१.१ पृष्ठभूमी

नेपालको संविधानमा राज्य सञ्चालन संघ, प्रदेश र स्थानीय तहबाट हुनेगरी राज्यशक्तिको बाँडफाँड भए अनुसार संघ, प्रदेश र स्थानीय तह कार्यरत छन् । सातवटा प्रदेशमध्ये नेपालको संविधानको अनुसूची ४ मा भएको व्यवस्था बमोजिम प्रदेश ३ मा सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाण्डौं, रसुवा, नुवाकोट, धादिङ्ग, चितवन र मकवानपुर गरी १३ जिल्लाहरु छन् । संघीय राजधानी काठमाण्डौं यसै प्रदेशमा छ । हाल प्रदेशको अस्थायी राजधानी मकवानपुर जिल्लाको हेटौंडामा छ।

१.१.१ प्रदेश व्यवस्थापिकाको गठन

संघीय संरचनाअन्तर्गत प्रदेश व्यवस्थापिका गठनको लागि यस प्रदेशमा २०७४ मङ्सिर १० र २१ मा गरी दुई चरणमा निर्वाचन सम्पन्न भएको थियो। पहिलो चरणमा नुवाकोट, रसुवा, धादिङ, सिन्धुपाल्चोक, दोलखा र रामेछाप गरी ६ जिल्लामा निर्वाचन सम्पन्न भएको थियो भने दोश्रो चरणमा सिन्धुली, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर र भक्तपुर गरी ७ जिल्लामा निर्वाचन सम्पन्न भयो। प्रदेश व्यवस्थापिकामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट ६६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ४४ जना गरी जम्मा ११० जना सांसदहरू निर्वाचित हुने व्यवस्था भए अनुसार निर्वाचित सांसदहरुको विवरण अनुसूची १.१ मा छ।

१.१.२ प्रदेश प्रमुखको नियुक्ति

नेपालको संविधानको धारा १६३ को उपधारा (१) बमोजिम प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहने व्यवस्था भए बमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०७४।१०।०३ मा माननीय अनुराधा कोइरालालाई नियुक्ति गरे अनुसार हाल यस प्रदेशको प्रदेश प्रमुख पदमा उहाँ कार्यरत हुनुहुन्छ ।

१.१.३ प्रदेशसभाका सभामुख र उपसभामुखको निर्वाचन

माननीय सभामुख र उपसभामुखको निर्वाचन हुनुपूर्व प्रदेश व्यवस्थापिकाको जेष्ठ सदस्य माननीय डोरमणी पौडेलको अध्यक्षतामा प्रदेश व्यवस्थापिकाको बैठक वसी प्रदेश सभाले प्रारम्भिक कार्य सम्पन्न गरेको थियो। तत्पश्चात मिति २०७४।१०।२७ गते प्रदेश व्यवस्थापिकामा भएको निर्वाचनबाट सभामुख पदमा माननीय सानुकुमार श्रेष्ठ र मिति २०७४।१०।२८ गते भएको निर्वाचनबाट उपसभामुखमा माननीय राधिका तामाङ निर्वाचित हुनु भयो ।

१.१.४ प्रदेश कार्यपालिकाको गठन

संविधानमा प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्नका लागि प्रदेश सरकार गठन गर्ने व्यवस्था भए अनुसार मिति २०७४।१०।२९ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) का संसदीय दलका नेता माननीय डोरमणी पौडेल प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त हुनु भयो। सोही मितिमा माननीय केशव स्थापित र माननीय शालिकराम जम्कट्टेल क्रमशः भौतिक पूर्वाधार विकास र आन्तरिक मामिला तथा कानून मन्त्रीमा नियुक्त हुनु भयो । यसैगरी मिति २०७४।११।१६ मा माननीय अरुण प्रसाद नेपाल, माननीय कैलाश प्रसाद ढुङ्गेल, माननीय दावा दोर्जे लामा र माननीय युवराज दुलाल मन्त्री पदमा नियुक्त हुनु भएपछि ७ सदस्यीय प्रदेश मन्त्रीपरिषद गठन भएको थियो। मुख्यमन्त्री र मन्त्रीहरुहरुको कार्यविभाजन र पदवहाली भएको मिति तालिका १.१ मा छ ।

तालिका १.१: मुख्यमन्त्री र मन्त्रीहरुको कार्यविभाजन र पदवहाली

क्र. सं.	नाम थर	पद	कार्य विभाजन	वहाली मिति
१	मा. डोरमणि पौडेल	मुख्यमन्त्री	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०७४।१०।२९
२	मा. केशव स्थापित	मन्त्री	भौतिक पूर्वाधार विकास	२०७४।१०।२९
३	मा. शालिकराम जम्कट्टेल	मन्त्री	आन्तरिक मामिला तथा कानून	२०७४।१०।२९
४	मा. अरुण प्रसाद नेपाल	मन्त्री	उद्योग, पर्यटन, वन तथा वातावरण	२०७४।११।१६
५	मा. कैलाश प्रसाद ढुङ्गेल	मन्त्री	आर्थिक मामिला तथा योजना	२०७४।११।१६
६	मा. दावा दोर्जे लामा	मन्त्री	भूमि व्यवस्था, कृषि तथा सहकारी	२०७४।११।१६
७	मा. युवराज दुलाल	मन्त्री	सामाजिक विकास	२०७४।११।१६

१.१.५ प्रदेशसभाका विषयगत समितिहरू

संसदमा विभिन्न विषयगत समिति रहने व्यवस्था भए अनुसार हाल प्रदेशसभामा पाँचवटा विषयगत समितिहरू क्रियाशिल छन् । यी समितिहरूको सभापति र समिति गठन भएको मिति तालिका १.२ मा छ ।

तालिका १.२: प्रदेशसभाका समिति, सभापति र समिति गठन भएको मिति

विषयगत समितिको नाम	सभापति	गठन भएको मिति
प्रदेश मामिला समिति	मा. माधव पौडेल	२०७४।१२।१५
सार्वजनिक लेखा समिति	मा. न्हुच्छेनारायण श्रेष्ठ	२०७४।१२।१५
अर्थ तथा विकास समिति	मा. सरेश नेपाल	२०७४।१२।१५
शिक्षा, स्वास्थ्य तथा कृषि समिति	मा. घनश्याम दाहाल	२०७४।१२।१५
उद्योग, पर्यटन तथा वातावरण समिति	मा. रमा आलेमगर	२०७४।१२।१५

१.१.६ प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकार मन्त्रिपरिषदले मिति २०७५।०२।२९ मा प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ स्वीकृत गरी सोही आदेश बमोजिम सोही मितिमा प्रदेश नीति तथा योजना आयोगको गठन भयो । उक्त आदेशमा आयोगको अध्यक्षता मुख्यमन्त्रीले गर्ने, प्रदेश सरकारबाट नियुक्त उपाध्यक्ष र चारजना सदस्य रहने, पदेन सदस्यका रुपमा प्रमुख सचिव र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव तथा आयोगको सदस्य सचिव सहित नौ सदस्यीय आयोग गठन हुने व्यवस्था छ ।उक्त आदेश स्वीकृत भएकै मितिमा प्रदेश मन्त्रिपरिषदले उपाध्यक्षमा डा. खिमलाल देवकोटा र सदस्यमा श्यामकुमार बस्नेत नियुक्ती हुनुभयो ।

१.१.७ कानून निर्माण

नेपालको संविधान, संवैधानिक अभ्यास, विधि र प्रक्रिया अनुशरण गरी संविधान बमोजिम बनाउनु पर्ने कानूनमध्ये प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ तथा प्रदेशस्तरीय केही लिखत प्रमाणीकरण नियमावली, २०७४ बनाई सोही कानूनका आधारमा सरकार सञ्चालन र सरकारका काम कारवाही विधिसम्मत रुपमा गर्दै आइरहेको छ।

कानून निर्माणको सम्बन्धमा २०७५ असार मसान्तसम्ममा प्रदेशसभा सञ्चालन नियमावली-२०७४, आर्थिक (कार्यविधि) ऐन-२०७४, गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन-२०७४, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७५, आर्थिक ऐन-२०७४, विनियोजन ऐन-२०७४, प्रदेशस्तरीय केही लिखत प्रमाणीकरण ऐन -२०७४, आर्थिक ऐन-२०७५, विनियोजन ऐन-२०७५, कर तथा गैरकर राजस्व सम्बन्धी ऐन-२०७५, प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन-२०७५ र प्रदेश आकस्मिक कोष ऐन-२०७५ लगायतका अत्यावश्यक कानून निर्माण भैसकेका छन्।यसैगरी, आवश्यक कैयौ कानून स्वीकृत तथा निर्माणको चरणमा छन् ।

१.१.८ मुख्य न्यायाधिवक्ता

नेपालको संविधानको धारा १६० बमोजिम प्रदेश सरकारलाई आवश्यक कानुनी राय सल्लाह दिनका लागि प्रदेश सरकारबाट मिति २०७४।११।२३ मा मुख्य न्यायाधिवक्ताको रूपमा वरिष्ठ अधिकवक्ता सूर्यचन्द्र न्यौपानेको नियुक्ती भयो। संविधान बमोजिम मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारको भूमिका निर्वाह गर्दछ।

१.१.९ कर्मचारी व्यवस्था

नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको मिति २०७५।०२।०६ को निर्णय अनुसार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय र ६ मन्त्रालयका लागि कुल ३७८ जना कर्मचारी आवश्यक भएता पनि

मिति २०७५।०४।११ सम्ममा केवल १६१ जना मात्र कर्मचारी कार्यरत छन (तालिका १.३)। २०७५ श्रावणको पहिलो साता सम्पन्न सङ्घीय सरकारको मन्त्रीपरिषदको निर्णयले प्रदेश ३ का लागि ३५५५ जना कर्मचारी रहने निर्णय गरेको छ । प्रदेशमा रहने विभिन्न निकाय र कर्मचारीको विवरण अनुसूची १.२ मा छ।

तालिका १.३: प्रदेश सरकारका मन्त्रालय लगायतको विवरण

मन्त्रालयको नाम	कर्मचारी दरवन्दी सङ्ख्या	कार्यरत कर्मचारी सङ्ख्या
मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय	५२	२६
आन्तरिक मामिला तथा कानून मन्त्रालय	३८	१९
भौतिक पूर्वाधार विकास मन्त्रालय	५५	१७
आर्थिक मामिला तथा योजना मन्त्रालय	४७	१९
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४५	२४
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	७३	२७
सामाजिक विकास मन्त्रालय	६८	२९
जम्मा	**३७८**	**१६१**

स्रोत: मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय

१.२ प्रदेश परिचय

१.२.१ भौगोलिक अवस्थिति

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. मध्ये २०,३०० वर्ग कि.मी. यस प्रदेशमा पर्दछ । पूर्वमा प्रदेश १, पश्चिममा गण्डकी प्रदेश, उत्तरमा चीन र दक्षिणमा प्रदेश २ तथा भारतसँग यस प्रदेशको सीमाना जोडिएको छ । समुद्र सतहदेखि १४१ मिटरमा रहेको चितवनको गोलाघाटदेखि रसुवा जिल्लाको ७,२२९ मिटरको उचाईमा रहेको लाङटाङ हिमालसम्म फैलिएको यो प्रदेशमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार हिमाली क्षेत्रमा पाँच जिल्ला (धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र दोलखा), पहाडी दुई जिल्ला (नुवाकोट र काभ्रेपलाञ्चोक), उपत्यकाका तीन जिल्ला (काठमाण्डौं, ललितपुर र भक्तपुर) र भित्री मधेशका तीन जिल्ला (सिन्धुली, मकवानपुर र चितवन) छन् । नापी विभागका अनुसार यो प्रदेश २६° ५५′ उत्तरी अक्षांशदेखि २८° २३′ उत्तरी अक्षांशसम्म र ८३° ५५′ पूर्वी देशान्तरदेखि ८६° ३४′ पूर्वी देशान्तरसम्म फैलिएको छ । प्रदेशका जिल्लाहरूको संक्षिप्त विवरण अनुसुची १.७ मा छ।

१.२.२ गाउँपालिका र नगरपालिका सम्बन्धी विवरण

यस प्रदेशका १३ जिल्लामा ३ वटा महानगरपालिका, १ वटा उपमहानगरपालिका, ४१ वटा नगरपालिका तथा ७४ वटा गाउँपालिका गरी ११९ स्थानीय तह छन् । प्रदेशभित्र रहेका काठमाण्डौं, ललितपुर र भरतपुर तीन महानगरपालिकाहरू हुन् भने हेटौंडा एकमात्र उपमहानगरपालिका हो ।

यस प्रदेशका गाउँपालिका र नगरपालिकाको सङ्ख्या नेपालको कुल गाउँपालिका र नगरपालिका सङ्ख्याको १५.८० प्रतिशत छ । काठमाडौं र भक्तपुर जिल्ला गाउँपालिका विहिन छन् भने रसुवा जिल्लामा नगरपालिका छैन । नेपालका गाउँपालिका र नगरपालिकाको कुल जनसङ्ख्या मध्ये यस प्रदेशको गाउँपालिका र नगरपालिकाको जनसङ्ख्याले २०.७४ प्रतिशत ओगटछ । काठमाडौंका स्थानीय तहले कुल प्रदेशको स्थानीय तहका जनसङ्ख्याको ३१.२२ प्रतिशत ओगटछ । यसैगरी भूगोलमा सवभन्दा धेरै मकवानपुरको ११.७६ प्रतिशत छ । गाउँपालिका र नगरपालिकाको जनसंख्या लगायतका विवरण तालिका १.४ मा छ ।

तालिका १.४ गाउँपालिका र नगरपालिकाको जनसंख्या लगायतका विवरण (क्षेत्रफल वर्ग कि.मी.मा)

जिल्ला	गा.पा. र न.पा. संङ्ख्या	गाउँपालिका				नगरपालिका			
		सङ्ख्या	वडा	जनङ्ख्या	क्षेत्रफल	सङ्ख्या	वडा	जनसङ्ख्या	क्षेत्रफल
सिन्धुली	९	७	५१	१६५३७५	१६४०	२	२८	१३०३६६	८७३
रामेछाप	८	६	४१	१२७४०८	११५३	२	२३	७४०२८	४१४.२
दोलखा	९	७	५६	१३७४९८	१९२६	२	१८	४७९९५	३४३.८
सिन्धुपाल्चोक	१२	९	६७	१६९२७४	१४५९	३	३६	११८५४४	४२०.२
काभ्रेपलाञ्चोक	१३	७	६१	१४०६६१	८७३	६	७४	२३४५६०	५२२
ललितपुर	६	३	१८	३२२११	२३८	३	५३	४२५३९५	१५८.७
भक्तपुर	४	०	०	०	०	४	३८	२९८६८४	१२३.८
काठमाण्डौं	११	०	०	०	०	११	१३८	१६९९२८८	४३३.६
रसुवा	५	५	२७	४२१३३	२०८५	०	०	०	०
नुवाकोट	१२	१०	६२	१८१५३६	७९४	२	२६	९४२३९	२८५.६
धादिङ	१३	११	८१	२४६८८०	१७४२	२	२३	८९५४४	२९४
मकवानपुर	१०	८	७१	२२४८७९	१८२८	२	३१	१९४४९८	४५२.७
चितवन	७	१	७	२५०१२	१६७	६	९१	५४२९७६	११६७
प्रदेश जम्मा	११९	७४	५४२	१४९२८६७	१३९०५	४५	५७९	३९५०११७	५४८८
नेपाल	७५३	४६०	३२१६	९७२२५७३	९२९२२	२९३	३५२७	१६५१७९२५	४४०१३
प्रदेश प्रतिशत	१५.८	१६.०९	१६.८५	१५.३५	१४.९६	१५.३६	१६.४२	२३.९१	१२.४७

स्रोत : तथ्याङ्क विभाग, निर्वाचन आयोग र नापी विभागको विवरणमा आधारित

१.२.३ हावापानी

प्रदेशको धरातलीय विविधता अनुसार यहाँको हावापानीमा पनि विविधता रहेको छ । समुन्द्र सतहदेखि १४१ मिटर उचाईमा रहेको चितवनको गोलाघाटदेखि ७२२७ मिटर उचाईमा रहेको रसुवाको लाङटाङ हिमालसम्म फैलिएकोले यहाँ सबै प्रकारको हावापानी पाइन्छ । यस सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार छ ।

क. टुण्ड्रा हावापानी

समुद्र सतहदेखि ५,००० मिटरभन्दा बढी उचाइमा पाइने हावापानीलाई टुण्ड्रा हावापानी भनिन्छ । बाह्रै महिना हिउँ जम्छ, यहाँको तापक्रम ०° सेल्सियसभन्दा कम र प्रायः हिमपात भई रहने गर्छ । खासगरी दोलखाको गौरीशंकर हिमालको क्षेत्र, मेलुङत्से क्षेत्र, सिन्धुपाल्चोकको उत्तरी क्षेत्र र रसुवाको गोसाईकुण्ड क्षेत्रमा यो हावापानी पाइन्छ ।

ख. लेकाली हावापानी

हिमाली क्षेत्रको शुष्क र ठण्डा हावापानीलाई लेकाली हावापानी भनिन्छ । समुद्र सतहदेखि ३,३०० मिटरदेखि ५,००० मिटरसम्म पाइने यस्तो हावापानीमा गृष्म ऋतुमा तापक्रम १०° सेल्सियससम्म पुग्छ भने अघिपछि सामान्यतः माईनसमा रहन्छ । यो क्षेत्रमा सरदर ३० सेन्टीमिटरसम्म वर्षा हुने गर्दछ । दोलखा, सिन्धुपाल्चोक तथा रसुवा जिल्लाका माथिल्लो क्षेत्र र छिमेकी राष्ट्र चीनसँग सीमा जोडिएको क्षेत्रमा यो हावापानी पाइन्छ ।

ग. ठण्डा शीतोष्ण हावापानी

यस प्रकारको हावापानी समुन्द्र सतहवाट २००० मिटरभन्दा माथिका क्षेत्रहरूमा पाइन्छ । महाभारत श्रृंखला लगायतका क्षेत्रहरूमा पाइने गर्दछ । यी स्थानहरूको तापक्रम ० देखी १८ डिग्री सेल्सियससम्म हुने गर्दछ । यी क्षेत्रमा हिउँदमा हिमपातसमेत हुने गर्दछ ।

घ. समशीतोष्ण हावापानी

समुन्द्र सतहबाट करिव ११०० मिटरदेखि २००० मिटरसम्मको उचाईमा यस प्रकारको हावापानी पाइन्छ । यस क्षेत्रको तापक्रम २ देखि २८ डिग्री सेल्सियससम्म हुने गर्दछ । यस अन्तर्गत उत्तरको महाभारत लेकको माथिल्लो भाग पर्दछ । यो क्षेत्रको हावापानी न धेरै गर्मी र न धेरै जाडो हुन्छ । हिउँदमा शीत पर्दछ तर तुसारो पर्दैन । हिउँदमा केही दिन बाहेक हावापानी प्रायः सामान्य रहने र ग्रीष्म ऋतुमा वर्षा हुन्छ । सालाखाला ग्रीष्ममा २०० सेन्टीमिटरसम्म वर्षा हुन्छ र जम्मा वार्षिक वर्षा २००० मिलिमिटरसम्म हुन्छ ।

ङ. अर्धउष्ण हावापानी

समुन्द्र सतहदेखि १००० मिटरसम्म उचाईमा रहेका सुनकोशी नदी किनार र रोशी क्षेत्रको पूर्वी भाग तथा पाँचखाल उपत्यकाका साथै दक्षिणतर्फ सिवालिक क्षेत्रहरू यस प्रकारको हावापानी पाइन्छ । यस क्षेत्रको तापक्रम ५ देखि ३४ डिग्री सेल्सियससम्म हुने गर्दछ ।

च. उष्ण मौसमी हावापानी

यो हावापानी १४७ देखि लगभग ११०० मीटरसम्म भित्री मधेश वा मैदान भुभाग भावर र चुरे पहाडसम्म पाइन्छ । ग्रीष्ममा यहांको तापक्रम २७ देखि ३० डिग्री सेल्सियसको आसपासमा र हिउदे तापक्रम १० देखि १५ डिग्री सेल्सियसको बीचमा रहन्छ । मौसमी वायुले ग्रीष्ममा लगभग १५० सेन्टिमिटर सम्म वर्षा र जम्मा वार्षिक वर्षा लगभग १७०० मीलिमिटरसम्म हुन्छ । यो क्षेत्रमा ग्रीष्ममा प्राय आंधी आउने, भुमरी चल्ने र साथै वर्षा हुने गर्दछ । यो क्षेत्रमा हिउँदमा कमै वर्षा हुन्छ ।

१.२.४ महत्वपूर्ण धार्मिक स्थानहरू

यस प्रदेशमा पशुपतिनाथ र स्वयम्भूनाथ लगायतका महत्वपूर्ण धार्मिक स्थलहरु छन् । यी धार्मिक स्थनहरुको संक्षिप्त विवरण देहाय अनुसार छ । जिल्ला अनुसारका महत्त्वपूर्ण धार्मिक स्थलहरूको विवरण अनुसूची १.३ मा छ ।

क. पशुपतिनाथ

हिन्दुहरुको आराध्यदेव महादेवको रुपमा रहेको पशुपतिनाथको साक्षात मूर्ति सहितको परम पावन विश्व प्रशिद्ध मन्दिर नेपालको राजधानी काठमाण्डौको प्राचीन देवपत्तन (हाल काठमाडौं महानगरपालिका वडा ८ को बागमती नदी किनार) मा अवस्थित छ । यो क्षेत्र ऐतिहासिक, धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल हो । यो मन्दिर २४० हेक्टर क्षेत्रफलमा फैलिएको छ। पशुपतिनाथको मन्दिर सांस्कृतिक सम्पदा अन्तर्गत युनेस्कोको विश्व सम्पदा सूचीमा पर्दछ। काठमाडौं उपत्यकाकै प्राचीनतम् धार्मिकस्थल प्रमाणित भएकोले र अति प्राचीन पूजास्थल, मठ मन्दिर र मूर्तिहरू तथा प्राचीन अभिलेखहरू भएको हुनाले पशुपतिनाथको मन्दिर क्षेत्र खुला संग्रहालय जस्तै देखिन्छ । हिन्दुका अलावा अन्य धर्मावलम्वीहरुको समेत पशुपति क्षेत्र समान आस्था एवं श्रद्धाको केन्द्र बनेको छ । यस मन्दिरमा सदैव भक्तजनहरूको बाक्लो उपस्थिति हुने गर्दछ। खासगरी महाशिवरात्री, हरितालिका तीज, बालाचतुर्दशी, श्रावण महिनाको सोमबार यस मन्दिरमा मेला लाग्ने गर्दछ। पुराण, भाषा वंशावली, किम्वदन्ती र ऐतिहासिक सामग्रीहरूमा पशुपतिनाथको वर्णन गरेको पाइन्छ । पशुपति क्षेत्रमा विभिन्न सम्प्रदायका विभिन्न स्मारक एवं पुजास्थल पनि रहेका छन्। जन्म देखि मृत्यु सम्मका संस्कार सम्पन्न गरिने यस पावन स्थलमा वागमती नदीले यसको महिमा अझै बढाएको छ । नेपाल, भारत लगायतका हिन्दुहरूका लागि एक महत्वपूर्ण धार्मिक स्थलको रूपमा पशुपतिनाथ प्रख्यात रहेको छ ।

ख. बुढानिलकण्ठ

काठमाण्डौ उपत्यकाको उत्तरी दिशामा रहेको भगवान् बूढानीलकण्ठको मूर्ति निकै पुरानो हो। यो कुन समयमा, कसले बनाएका हुन् भन्ने कुरा स्पष्ट रुपमा पाइदैन। किंवदन्ती अनुसार एक जना किसानले आफ्नो

खेत खन्दा उक्त मूर्तिको खुट्टाको औंलामा चोट लाग्न गई रगत समेत देखिएकाले पछि सो स्थानमा उत्खनन गरी हेर्दा उक्त विशाल मूर्ति भेटिएको हो। त्यसैगरी देवमाला वंशावलीमा राजा श्रृषभदेवले बूढानीलकण्ठको स्थापना गरेका हुन् भन्ने कुरा पनि उल्लेख छ । राजा प्रताप मल्ल बूढानीलकण्ठको उक्त भव्य मूर्तिलाई त्यहाँबाट हनुमानढोका दरबार लगी चोकमा राख्न एवं प्रतिष्ठापन गर्न चाहन्थे। यत्तिकैमा राजालाई सपनामा यो मूर्ति यहाँबाट कहीं नलग्नु, स्थानान्तरण नगर्नु र तिमी र तिम्रा उत्तराधिकारीहरूले यो मूर्तिको दर्शन पनि नगर्नु, गरेमा अनिष्ठ हुनेछ भन्ने किवदन्ती रहेकोले नेपालका गद्दिनसिन राजा बूढानीलकण्ठको दर्शन गर्न गएको पाइदैन ।यस पवित्र तीर्थस्थलमा श्रावण महिनाभरका सोमवारहरू, एकादशीमा विशेष मेला लाग्ने चलन छ।

ग. चाँगुनारायण

यस मन्दिरको निर्माण लिच्छविकालिन राजा हरिदत्त बर्माले ईसापूर्व ३२३ मा बनाएको भन्ने भनाई पाइन्छ। नेपालको प्रसिद्ध तीर्थ स्थलमध्येको एक र प्राचिन पुरातात्विक शिलास्तभ समेत रहेको चाँगुनारायण मन्दिर भक्तपुर जिल्लामा अवस्थित छ। भक्तपुर नगरबाट ६ कि.मी. उत्तरमा रहेको चाँगुनारायण मन्दिर ऐतिहासिक, कलात्मक र धार्मिक दृष्टिकोणले मात्र नभई प्रमुख पर्यटकीय क्षेत्रको रूपमा पनि महत्वपूर्ण रहेको पाइन्छ । उपत्यकामा रहेको प्राचिन मन्दिरमा सवभन्दा पुरानो मानिने यस मन्दिरलाई सन् १९६९ मा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचिकृत गरिएको हो । तेलकोट भन्ज्याङ्गदेखि चाँगुनारायण आउने रुट उपत्यकाकै छोटो ट्रेकिङ्ग रुट काठमाडौं उपत्यकाको दृष्यावलोकका लागि पनि प्रसिद्ध छ।

घ. गोसाईंकुण्ड

गोसाइकुण्ड समुन्द्र सतह देखि ४३८० मिटरको उचाईमा अवस्थित छ । रसुवाको जिल्ला सदरमुकाम धुन्चे देखिपूर्व दिशामा करिब २० कि.मी. उकालो बाटोमा पर्ने घट्टेखोला, देउराली, ढिम्सा, चन्दनवारी, चोलाङपाटी, लौरीविना, बुद्ध मन्दिर, गणेश गौंडा हुँदै विभिन्न प्राकृतिक दृश्य र जंगली जनावरहरुको दृश्यावलोकन गर्दै यस कुण्डमा पुग्न सकिन्छ । पौराणिक कालमा शंकर महादेवले कालकुट विष पान गरेपछि विषको डाह शान्त पार्न पानीको खोजीमा हिड्दा त्यस ठाउँमा आफ्नो त्रिशुलले पहरामा प्रहार गरी पानीको मुल फुटाइ कुण्ड वनाइ सोही कुण्डमा डुवेर विषको जलन शान्त पारेको हुँदा यस कुण्डलाई गोसाईंकुण्डको नामले प्रसिद्ध भएको मान्यता पाइन्छ। वर्षेनी दशैं र जनैपूर्णिमामा यस कुण्डमा ठूलो मेला लाग्दछ।

ङ. कालिञ्चोक भगवती

दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट १७ किमी उत्तरमा (३,८५२ मिटरको उचाइँमा) अवस्थित यस देवीस्थल धार्मिक तथा पर्यटकीय दृष्टिकोणबाट महत्वपूर्ण रहेको छ । यस मन्दिरमा दशैं, कार्तिक पूर्णिमा र जनै पूर्णिमामा ठूलो मेला लाग्दछ । लालीगुराँस र चिमाल फूलले ढाकिएको वन क्षेत्र भएको यस ठाउँबाट दोर्जेलाक्पा, जुगल, गौरीशंकर, मेलुङ्गत्से, नुम्वुर लगायतका हिमालहरू र रमणीय प्राकृतिक दृष्यहरू अवलोकन

गर्न सकिन्छ । यो स्थानबाट सूर्योदय र सूर्यास्त निकै मनमोहक देखिनुका साथै यस स्थानमा याक र चौंरी पनि देख्न सकिन्छ । किम्वदन्ति अनुसार यस स्थानमा रहेका गुफाहरुमा पञ्च पाण्डव गुप्तवास बसेका थिए। कालिञ्चोक भगवती माईको दर्शन गरेमा मनले चिताएको कुरा पुग्छ भन्ने जनविश्वास रहेको छ । यस स्थानमा चरिकोटबाट कूरी गाउँसम्म मोटरबाटोबाट र त्यसपछि करिव एक घण्टा पदयात्राबाट पुग्न सकिन्छ।

च. भीमेश्वर मन्दिर

यसै गरी दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट ४ किलोमिटर उत्तर तर्फ रहेको प्राचीन दोलखा वस्तीमा अवस्थित यो देवस्थल आदिकालमा स्थापना भएको मानिन्छ । यस मन्दिरमा रहेको शिलालाई भीमसेन, रुद्र, भगवती तथा विष्णुको रुपमा पूजा गरिन्छ । यस भीमेश्वरको मूर्तिमा पसिना आएमा देशमा अनिष्ट हुन्छ भन्ने जनविश्वास रहेको छ । त्यसरी आएको पसिना कपासले पुछि राजदरवार पठाउने र राजदरवारबाट क्षमा पूजा गर्ने चलन रहेको थियो । नेपालमा राजतन्त्रको अन्त्य भएपछि सो कपास राष्ट्रपति समक्ष पठाउने गरिएको छ । दोलखा जिल्लाको आन्तरिक धार्मिक पर्यटनको प्रमुख आकर्षण रही आएको यस मन्दिरमा काठमाडौं उपत्यका, वरिपरिका जिल्लाहरू र विदेशबाट समेत दर्शनार्थीहरू आउने गरेका छन् । दैनिक चार पटक पूजा हुने यस मन्दिरमा वडा दशैं, चैते दशैं, एकादशी, बालाचतुर्दशी, वैशाख पूर्णिमा, कार्तिक पूर्णिमा आदि चाडपर्वहरूमा विशेष पूजा हुने गर्दछ । स्थानीयहरूले भीमसेनलाई ईष्टदेवताको रुपमा पनि पूजा गर्दछन् ।

छ. पलाञ्चोक भगवती

काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल न.पा.—९ (साविक साठ्घिर गाविस) मा अवस्थित यस पलाञ्चोक भगवतीको मन्दिर नेपालका शक्ति पिठहरू मध्येकै प्रमुखको रूपमा रहेको छ । यो मन्दिर बि.सं. ५६० तिर राजा मानदेवको पालमा पलाञ्चोकका सामन्तका पत्नी विजयास्वामिनी भन्नेले निर्माण गरेकी हुन् । यस मन्दिरमा पूर्णिमा, दशैं लगायतका चाडपर्वहरुमा विशेष मेला लाग्दछ । परापुर्वकाल देखिनै यस मन्दिरमा काठमाण्डौ मोखा टोलका बज्राचार्यहरू पूजारीको रूपमा रहँदै आएका छन् ।

ज. देवघाट

देवघाट पश्चिमोत्तर तर्फबाट बग्दै आएको कालीगण्डकी र पूवोत्तर क्षेत्रबाट बग्दै आएको त्रिशुलीको संगमस्थलमा पर्दछ । यो स्थान चितवन, तनहुं र नवलपरासी (बर्दाघाट सुस्तापूर्व) गरी ३ वटा जिल्लाको संगम स्थलको रुपमा रहेको छ । यो स्थल नारायणगढ बजारदेखि करिव ६ कि.मी. पश्चिमोत्तर कोणमा पर्दछ । कालीगण्डकी, त्रिशुली, मर्स्याङ्गदी, दरौंदी, सेती, मादी र बुढीगण्डकी गरी ७ गण्डकीको सामुहिक रुपलाई सप्तगण्डकी नामले सम्बोधन गरिएको कुरा हिमवत्खण्डमा उल्लेख भएको पाइन्छ । बिक्रमको सोह्रौं शताब्दीको अन्त्य र सत्रौं शताब्दीको शुरु तिरका पाल्पाली राजा मुकुन्द सेन प्रथम पनि यसै क्षेत्रमा आई करिव १२ वर्ष तपस्विको रुपमा रहेर त्यही प्राण विसर्जन गरेको पाइएको र ज्येष्ठ नागरिक आश्रमका लागि

समेत प्रसिद्ध मानिन्छ । देवघाट क्षेत्र अन्तर्गत तनहुँको धेरै भाग तथा चितवन र नवलपरासी (बर्दाघाट सुस्तापूर्व) को केही भाग पर्दछ ।

झ. स्वयम्भूनाथ

स्यवम्भूनाथ काठमाण्डौ उपत्यकाको पश्चिम दिशामा अवस्थित एक प्रसिद्ध बौद्ध स्तूप हो। यसलाई महाचैत्य पनि भनिन्छ । प्रचलित मान्यता अनुसार उपत्यकामा पानी भरिएको बेलामा यहाँ बिपस्वी बुद्ध आएर तीनपल्ट वरिपरीको पहाडमाई घुमेर नागार्जुनको टुप्पोमा बसी तपस्या गरेका थिए । प्राचिन किम्बदन्ती र स्वयम्भू पुराण अनुसार पहिले उपत्यका ठूलो तालको रुपमा थियो जसबाट कमलको फूलको उत्पत्ति भएको थियो । त्यसपछि यसको नाम स्वयम्भू रहन गएको हो जसको अर्थ "स्वयं उत्पत्ति भएको भूमि" भन्ने हुन्छ । बौद्ध धर्मावलीहरूको लागि पवित्र तीर्थस्थलको रूपमा मात्र होइन एक प्रमुख पर्यटकीय गन्तब्य भएको विश्च सम्पदा सुचीमा सुचिकृत प्रसिद्ध स्थल हो ।

ञ. बौद्धनाथ

काठमाडौँको बौद्धमा रहेको ३६ मिटर अग्लो बौद्धनाथ स्तूप दक्षिण एसियाकै ठूला स्तूपमध्ये एक हो । मण्डल आकारमा रहेको बौद्धनाथ स्तुपको निर्माण पाँचौं शताब्दीमा भएको हो । आठौं शताब्दीमा यसको जीर्णोद्धार गरिएको थियो । पाँचौ शताब्दीमा अर्थात् लिच्छविकालमा निर्माण गरिएको बौद्धनाथ निर्माण गर्दा १२ वर्ष लागेको बताइन्छ ।

ट. नमोबुद्ध

यस ऐतिहासिक क्षेत्र जिल्लाको मध्य—दक्षिण क्षेत्र नमोबुद्ध नगरपालिका (साविकको श्यामपाटी सिमलचौर गाविस) पर्दछ । बौद्धधर्मावलम्वीहरूको पवित्रस्थल रहेको यस स्थानमा बुद्ध पुर्णिमामा विशेष मेला लाग्ने गर्दछ । यस स्थानमा पवित्र बौद्ध गुम्वाहरू रहेका छन् ।

१.२.५ प्रमुख ऐतिहासिक गढीहरू

नेपालको सुरक्षाका लागि स्थापना गरिएका एतिहासिक गढीहरु मध्ये केही प्रमुख गढीहरु यस प्रकार रहेका छन् ।

मकवानपुर गढी : सेन राजाहरूले १९७ वर्षसम्म आफ्नो राजधानी बनाएको मकवानपुर गढी वि.सं. १६२२ मा लुवाङ सेनले बनाएको मानिन्छ। ऐतिहासिक, पुरातात्विक र सामरिक दृष्टिले पनि महत्पूर्ण रहेको यो गढी आजको मकवानुपर जिल्ला सदरमुकाम हेटौंडाबाट करीब १७ किलोमिटर उत्तर–पूर्वमा पर्छ। मकवानपुर जिल्लामा रहेको ऐतिहासिक तथा पर्यटकीय महत्वको स्थान हो ।

सिन्धुलीगढी : सिन्धुली जिल्लामा रहेको सिन्धुलीगढी प्राकृतिक सुन्दरता एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण स्थान मानिन्छ । काठमाडौंबाट करबि १ सय ५० किलोमिटर दक्षिणपूर्वमा ४ हजार ६ सय ४८ फिट उचाइमा रहेको यो क्षेत्र ऐतिहासिक रुपमा सुरक्षाको दृष्टकोणले महत्वपुर्ण मानिन्छ । सिन्धुलीगढी नेपाल-अंग्रेज युद्धको जीवित दस्तावेज हो । त्यस क्षेत्रमा निर्माण गरएिका अप्ठ्यारा खाल्डा, शत्रुलाई आक्रमण गर्न बनाइएका आड तथा दुर्गहरू अहिले अचम्मलाग्दा देखिन्छन् । यो क्षेत्र घुम्दा त्यसबेला नेपाली योद्धाले गर्ने युद्ध रणनीतिको अनुमान लगाउन सकिन्छ । सिन्धुलीगढी दरबारलाई पुनर्निर्माण गरी थप आकर्षक बनाइएको छ । यो दरबार हेरेपछि 'सिन्धुलीगढी घुमेर हेर्दा सुन्तली माई कति न राम्रो दरबार' गीतको सम्झना आउँछ।

रसुवागढी : नेपाल-चीन सीमानामा पर्ने रसुवागढी करिव डेढ शताब्दी पुरानो ऐतिहासिक गढी नेपाल चिनबीचमा रहेको महत्वपुर्ण सुरक्षा गढी मानिन्छ । नेपाल चीनबीचको व्यापारिक सम्बन्धलाई जोड्ने यस गढीको वि.सं १९१२ सालमा निर्माण भएको थियो।

१.२.६ प्रमुख ताल र कुण्डहरू

यो प्रदेश ताल, कुण्ड तथा सिमसारीय महत्त्व राख्ने प्रदेश हो।यस प्रदेशमा २० हजारीय ताल, गोसाईकुण्ड, च्छोरोल्पा हिमताल, जट पोखरी, पाँच पोखरी तथा बहुलाह पोखरीजस्ता महत्वपूर्ण सम्पदाहरू यहा रहेका छन। ताल तथा कुण्डको सङ्ख्या तालिका १.५ छ ।

तालिका १.५ : प्रमुख ताल र कुण्डहरू

सि.नं.	जिल्ला	तालको संख्या	तालको नाम
१.	सिन्धुली	२	कुण्ड र पंचकन्या
२.	रामेछाप	१	जट पोखरी, पाँच पोखरी
३.	दोलखा	३	च्छोरोल्पा हिमताल
४.	सिन्धुपाल्चोक	१	रैथानेश्वरी पोखरी
५.	काभ्रेपलाञ्चोक	०	ताल नभएको
६.	ललितपुर	८	बोजेपोखरी, बोकेदह, गोदावरी कुण्ड, लगनखेल पोखरी, नाग दह, पिमबहाल पोखरी, सदर चिडीयाखाना भित्रको पोखरी
७.	भक्तपुर	५	कमल पोखरी, नाग पोखरी, नु पुखु, बोडेगाँउ पोखरी, सिद्ध पोखरी
८.	काठमाडौं	५	गहनापोखरी, इखापोखरी, कमलपोखरी, नागपोखरी, रानीपोखरी, गहनापोखरी र टौ दह
९.	रसुवा	२	गोसाई कुण्ड, भैरव कुण्ड (३००० मी भन्दा माथीका)
१०.	नुवाकोट	१	सजरकुण्ड
११.	धादिङ्	०	ताल नभएको
१२.	मकवानपुर	१	कुलेखानी (इन्द्रसरोबर)
१३.	चितवन	७	अन्चना ताल, विसहजारी ताल, घैला ताल, खगेरी ड्याम, चितवन रा.नि. भित्रका तालहरू, रानी पोखरी, राइनो ताल

स्रोतः राष्ट्रिय ताल संरक्षण विकास समिति, २०१८

१.२.७ प्रमुख हिमश्रृखला र हिमालहरू

यस प्रदेशमा रहेको लाङटाङ हिमश्रृंखला र गौरीशंकर हिमश्रृंखला गरी दुईवटा हिमश्रृंखला पर्यटनका दृष्टकोणले महत्वपुर्ण रहेका छन् । नेपालमा ५ हजार मिटर भन्दा माथिका हिमचुचुराको सङ्ख्या ४१४ वटा रहेकोमा यस प्रदेशमा ६१ वटा छन् । यस प्रदेशमा रहेको अग्लो चुचुरा लाङ्टाङ् लिरूङ् ७२२७ मिटर, लाङ्टाङ् र ७२०५ मिटर, गौरीशंकर ७१३५ मिटर उचाई रहेको छ । यस प्रदेशमा रहेका प्रमुख हिमचुचुराको विवरण अनुसूची १.४ मा संलग्न छ ।

१.२.८ प्रमुख नदी प्रणालीहरू

यस प्रदेशमा १० वटा उपजलाधार प्रणालीहरू (Sub-basins) र ३३ वटा मुख्य नदीहरू रहेका छन । यी मध्ये सबभन्दा लामो नदी सुनकोशी रहेको छ जसको लम्बाई १६०.१९ कि.मी. रहेको छ भने सबभन्दा छोटो नदी लालबकैया रहेको छ जस्को लम्बाई १.८९ कि.मी छ । थप विवरण अनुसूची १.५ मा छ ।

तालिका १.६ उपजलाधार प्रणाली

क्र.सं.	उपजलाधार प्रणालीहरू	क्षेत्रफल (वर्ग कि.मी.)	क्षेत्रफल (प्रतिशत)
१	वागमती	२८४५.९३	१४.०२
२	बुढी गण्डकी	९६५.८४	४.७६
३	कमला	९६७.४३	४.७७
४	तल्लो नारायणी	३३८४.१४	१६.६७
५	तल्लो सुनकोशी	१३६१	६.७०
६	लिखु	१३०४.४६	६.४३
७	लाल बकैया	३७४.४९	१.८४
८	तामाकोशी	२१६२.८१	१०.६५
९	त्रिशुली	३९२८.५६	१९.३५
१०	माथिल्लो सुनकोशी	३००५.५३	१४.६१

स्रोतः भू तथा जलाधार संरक्षण बिभाग, काठमाडौं

१.२.९ भू-उपयोगको अवस्था

यस प्रदेशको कुल जमिनको ५३.७ प्रतिशत (१०९००८५ हेक्टर) जमिन वनले र ७.५७ प्रतिशत (१५३७५९ हेक्टर) झाडी बुट्यानले गरी कुल ५९.२७ प्रतिशत (१२४३८४४ हेक्टर) जमिन बन क्षेत्रले ओगटेको छ भने २४.३४ प्रतिशत (४९४०८४ हेक्टर) जमिनमा खेती भएको देखिन्छ । सबैभन्दा थोरै

जमिन ३०७ हेक्टर (०.०२ प्रतिशत) ताल पोखरीले ओगटेको देखिन्छ ।थप विवरण तालिका १.७ मा दिइएको छ।

तालिका १.७ : यस प्रदेशको भू-उपयोगको अवस्था

भु-उपयोगको अवस्था	क्षेत्रफल (हेक्टर)	क्षेत्रफल (प्रतिशत)
खेती भएको जमीन	४९४०८४	२४.३४
वन	१०९००८५	५३.७
झाडी/ बुट्यान	१५३७५९	७.५७
निर्माण भएको जमिन	२७२०	०.१३
खुल्ला जमिन	२३१३२४	११.४
हिमनदी/ हिमताल (Glacier)	७३९५	०.३६
ताल/ पोखरी	३०७	०.०२
वालुवा	१११३३	०.५५
जल क्षेत्र (Water body)	३९१९३	१.९३
जम्मा	२०३००००	१००.००

स्रोतः भू तथा जलाधार संरक्षण बिभाग, काठमाडौं

१.२.१० प्रमुख जातजाति तथा भाषाभाषी

जातिगत रूपमा यस प्रदेशमा मुख्यतः तामाङ (२०.४२ प्रतिशत), पहाडी ब्राह्मण (१८.२८ प्रतिशत), क्षेत्री (१७.२८ प्रतिशत) र नेवार (१६.९२ प्रतिशत) समुदाय रहेका छन् भने १०४ वटा जातिहरू (अन्य समेत) को उपस्थिति १ प्रतिशत भन्दा कम सङ्ख्यामा छ । यस प्रदेश अन्तर्गतका जिल्लाका प्रमुख पाँच जातजाती तथा समुदाय र भाषाभाषीको विवरण तालिका १.८ मा छ ।

तालिका १.८ : प्रमुख जातजाति तथा भाषाभाषी

जिल्ला	प्रमुख पाँच जाति तथा समुदाय	तीन प्रमुख भाषीहरू
सिन्धुली	तामाङ(२६.८७),मगर (१४.९०), क्षेत्री (१३.६६), पहाडी ब्राहमण (७.७९), नेवार (६.२८)	नेपाली (४८.१८), तामाङ (२६.०२), मगर (१०.८४)
रामेछाप	क्षेत्री (२६.८७), तामाङ (१९.१७), नेवार (१४.५०), मगर (११.१२), पहाडी ब्राहमण (४.८५)	नेपाली (५९.४६), तामाङ (१८.२१), नेवारी (६.८५)
दोलखा	क्षेत्री (३३.४१), तामाङ (१६.७८), नेवार (९.३८), पहाडी ब्राहमण (९.२०) रथामी (८.९२)	नेपाली (६५.२४), तामाङ (१५.८४) रथामी (७.९७)
सिन्धुपाल्चोक	तामाङ (३४.२५), क्षेत्री (१८.२३), नेवार (११.११), पहाडी ब्राहमण (१०.३३), कामी (३.८८)	नेपाली (५३.४०), तामाङ (३२.६०), नेवारी (५.९१)

जिल्ला	प्रमुख पाँच जाति तथा समुदाय	तीन प्रमुख भाषीहरू
काभ्रेपलाञ्चोक	तामाङ्ग (३४.०१), पहाडी ब्राहमण (२१.५३), क्षेत्री (१३.६९), नेवार (१३.२७), मगर (३.८२)	नेपाली (५०.८८), तामाङ्ग (३३.४९), नेवारी(११.१४)
ललितपुर	नेवार (३३.२४), क्षेत्री (१८.८६), तामाङ्ग (१३.११), पहाडी ब्राहमण (१३.०४), मगर (४.६९)	नेपाली (४७.७४), नेवारी(२९.६८), तामाङ्ग(११.३४)
भक्तपुर	नेवार (४५.५८), क्षेत्री (२०.०६), पहाडी ब्राहमण (१४.२३), तामाङ्ग (८.९४), मगर (२.२४)	नेपाली(४६.५३) नेवारी(४१.५५), तामाङ्ग (७.८२)
काठमाण्डौं	ब्राहमण (२३.५१), नेवार (२१.९७), क्षेत्री (१९.९४), तामाङ्ग (११.०३), मगर (४.०२)	नेपाली(६२.७०), नेवारी (१६.९४), तामाङ्ग (८.२८)
रसुवा	तामाङ्ग (६८.७८), हिमाली ब्राहमण (१५.०७), गुरुङ्ग (३.०८), क्षेत्री (२.५०), नेवार (२.३४)	तामाङ्ग (६७.३६), नेपाली(२६.९३), टिवेटन(१.७२)
नुवाकोट	तामाङ्ग (४२.८४), पहाडी ब्राहमण (१८.९४), क्षेत्री (१२.६०), नेवार (७.४४), राई (३.५९)	नेपाली(५४.६५), तामाङ्ग(३९.९५), नेवारी(१.९९)
धादिङ	तामाङ्ग (२२.०९), पहाडी ब्राहमण (१४.९८), क्षेत्री (१४.७२), नेवार (९.४०), मगर (८.५२)	नेपाली(७०.६२), तामाङ्ग (१९.९९), चेपाङ्ग (२.५१)
मकवानपुर	तामाङ्ग (४७.८२), पहाडी ब्राहमण (१४.०९), क्षेत्री (१०.७१), नेवार (६.२०), चेपाङ्ग।प्रजा (४.५७)	तामाङ्ग (४५.३०), नेपाली(४१.८७), नेवारी(४.०२)
चितवन	ब्राहमण (२८.५६), क्षेत्री (११.३६), थारु (१०.९२), तामाङ्ग (७.९७), गुरुङ्ग (६.७५)	नेपाली(७०.१४), थारु (१०.१६), तामाङ्ग(४.९२)

श्रोतः राष्ट्रिय जनगणना २०६८ बाट बिश्लेषित

१.३ वस्तुस्थिति विवरणको औचित्य

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मार्गमा सिंगो नेपाल अगाडि बढिरहेको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, भौगोलिक विविधतायुक्त यस प्रदेशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र अन्य प्रकारका विभेदहको अन्त्य गरी आर्थिक समृद्धि हासिल गर्दै समानता र सामाजिक न्याय सुनिश्चित गर्ने चुनौति प्रदेश सरकार समक्ष रहेको छ।

संविधानले परिकल्पना गरेको "दिगो शान्ति, सुशासन, विकास र समृद्धि" यस प्रदेशको पनि सपना हो जसले "हामी के चाहान्छौं" भन्ने जानकारी दिन्छ । आफ्नो सपना पूरा गर्ने संकल्प प्रदेश सरकारले लिएको छ । संघीय शासन प्रणालीको कार्यान्वयन नेपालको लागि नयाँ प्रयोग भएकोले बुद्धिमतापूर्ण ढङ्गले कार्य सञ्चालन गर्नु पर्ने हुन्छ । तसर्थ संघीय शासन प्रणालीको कार्यान्वयनका लागि आवश्यक पर्ने नीति, कानून लगायतका पुर्वाधार संरचना विनाको यस प्रदेशको विकासको यात्रालाई गन्तव्यसम्म पुर्याउन धेरै कार्य गर्नु पर्नेछ । यस वस्तुस्थित विवरण मुख्य गरी प्रदेशको विकासका लागि आवश्यक पर्ने गुरु योजना, आवधिक योजना, क्षेत्रगत नीति, योजना, रणनीति र कार्यक्रम बनाइ प्रभावकारी कार्यान्वयन गर्न सहयोगी हुनेछ ।

यो वस्तु स्थिति विवरण मार्फत यस प्रदेशको हालको अवस्थाको जानकारी हुने हुँदा अब हामीले कहाँ, के, कसरी, किन, केका लागि गर्ने भन्ने विषयलाई गन्तव्यमा पुर्याउन अध्ययन, खोज र अनुसन्धान गर्नका लागि महत्वपुर्ण दस्तावेजका रुपमा रहने गरी यो वस्तुस्थिति विवरण तयार गरिएको हो । यस विवरणले प्रदेशको परिचय मात्र दिदैन, अपितु प्रदेशको क्षमता, दुर्वलता, उपलब्ध अवसर र संभावनाहरू तथा समस्या र चुनौतिहरूका बारेमा महत्त्वपूर्ण जानकारी दिन्छ । "हामी कसरी अगाडि बढ्छौं" भन्ने मार्गचित्र निक्यौंल गर्न तथा योजना वैङ्क तयार गरी कार्यान्वयन गर्नका लागि यो वस्तुस्थिति विवरण महत्वपूर्ण हुनेछ ।

विकासका मोडलहरु मध्ये कुन मोडेल अपनाउँछौं, संघीय, प्रदेश र स्थानीय सरकारसँगको अन्तरसम्बन्ध कस्तो हुने विकासमा निजी क्षेत्रको भूमिका कस्तो हुने, सहकारी र गैरसरकारी क्षेत्र तथा नागरिक समाजले के कस्तो भूमिका खेल्न सक्छन्, विकासका साझेदारको भूमिका कहाँ र कस्तो हुनसक्छ, विषयगत विज्ञहरूको भूमिका कहाँ र कस्तो हुनसक्छ र के कस्तो संगठनात्मक संरचना र जनशक्ति आवश्यक पर्छ भन्ने लगायतका कार्यमा आवश्यक स्पष्ट मार्ग निर्देशन गर्न सक्नेछ।

१.४ वस्तुस्थिति विवरणको उद्देश्य

यस प्रदेशको जनसाङ्ख्यिक, आर्थिक, सामाजिक, पुर्वाधार लगायतका विषयवस्तुहरूको अवस्थालाई चित्रण गर्नु यस वस्तुस्थिति विवरण दस्तावेजको मूल उद्देश्य हो। यसका विशिष्ट उद्देश्यहरू देहाय अनुसार छन्:

क. प्रदेशको आधारभूत सूचनाहरूको एकीकृत अभिलेख तयार गर्ने,

ख. संघीय र प्रादेशिक सरकारले तर्जूमा गर्ने योजना, नीति र कार्यक्रमहरूको सान्दर्भिकतालाई पुष्टी गर्न तथ्यगत आधार प्रस्तुत गर्ने, र

स्रोत हो । वन क्षेत्रले गरीव, महिला, दलित र उपेक्षित वर्गलाई समेत समुदायमा आधारित वन व्यवस्थापनका माध्यमले राष्ट्रिय मूल प्रवाहमा समावेशीकरण गर्दै गाउँस्तरसम्म विकेन्द्रीकरण र सुशासनको प्रत्याभूति दिन योगदान गरेको छ । वनक्षेत्रले नेपालको वहुमूल्य जडीवुटी लगायतका जैविक स्रोतलाई परिचालन गरीविश्व वजारसम्म पुऱ्याई आर्थिक उन्नति गर्न सक्ने प्रचुर संभावनाहरु पनि वोकेको छ । यस प्रदेशमा कुल १०,९०,८७६ हेक्टर क्षेत्रफल वनले ओगटेको छ ।

३.३.१ वन क्षेत्रको अवस्था

वन क्षेत्र तथा संरक्षित क्षेत्रका हिसाबले यो प्रदेश अन्य प्रदेश भन्दा धनी रहेको छ । यस प्रदेशले ओगटेको वन क्षेत्र राष्ट्रिय औसत भन्दा बढी रहेको छ । यस प्रदेशले कुल वन क्षेत्रको १६.५ प्रतिशत ढाकेको छ।

यस प्रदेशमा चितवन, लाङ्टाङ, शिवपुरी नागार्जुन र पर्सा गरी ४ वटा राष्ट्रिय निकुञ्ज र गौरीशंकर संरक्षित क्षेत्र रहेको छ । चितवन राष्ट्रिय निकुञ्जले ओगटेको कूल वन क्षेत्रको ७४% वन क्षेत्र चितवन जिल्लामा पर्दछ भने, १५ प्रतिशत पर्सा, ७ प्रतिशत मकवानपुर र ४ प्रतिशत नवलपरासी सुस्ता पूर्वको जिल्लामा पर्दछ । यसैगरी लाङ्टाङ राष्ट्रिय निकुञ्जले ओगटेको वन क्षेत्र रसुवा, नुवाकोट र सिन्धुपाल्चोकमा फैलिएको छ। पर्सा राष्ट्रिय निकुञ्जमा यस प्रदेशका मकवानपुर र चितवन जिल्ला समेत पर्दछन् । स्थानीय तहको वन सम्बन्धी विवरण तालिका ३.२३ र ३.२४ मा छ । स्थानीय तह अनुसार वनक्षेत्रको अवस्था अनुसूची ३.३ मा छ।

तालिका ३.२३ स्थानीय तह अनुसार वन क्षेत्रको अवस्था

स्थानीय तहको प्रकार	क्षेत्रफल (हे.)		वन क्षेत्र (%)	
	जम्मा जग्गा	वन क्षेत्र	ओगटेको वन क्षेत्र	कुल वन क्षेत्रको
गाउँपालिका	१३५५९७८	७१९४५५	५३.१	७३.३
नगरपालिका	४७१५०७	२३४१४१	४९.७	२३.८
उपमहानगरपालिका	२६०८४	१२५९३	४८.३	१.३
महानगरपालिका	५१७३९	१५९७६	३०.९	१.६
कुल जम्मा	१९०५३०८	९८२१६५	५१.५	१००

स्रोतः वन अनुसन्धान तथा सर्वेक्षण विभाग, प्रकाशन नं. ५, २०१८

तालिका ३.२४ : जिल्लागत रुपमा वन क्षेत्रले ढाकेको विवरण

जिल्ला	क्षेत्र	वन	अन्य जमिन	रूखले ढाकेको क्षेत्र	बुट्यान	जम्मा
सिन्धुली	चुरे	९६,६४९	४६,६७०	३३७		१४३,६५७
	मध्य पहाडी	६८,४५०	३५,२३७	७११	५४९	१०४,९४६
रामेछाप	तल्लो भूभाग	१९,०४०	८,९२२	९९५		२८,९५७
	मध्य पहाडी	४३,४२३	६२,९२७	३२८	४१२	१०७,०९०
	उच्च हिमाली	२,७८५	१५,३३१	२,३९१		२०,५०६

जिल्ला	क्षेत्र	वन	अन्य जमिन	रूखले ढाकेको क्षेत्र	बुट्यान	जम्मा
दोलखा	तल्लो भूभाग	६३,७२९	२६,५१०	२,७४९	१३५	९३,१२३
	मध्य पहाडी	२२,४८६	२४,७१६	७२		४७,२७४
	उच्च हिमाली	१०,८७७	५५,८०२	७,७९५		७४,४७४
सिन्धुपाल्चोक	तल्लो भूभाग	७५,६७७	३८,२०८	१,१६२	७०	११५,११७
	मध्य पहाडी	३६,१०४	४१,४८६	५२२	१५२	७८,२६४
	उच्च हिमाली	२,०२३	५३,४४७	१५४	२१	५५,६४५
काभ्रेपलाञ्चोक	तल्लो भूभाग	५१६	२२९			७४६
	मध्य पहाडी	७२,०१७	६३,९०६	२,०७३	७०२	१३८,६९७
ललितपुर	तल्लो भूभाग	२४२	३४८	१		५९१
	मध्य पहाडी	२३,६८२	१४,८७६	३१८	२१६	३९,०९३
भक्तपुर	मध्य पहाडी	२,४५९	९,८३६	१५		१२,३११
काठमाडौं	मध्य पहाडी	१५,१२९	२६,०८२	६७	८३	४१,३६१
रसुवा	तल्लो भूभाग	४६,४०६	२२,२८१	२,०७३	१५८	७०,९१८
	मध्य पहाडी	६५८	१,४४६	५	४१	२,१५०
	उच्च हिमाली	२,७५६	७१,६४०	२,६५८		७७,०५४
नुवाकोट	तल्लो भूभाग	१२,९४५	७,०३६	५१९		२०,५००
	मध्य पहाडी	३६,१४७	५६,२४८	१३१	१,९६६	९४,४९२
	उच्च हिमाली	३३१	३९९४			४३२५
धादिङ्	मध्य पहाडी	५८,५१२	७०,२०७	२१२	८४४	१२९,७७५
	उच्च हिमाली	२,६५२	११,४१९	३,१७१		१७,२४२
मकवानपुर	चुरे	८९,९९६	४८,६२३	१,६८२		१४०,३०१
	मध्य पहाडी	७३,९४७	२९,२०९	२२५	६८३	१०४,०६५
चितवन	चुरे	११५,३८६	६७,७०३	५,६०८		१८८,६९७
	मध्य पहाडी	२६,२८२	८,७७९	१५४	५९	३५,२७३

स्रोत : वन क्षेत्र सर्वेक्षण, वन मन्त्रालय, २०१६

३.३.२ राष्ट्रिय निकुञ्ज, मध्यवर्ति क्षेत्र तथा वन्यजन्तु आरक्ष

राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्रका हिसावले यो प्रदेश सुन्दर छ । नेपालभर रहेका १२ वटा राष्ट्रिय निकुञ्जहरू मध्ये यस प्रदेशमा ४ वटा छन् । यस प्रदेशमा नेपालका कुल १३ वटा मध्यवर्ति क्षेत्रमध्ये ४ वटा छन् । यस प्रदेशमा एउटा संरक्षण क्षेत्र छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्याङ्क अनुसार यस प्रदेशमा रहेका निकुञ्ज तथा आरक्षको विवरण तालिका ३.२५, ३.२६ र ३.२७ मा छ ।

तालिका ३.२५ निकुन्ज तथा आरक्षणको विवरण

क्र.सं.	संरक्षित क्षेत्र	क्षेत्रफल	समेटिएको जिल्ला र क्षेत्रफल
राष्ट्रिय निकुन्ज			
१	चितवन राष्ट्रिय निकुन्ज	९५२.६३	चितवन(७४%), पर्सा (१५%), मकवानपुर (७%) र नवलपरासी (४%)
२	लामटाङ राष्ट्रिय निकुन्ज	१७१०	रसुवा, नुवाकोट, सिन्धुपाल्चोक
३	शिवपुरी नागार्जुन राष्ट्रिय	१५९	काठमाण्डौं, सिन्धुपाल्चोक, नुवाकोट र धादिङ
४	पर्सा राष्ट्रिय निकुन्ज	६२७.३९	पर्सा, बारा, मकवानपुर र चितवन
	जम्मा:	३४४९.०२	
	नेपालको जम्मा	११८०६.०२	
	प्रदेशको %	२९.२१	
मध्यवर्ती क्षेत्र			
१	चितवनराष्ट्रिय निकुन्ज	७५०	
३	लामटाङराष्ट्रिय निकुन्ज	४२०	
४	पर्साराष्ट्रिय निकुन्ज	२८५.३	
५	शिवपुरीनागार्जुन राष्ट्रिय निकुन्ज	११८.६१	
	जम्मा:	१५७३.९१	
	नेपालको जम्मा :	५७०८.४१	
	प्रदेशको %	२७.५७	

स्रोतः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग।

तालिका ३.२६: संरक्षितक्षेत्रको बार्षिक पर्यटक सङ्ख्या

क्र.स.	संरक्षित क्षेत्र	आर्थिक वर्ष			
		२०७०/७१	२०७१/७२	२०७२/७३	२०७३/७४
१	चितवन राष्ट्रिय निकुन्ज	१७३४२५	१७८२५७	८७३९१	१३९१२५
२	लामटाङ राष्ट्रिय निकुन्ज	१२५५२	१२२६५	५०१६	८२५४
३	शिवपुरी -नागार्जुन राष्ट्रिय निकुन्ज	१८०४६४	१३८०८४	१४३३५२	२०५७४७
४	पर्सा वन्यजन्तु आरक्ष	३७९	२६३	२३५	४१७
प्रदेश नं. ३ को जम्मा :		**३६६८२०**	**३२८८६९**	**२३५९९४**	**३५३५४३**
नेपालको जम्मा:		५५८५७७	५१७०९५	३८९२२३	६०४०९१
प्रदेश नं. ३ को %		**६५.६७**	**६३.६**	**६०.६३**	**५८.५२**

स्रोतः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग ।

तालिका ३.२७: संरक्षित क्षेत्रको राजस्व आम्दानी

क्र.स.	कार्यालय	आम्दानी (रू हजारमा)			
		२०७०/७१	२०७१/७२	२०७२/७३	२०७३/७४
१	राष्ट्रियनिकुन्ज विभाग	४७३१२	५६५७१	३९४९९	५७४३२
२	चितवनराष्ट्रिय निकुन्ज	२४६९१३	२४६५२९	११६८५४	२०१५०९
५	लामटाङराष्ट्रिय निकुन्ज	४३७५०	४१८०४	१६२११	३३१५१
१०	शिवपुरीनागार्जुन राष्ट्रिय निकुन्ज	१०३७५	१६७३९	१६१६०	२३५०३
१३	पर्साविन्यजन्तु आरक्ष	२०२०	५८३५	४९६२	६३६६

क्र.स.	कार्यालय	आम्दानी (रू हजारमा)			
		२०७०/७१	२०७१/७२	२०७२/७३	२०७३/७४
	प्रदेशको जम्मा:	**३५०३७०**	**३६७४७८**	**१९३६८६**	**३२१९६१**
	नेपालको जम्मा	५३०८५०	५३५२२२	३५०२०४	५५२७३६
	प्रदेशको %	६६	६८.६६	५५.३१	५८.२५

स्रोतः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७४

३.३.३ चुरे क्षेत्र

प्रदेशको कुल क्षेत्रफलको २३.३५ प्रतिशत क्षेत्रफल चुरे क्षेत्रले ओगटेको छ । यस प्रदेशको १३ जिल्लामध्ये ५ वटा जिल्लाका केही भुभाग चुरे क्षेत्रमा पर्दछ । चितवन जिल्लामा सवैभन्दा वढी ८४.३२ प्रतिशत क्षेत्र चुरे क्षेत्रले ओगटेको छ भने सवैभन्दा कम ०.५३ प्रतिशत क्षेत्रफल काभ्रेपलाञ्चोक जिल्लामा रहेको छ । जिल्लागत रूपमा चुरे क्षेत्रको विवरण तालिका ३.२८ मा छ ।

तालिका ३.२८: चुरे क्षेत्रको विवरण

सि.नं.	जिल्ला	जिल्लाको कुल क्षेत्रफल (हे.)	चुरेले ढाकेको क्षेत्रफल (हे.)	चुरेले ढाकेको क्षेत्रफल प्रतिशत
१	सिन्धुली	२,४८,६०४	१,४३,४९७	५७.७२
२	काभ्रेपलाञ्चोक	१,३९,४४३	७४५	०.५३
३	ललितपुर	३९,६८४	५९०	१.४९
४	मकवानपुर	२,४४,३६६	१,४०,२९७	५७.४१
५	चितवन	२,२३,९७०	१,८८,८५८	८४.३२
	जम्मा		४,७३,९८८	

स्रोतः वन विभाग, २०७५

३.३.४ प्रदेशमा पाइने नरम र कडा काठ प्रजाति

यस प्रदेशमा मुख्य ३ किसिमका हावापानी पाइने भएकोले सो हावापानी अनुसार विभिन्न प्रजातिका काठहरु पाईन्छन् । चितवन, मकवानपुर, सिन्धुली तथा पहाडी जिल्लाहरु जस्तै काभ्रे, सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट जिल्लाहरुका नदीको खोचहरुमा उष्ण प्रदेशीय प्रजातिका साल, कर्मा, असना लगायतका रुखहरु पाइन्छन् । यस्तै मध्य पहाडी जिल्लाका डाँडाहरुमा खोटे सल्ला, चिलाउने, ओखर जातका काठ हुने प्रजातिहरु पाइन्छन् । हिउँ पर्ने उच्च हिमाली जिल्लाहरु जस्तै रसुवा, दोलखाका माथिल्लो भागमा खोटे सल्ला, गोव्रे सल्ला, झुले सल्ला, ढेग्रे सल्ला, ठिगुरे सल्लाहरु पाइन्छन् । काभ्रे, सिन्धुपाल्चोक तथा दोलखा जिल्लाहरुमा वाहिरी देशवाट ल्याइएका र वृक्षारोपण गरिएका पाटुला सल्ला पनी पाइन्छ । यस प्रदेशमा पाइने काठ प्रजातिको विवरण तालिका ३.२९ मा छ।

तालिका ३.२९ प्रदेशमा पाइने काठ प्रजातिको विवरणः

क्र.सं.	क्षेत्र र जिल्ला	नरम काठ प्रजाति		कडा काठ प्रजाति
क	**हिमाली क्षेत्र**			
	जिल्लाको नाम	**कोणधारी प्रजाति**	**चौडापात प्रजाति**	**चौडापात प्रजाति**
१	दोलखा	खोटे सल्ला, गोब्रे सल्ला, झुले सल्ला, ढेग्रे सल्ला, ठिगुरे सल्ला, पाटुला सल्ला	उतिस, भोटेपिपल	ओखर, खस्रु, पैयु, लाकुरी धुपी (कोणधारी)
२	रसुवा			
ख.	**मध्य पहाडी क्षेत्र**			
३	रामेछाप	खोटे सल्ला, गोब्रे सल्ला	उतिस, भोटेपिपल, आँप, मसला, सिरिस, वैंस	साल, कर्मा, असना, खैर, शिशौ, वोट धगेरो, जामुन, खस्रु, शिशौ, कटहर, सिरिस,
४	सिन्धुपाल्चोक	खोटे सल्ला, पाटुला सल्ला	उतिस, भोटेपिपल, आँप, मसला, वैंस	कटुस, साल, लाकुरी, सिरिस
५	काभ्रेपलाञ्चोक		उतिस, भोटेपिपल, आँप, मसला, सिरिस, वैंस	कटुस, साल, लाकुरी
६	ललितपुर	खोटे सल्ला	उतिस, भोटे पिपल, वैंस, मसला	कटुस, खस्रु, वाझ, फलाँट
७	भक्तपुर	खोटे सल्ला	उतिस, भोटे पिपल, वैंस	कटुस, खस्रु, वाझ, फलाँट
८	काठमाडौं	खोटे सल्ला	उतिस, भोटे पिपल, वैंस, मसला	कटुस, खस्रु, वाझ, फलाँट
९	नुवाकोट	खोटे सल्ला	उतिस, मलातो, वैंस, चाँप	साल, कर्मा, असना, खैर, शिशौ, वोट धगेरो, जामुन, कटुस, सिरिस,
१०	धादिङ्ग	खोटे सल्ला	उतिस, भोटेपिपल, आँप, मसला, सिरिस, वैंस	कटुस, साल, लाकुरी
ग.	**तराई तथा भित्री मधेस क्षेत्र**			
११	मकवानपुर	खोटे सल्ला, गोब्रे सल्ला	सिमल, कदम, दवदवे, गुटेल, लामपाते, भुरकुल, मल्लातो, टुनी, वैंस, मसला, गमारी, चाँप, आँप,	साल, कर्मा, असना, खैर, शिशौ, वोट धगेरो, जामुन, खस्रु, चिलाउने, सिरिस, कटहर
१२	सिन्धुली	खोटे सल्ला		साल, कर्मा, असना, खैर, शिशौ, वोट धगेरो, जामुन, मसला, सिरिस, कटहर
१३	चितवन	खोटे सल्ला		

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पार्श्वचित्र, २०७५, प्रदेश नं ३

३.३.५ जडिवुटी

यस प्रदेश हिमालदेखि पहाड तराईसम्म जोडिएको छ। सबै भन्दा धेरै जडीबुटी दोलखा, रसुवा र सिन्धुलीमा पाइन्छ। सिन्धुपाल्चोक, धादिङ, रामेछाप र मकवानपुरमा पनि प्रसस्तै जडीबुटीहरू पाइन्छ । यी जिल्लामा सतुवा, सुनाखरी, पाँचऔले, पाखनवेद, निरमसी, यार्सागुम्बा लगायत बहुमूल्य जडीबुटी पाइन्छन्। कतिपय जडीबुटी खोज अनुसन्धान हुन नसक्दा प्रयोगमा आउन सकेका छैन ।

नेपालको आर्थिक विकास र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा रहेका जडिवुटीहरु निम्नानुसार छन् । नेपालको आर्थिक विकास र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा रहेका जडिवुटीहरु संक्षिप्त विवरण तालिका ३.३० र ३.३१ मा छ।

तालिका ३.३० : प्राथमिकतामा रहेका जडिवुटीः

क्र. सं.	नाम	वैज्ञानिक नाम	क्र. सं.	नाम	वैज्ञानिक नाम
१	अतिस	Aconitum heterophyllum	१८	पिपला	Piper longum
२	अमला	Phyllanthus emblica	१९	बिष	Aconitum spicatum
३	ओखर	Juglans regia	२०	बोझो	Acorus calamus
४	कुट्टकी	Neopicrorhiza scrophulariiflora	२१	भ्याकुर	Dioscorea deltoidea
५	गुच्ची च्याउ	Morchellaspp.	२२	मजिठो	Rubia manjith
६	गुर्जो	Tinospora sinensis	२३	यार्सागुम्वा	Cordyceps sinensis
७	चिराइतो	Swertia chirayita	२४	रिठ्ठा	Sapindus mukorossi
८	जंगली सयपत्री	Tagetes minuta	२५	लघुपत्र	Podophyllum hexandrum
९	जटामसी	Nardostachys grandiflora	२६	लौठसल्ला	Taxus wallichiana
१०	झ्याउ	Lichens	२७	सुगन्धवाल	Valeriana jatamansii Jones
११	टिमुर	Zanthoxylum armatum	२८	सुगन्धकोकिला	Cinnamomum glaucescens
१२	तेजपात	Cinnamomum tamala	२९	सतावरी	Asparagus racemosus
१३	धसिंग्रे	Gaultheria fragrantissima	३०	सर्पगन्धा	Rauvolfia serpentina
१४	नीम	Azadirachta indica	३१	सतुवा	Paris polyphylla
१५	पदमचाल	Rheum austral	३२	काकोली	Fritillaria spinosa
१६	पाषणभेद	Bergenia ciliata	३३	कालो मुसली	Curculigo Orchioides
१७	पाचँऔले	Dactylorhiza hatagirea			

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पार्श्वचित्र, २०७५, प्रदेश नं ३

तालिका ३.३१ : खेती प्रविधि अनुसन्धान कार्यका लागि प्राथमिकता प्राप्त जडीवुटीहरु

क्र. सं.	नाम	वैज्ञानिक नाम	क्र. सं.	नाम	वैज्ञानिक नाम
१	पाचँऔले	Dactylorhiza hatagirea	८	गुर्जो	Tinospora sinensis
२	जटामसी	Nardostachys grandiflora	९	गुच्ची च्याउ	Morchella spp.
३	कुट्टकी	Neopicrorhiza scrophulariiflora	१०	यार्सागुम्वा	Ophiocordyceps sinensis
४	पिपला	Piper longum	११	सतुवा	Paris polyphylla
५	सर्पगन्धा	Rauvolfia serpentina	१२	काकोली	Fritillaria spinosa
६	चिराइतो	Swertia chirayaita	१३	कालो मुसली	Curculigo orchioides
७	लौठ सल्ला	Taxus wallichiana			

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पार्श्वचित्र, २०७५, प्रदेश नं ३

३.४ भूमी र भूमी व्यवस्था

३.४.१ भूमिको अवस्था र क्षमता

यस प्रदेशको कुल भूभाग मध्ये ९.८ प्रतिशत कृषिका लागि अति उपयुक्त भूभाग छ भने २३.६ प्रतिशत भूभागमा कान्ला बनाएर कृषि गर्न सकिने खालको छ । बुटयान र चरण क्षेत्रका लागि २२.६ प्रतिशत भूभाग उपयुक्त छ भने ३०.६ प्रतिशत भूभाग प्रकृति र बन्यजन्तु संरक्षणका लागि उपयुक्त छ । यसको बिस्तृत विवरण तालिका ३.३२ मा छ[4] ।

तालिका ३.३२ : भूक्षमता विवरण

क्षमता वर्ग	जमीनको क्षमताको विवरण	प्रदेश ३	नेपाल
१	लगभग समतल, गहिरो माटो र कृषिको लागि उपयुक्त	४.९	११.८
२	हल्का ढल्केको, गहिरो माटो, भू-क्षय रोक्न आवश्यक	४.९	४.८

[4]प्रस्तुत तथ्याङ्क सन १९७८ मा भएको जमीन स्रोत नक्शाङ्कन परियोजना (Land Resource Mapping Projetct/LRMP)ले तयार पारेको तथ्याङ्क हो । त्यसपछि यस प्रकारको नक्शाङ्कन भएको पाइदैन । प्रदेश ३ को जमीनको सम्बन्धमा उक्त तथ्याङ्कनले आधारभूत जानकारी दिनसक्ने भएकोले त्यसलाई नै यहाँ प्रस्तुत गरिएको हो ।

क्षमता वर्ग	जमीनको क्षमताको विवरण	प्रदेश ३	नेपाल
३	केही वा धेरै ढल्केको, गहिरो माटो, कान्ला (गरा) बनाउनै पर्ने	२३.६	१६.०
४	कान्ला बनाउन धेरै नै ढल्केको र कृषिका लागि अयोग्य, घाँस-दाउरा बुट्यानलाई उपयुक्त	३२.३	२५.५
५	उच्च पर्वतीय वा प्राय बाढीग्रस्त क्षेत्र, माटोको कम गहिराई, चरण क्षेत्रको लागि उपयुक्त	१.७	३.७
६	वनस्पति भएको, माटोको कम गहिराई, बन्यजन्तु र जलाधार क्षेत्र संरक्षण, मनोरंजन र पर्यटनको लागि उपयुक्त	२०.९	१८.०
७	ढुङ्गा र हिउँ	९.७	१८.२
८	खोला/ पानी	१.८	१.५
	अन्य	०.२	०.५
	जम्मा	**१००.०**	**१००.०**

स्रोतः नेपाल सरकार, भूमी स्रोत नक्शाङ्कन परियोजना (LRMP), 1978

३.४.२ गुठी जग्गा

गुठी संस्थानका अनुसार यस प्रदेशको चितवन बाहेक सबै जिल्लाहरूमा गुठी जग्गा रहेको छ । सबैभन्दा धेरै गुठी जग्गा (६७,३१९ रोपनी) सिन्धुपाल्चोकमा रहेको छ भने सबैभन्दा कम जग्गा (४५६ रोपनी) सिन्धुलीमा रहेको छ । गुठी अन्तर्गत गुठी अधिनष्थ[५], गुठी रैतान नम्बरी[६] र गुठी तैनाथी[७] गरी ३ किसिमका जग्गाहरू छन्। यस प्रदेशमा गुठी अधिनष्थ जग्गा सबैभन्दा धेरै (१५३८६९ रोपनी) रहेको छ । उक्त जग्गा नेपालको कुल गुठी अधिनष्थ जग्गाको ५६.३९ प्रतिशत हो । गुठी तैनाथी जग्गा सबैभन्दा कम (१०६८ रोपनी) रहेको छ। उक्त जग्गा नेपालको कुल गुठी तैनाथी जग्गाको ३.८३ प्रतिशत रहेको छ। गुठी जग्गासम्बन्धी थप विवरण तालिका ३.३३ मा छ ।

तालिका ३.३३ गुठी जग्गाको विवरण[८]

[५]व्यक्तिले कानून वमोजिम माहियानी हक प्राप्त गरेका, जग्गा धनि गुठी र मोही महलमा व्यक्ति जनिई दर्ता भएका, दर्तावाला मोहीले गुठीमा कुत बुझाउनु पर्ने र मोहीयानी हक खरिद विक्री हुने जग्गा

[६]गुठी संस्थान ऐन, २०३३ को दफा ३६ वमोजिम दर्तावाला मोहीका नाममा गुठी रैतान नम्वरी जग्गामापरिणत भई दर्ता भएका, जग्गा धनिको महलमा व्यक्तिको नाम लेखिई दर्ता भएका, दर्तावालाको हक र हैसियत सरकारी रैकर जग्गाको जग्गावाला सरह भएका र दर्तावालाले गुठीमा मालपोत बुझाउनु पर्ने जग्गा

[७]सम्पूर्ण हक अधिकार संस्थानमा भएका, अन्य कोही कसैको हक नभएका, संस्थानलेबन्दोबस्त गर्न पाउने, देवस्थल, पाटी, पौवा, सत्तल आदि रहेका, जात्रा पर्व आदि हुने स्थान समेतभएको जग्गा

[८]गुठी संस्थानबाट प्राप्त विवरणमा गुठी जग्गाको क्षेत्रफल कुनैमा रोपनी र कुनैमा विगाहामा उल्लेख भएकोले एकरूपता ल्याउनको लागि सबैलाई रोपनीमा रूपान्तर गरी प्रस्तुत गरिएको छ ।

क्र.सं.	जिल्ला	जग्गाको किसिम (रोपनीमा)			
		गुठी अधिनष्थ	गुठी रैतान नम्बरी	गुठी तैनाथी	जम्मा क्षेत्रफल
१	सिन्धुली	३४	४२२		४५६
२	रामेछाप	२१३३१			२१३३१
३	दोलखा	१३७७	१२४६		२६२३
४	सिन्धुपाल्चोक	१५६३१	५१६७७	११	६७३१९
५	काभ्रेपलाञ्चोक	२३१०८	२७८५	१३९	२६०३२
६	ललितपुर	२२६७	६१८१	८६	८५३४
७	भक्तपुर	३७०३१	७००९	१०२	४४१४२
८	काठमाडौ	१३९५७	१७७८८	७३०	३२४७५
९	रसुवा	५३१३			५३१३
१०	नुवाकोट	३०६०८			३०६०८
११	धादिङ	२७७९	२४४९५		२७२७४
१२	मकवानपुर	४३३	२९०२०		२९४५३
१३	चितवन				
प्रदेश		१५३८६९	१४०६२३	१०६८	२९५५६०
नेपाल		२७२८४२	११४४२८६	२७९१२	१४४५०४२
प्रदेश प्रतिशत		५६.३९	१२.२९	३.८३	२०.४५

स्रोत : गुठी संस्थान, २०७५

३.५ सहकारी

सहकारी विभागका अनुसार आ.व. ०७४ को असार मसान्तसम्मको विवरण अनुसार नेपालमा ३४५१२ वटा सहकारी छन् । यी सहकारी मध्ये यस प्रदेशमा ११५७७ वटा (३३.५४ प्रतिशत) छन । यस प्रदेशमा भएका सहकारीमध्ये बचत तथा ऋण सहकारी ५२.५४ प्रतिशत छन् भने नेपालमा त्यस्ता सहकारीहरू ३९.३४ प्रतिशत छ । सहकारीको प्रकृति अनुसारको विवरण तालिका ३.३४ मा छ भने जिल्ला अनुसारको विवरण अनुसुची ३.४ मा छ ।

तालिका ३.३४: सहकारीको प्रकृतिअनुसारको सङ्ख्यात्मक विवरण

क्र.सं.	जिल्ला	प्रदेश ३	प्रतिशत	नेपाल	प्रतिशत	समग्र प्रदेश ३ %
१	वचत तथा ऋण सहकारी	६०७१	५२.४४	१३५७८	३९.३४	४४.७१
२	वहुउद्देयीय	१४९२	१२.८९	४३७१	१२.६७	३४.१३
३	कृषि	२३०१	१९.८८	१०९२१	३१.६४	२१.०७
४	दुग्ध	७७३	६.६८	१६५८	४.८०	४६.६२
५	उपभोक्ता	२६७	२.३१	१४२३	४.१२	१८.७६
६	विधुत	५१	०.४४	४६३	१.३४	११.०२
७	तरकारी तथा फलफूल	८५	०.७३	१९३	०.५६	४४.०४

क्र.सं.	जिल्ला	प्रदेश ३	प्रतिशत	नेपाल	प्रतिशत	समग्र प्रदेश ३ %
८	चिया	१५	०.१३	१०८	०.३१	१३.८९
९	कफी	५४	०.४७	१५५	०.४५	३४.८४
१०	जडिवुटी	६६	०.५७	१८६	०.५४	३५.४८
११	मौरीपालन	२१	०.१८	९३	०.२७	२२.५८
१२	संचार	४२	०.३६	१४३	०.४१	२९.३७
१३	स्वास्थय	५१	०.४४	१२८	०.३७	३९.८४
१४	उखु	०	०.००	४८	०.१४	०
१५	जुनार	४४	०.३८	४५	०.१३	९७.७८
१६	अन्य	२४४	२.११	९९९	२.८९	२४.४२
१७	जम्मा	११५७७	१००.००	३४५१२	१००.००	३३.५४

स्रोत : सहकारी बिभाग, २०७४

स्थानीय तहगतरुपमा वन क्षेत्र (क्षेत्रफलको प्रतिशतमा)



उपत्यका	ललितपुर	भक्तपुर	काठमाडौं
महानगरपालिका	१.९७		२.१५
नगरपालिका	४९.९८	२०.१६	४१.४३
गाउँपालिका	७५.७४		

म. न.पा. = महानगरपालिका
उ.म. न.पा. = उप महानगरपालिका
न.पा. = नगरपालिका
गा.पा. = गाउँपालिका

परिच्छेद चार : पूर्वाधार क्षेत्र

४.१ जलविद्युत

विद्युत विकास विभागका अनुसार २०७५ वैशाख १२ गतेसम्ममा नेपालको कुल विद्युत उत्पादन १००६.८ मेगावाट छ भने यस प्रदेशमा ३४०.३ मेगावाट छ । यसरी उत्पादन भएको विद्युत मध्ये गण्डकी प्रदेशमा सबैभन्दा बढी ४५९.१ मेगावाट र सबैभन्दा कम कर्णाली प्रदेशमा ३.८ मेगावाट छ । यसैगरी यस प्रदेशमा २३२६.६ मेगावाट क्षमताको विद्युतगृहहरू निर्माणाधीन अवस्थामा छ जुन नेपालमा निर्माणको चरणमा रहेका ४ हजार ६ सय ४१ मेगावाट क्षमताको आयोजनाको ५० प्रतिशतभन्दा बढी हो । जलविद्युत सम्बन्धी विवरण तालिका ४.१ मा छ।

तालिका ४.१ : जलविद्युत उत्पादन स्थिति (मेगावाटमा)

विवरण	सञ्चालनमा रहेका आयोजनाको क्षमता	निर्माणाधित आयोजनाको क्षमता
प्रदेश ३	३४०.३	२,३२६.६
नेपाल	१००६.८	४,६४१.६
प्रदेश १	१२३.५	७६५.४
प्रदेश २	०.०	०.०
गण्डकी	४७९.१	१,४०४.३
प्रदेश ५	२१.७	१६.२
कर्णाली	३.८	३९.७
प्रदेश ७	३८.५	८९.३

स्रोत: नेपाल विद्युत प्राधिकरण, २०७५

नेपालमा बिद्युत उत्पादन गर्नका लागि २०७५ जेठसम्मका लागि अघि बढाइएका बिद्युत खरिद प्रक्रियाहरुको विवरण तालिका ४.२ मा छ। प्रकृयमा रहेका नेपालको कुल ६,२४५ मेगावाट मध्ये यस प्रदेशको हिस्सा १२.६४ प्रतिशत छ । गण्डकी प्रदेशमा सबैभन्दा धेरै ४६.९७ प्रतिशत र प्रदेश २ मा सबैभन्दा कम ०.३४ प्रतिशत अघि बढेको छ। यस प्रदेशमा सञ्चालित विद्युत आयोजनाको विवरण अनुसूची ४.१ मा, विद्युत खरीद प्रकृया अघि बढेका आयोजनाहरूको विवरण अनुसूची ४.२ मा र जलविद्युत आयोजनाहरूबाट प्राप्त रोयल्टी अनुसूची ४.३ मा राखिएको छ ।

तालिका ४.२ : मिति २०७५/०२/२० सम्ममा अघि बढेका बिद्युत खरिद सम्झौता (किलो वाटमा)

विवरण	प्रदेश ३	नेपाल	प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
जम्मा कि.वा.	७८९२३८	६२४५०४९	१७४८०९३	२१,०००	२९३२९८८	३,६८०	६०९,०००	१४१,०५०
प्रतिशत	१२.६४	१००.००	२७.९९	०.३४	४६.९७	०.०६	९.७५	२.२६

स्रोत: नेपाल बिद्युत प्राधिकरण, २०७५

४.२ यातायात पूर्वाधार

४.२.१ सडक

यस प्रदेशका सबै जिल्ला सदरमुकामहरूलाई कालोपत्रे सडकले जोडेको छ । जिल्ला सदरमुकामदेखि स्थानीय तहसम्म कुनै न कुनै किसिमको सडकले छोएको छ । नेपालको कुल राष्ट्रिय सडक मध्ये १९.०१ प्रतिशत र कुल ग्रामीण सडकहरूमध्ये २५.१२ प्रतिशत यस प्रदेशमा पर्दछ । यस सम्बन्धी संक्षिप्त विवरण तालिका ४.३ मा र विस्तृत विवरण अनुसूची ४.४ मा संलग्न छ ।

तालिका ४.३ : जिल्लागत रूपमा राष्ट्रिय र ग्रामीण सडक तथा सडक घनत्व

सि.नं.	जिल्ला	राष्ट्रिय सडक (कि.मी.)	ग्रामीण सडक (कि.मी.)	ग्रामीण सडक घनत्व (प्रति १०० वर्गकि.मी. क्षेत्रमा सडक कि.मी.)	राष्ट्रिय सडक घनत्व (प्रति १००वर्ग कि.मी. क्षेत्रमा सडक कि.मी.)
१	सिन्धुली	२७८.६	८२६.१४	३३.१६५	११.१८४
२	रामेछाप	१०७.९	१३१७.११	८५.१९५	६.९७९
३	दोलखा	१४९.७५	८५३.२४	३८.९४३	६.८३५
४	सिन्धुपाल्चोक	२०६.६७	२४०१.३४	९४.४६७	८.१३०
५	काभ्रेपलाञ्चोक	१५५.१२	२१९४.६	१५७.२०६	११.११२
६	ललितपुर	१३१.३९	५३५.८८	१३९.१९०	३४.१२७
७	भक्तपुर	११५.०६	१९२.२	१६१.५१३	९६.६८९
८	काठमाडौं	२४७.७	७१५.७८	१८१.२१०	६२.७०९
९	रसुवा	६६.२	३०९.१२	२०.०२१	४.२८८
१०	नुवाकोट	२११.३८	१३२९.२३	११८.५७५	१८.८५६
११	धादिङ्	२१९.०८	१३३६.०४	६९.३६९	११.३७५
१२	मकवानपुर	३२९.३४	६८०.१९	२८.०३८	१३.५७५
१३	चितवन	२३३.३९	१७८८.१६	८०.६२०	१०.५२३

सि.नं.	जिल्ला	राष्ट्रिय सडक (कि.मी.)	ग्रामीण सडक (कि.मी.)	ग्रामीण सडक घनत्व (प्रति १०० वर्गकि.मी. क्षेत्रमा सडक कि.मी.)	राष्ट्रिय सडक घनत्व (प्रति १००वर्ग कि.मी. क्षेत्रमा सडक कि.मी.)
	प्रदेशको जम्मा	२४५१.५८	१४४७९.०३	७१.३२५	१२.०७७
	नेपालको जम्मा	१२८९८.१९	५७६३२.०८	३९.१५७	८.७६३
	प्रदेशको %	१९.०१	२५.१२		

स्रोतः राष्ट्रिय सडक, (सडक विभाग, ०७४). ग्रामीण सडक (डोलिडार, ०७४)

४.२.२ विमानस्थल

यस प्रदेशमा नेपालको एक मात्र अन्तराष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल र अन्य ५ वटा आन्तरिक विमानस्थल छन् । थप विवरण तालिका ४.४ मा छ । विमानस्थल भएर पनि लाइटाङ्, जिरी र मेघौली सञ्चालनमा छैनन् भने रामेछाप विमानस्थलबाट पनि नियमित सेवा सञ्चालनमा छैन । आन्तरिक विमानस्थलमध्ये भरतपुर नियमित सञ्चालनमा रहेको विमानस्थल हो ।

तालिका ४.४ : यस प्रदेशमा रहेका विमानस्थल

क्र.सं.	विमानस्थलको नाम	ठेगाना	धावनमार्गको लम्बाई, चौडाई (मि.)	कैफियत
१	त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल	काठमाडौं	३०५० x ४६	
२	भरतपुर	भरतपुर महानगरपालिका, चितवन	१२०० x ३०	
३	रामेछाप	मन्थली नगरपालिका, रामेछाप	५४० x २०	
४	लाइटाङ्	गोसाईकुण्ड गाउँपालिका, रसुवा	४२० x ३०	सञ्चालनमा नरहेको
५	जिरी	दोलखा	३६८ x १८	सञ्चालनमा नरहेको
६	मेघौली	मेघौली, चितवन	१०६७ x ३०	सञ्चालनमा नरहेको

स्रोतः भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश न. ३

४.२.३ झोलुङ्गे पुल

यस प्रदेशमा रहेका १३१७ झोलुङ्गे पुलमध्ये सबैभन्दा बढी दोलखामा १६८ वटा (१२.७ प्रतिशत) छ भने सबैभन्दा कम भक्तपुरमा १३ वटा (०.९९ प्रतिशत) छ । एउटा जिल्लामा १०० वटा भन्दा बढी झोलुङ्गे पुलहरू भएका जिल्लाहरूमा नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र धादिङ पर्दछन्। झोलुङ्गे पुलको सङ्ख्या र प्रतिशत तालिका ४.५ मा छ ।

तालिका ४.५ जिल्ला अनुसार झोलुङ्गेपुलको विवरण

क्र.सं.	जिल्ला	पुलको सङ्ख्या	प्रतिशत
१	सिन्धुली	१०८	८.२०
२	रामेछाप	१५५	११.७७
३	दोलखा	१६८	१२.७६
४	सिन्धुपाल्चोक	१३८	१०.४८
५	काभ्रेपलाञ्चोक	१२४	९.४२
६	ललितपुर	७२	५.४७
७	भक्तपुर	१३	०.९९
८	काठमाण्डौ	२५	१.९०
९	रसुवा	७६	५.७७
१०	नुवाकोट	१५८	१२.००
११	धादिंग	१५६	११.८५
१२	मकवानपुर	६७	५.०९
१३	चितवन	५७	४.३३
	समग्र प्रदेश	**१३१७**	१००.००

स्रोतः डोलिडार, ०७५

४.२.४ राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना

नेपालका राष्ट्रिय गौरवका २१ वटा आयोजनामध्ये यस प्रदेशमा देहायका १० वटा आयोजनाहरू पर्दछन् । १० मध्ये ४ वटा आयोजनाहरू प्रदेशभित्रमात्र सिमित छन् भने ६ वटा आयोजनाहरू अन्तरप्रादेशिक छन्। राष्ट्रिय गौरबका आयोजनाका लागि अर्थ मन्त्रालयले आर्थिक वर्ष २०७५/७६ को लागि छुट्टाइएको कुल ७७.५६ अर्ब बजेट मध्ये ५९.६१ अर्ब अर्थात ७६.८७ प्रतिशत उल्लिखित १० वटा आयोजनाहरुमा विनियोजन गरिएको छ। यसको बिस्तृत विवरण तालिका ४.६ मा छ।

तालिका ४.६: प्रदेश ३ मा रहेका राष्ट्रिय गौरवका आयोजनाहरू र आ. व. ०७५/७६ को बजेट

क्र.स.	राष्ट्रिय गौरबका आयोजनाहरु	(रु लाखमा)				
		चालु खर्च	पुँजीगत खर्च	दातृ राष्ट्रको अनुदान	जम्मा	कैफियत
१	बुढी गण्डकी जलविद्युत आयोजना	३४६	१७९,६५०	०	१७९,९९६	अन्तर प्रादेशिक
२	मेलम्ची खानेपानी आयोजना	८८५	६९,७७४	०	७०,६५९	
३	पशुपति क्षेत्र विकास कोष	३,४८७	०	०	३,४८७	
४	राष्ट्रपति चुरे - तराई मधेश संरक्षणविकास समिति	९६७	१६,०३०	०	१६,९९७	अन्तर प्रादेशिक
५	गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढीसडक आयोजना	८२	१०,४९०	०	१०,५७२	
६	पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग)	४७२	५५,०३०	०	५५,५०२	अन्तर प्रादेशिक
७	काठमांडौ-तराई मधेश फाष्ट ट्रयाक	०	१५३,९७८	०	१५३,९७८	अन्तर प्रादेशिक
८	हुलाकी राजमार्ग (पुलहरु समेत)	४७५	५४,५२७	०	५५,००२	अन्तर प्रादेशिक
९	रेल, मेट्रो रेल तथा मोनो रेल विकासआयोजना	१३४	४४,८६९	०	४५,००३	अन्तर प्रादेशिक
१०	माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६मे. वा.)	०	०	५,०००	५,०००	
	प्रदेश ३	६८४८	५८४३४८	५०००	५९६१९६	
	नेपाल	१२,९८४	६०७,०३४	१५५,६००	७७५,६१८	
	प्रदेश ३ (%)	५२.७	९६.२६	३.२१	७६.८७	

स्रोत: अर्थ मन्त्रालय, २०७५

यसैगरी, प्रदेश सरकारको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रमले पोष्टबहादुर बोगटी भिमफेदी - कुलेखानी सुरूङ मार्ग र पुष्पलाल चक्रपथ (रामेछाप - दोलखा - सिन्धुपाल्चोक - नुवाकोट - धादिङ् - चितवन - मकवानपुर - सिन्धुली -काभ्रेपलाञ्चोक)लाई प्रादेशिक गौरवका आयोजनाको रूपमा अगाडि बढाएको छ ।

४.३ सञ्चार माध्यम

पत्र पत्रिका, रेडियो र टेलिभिजन सञ्चारका प्रमुख माध्यहरू हुन् । यस प्रदेशमा ७७६ पत्रपत्रिका, १६३ एफ.एम. रेडियो स्टेशन र ६८ टेलिभिजन च्यानलहरू सञ्चालनमा रहेका छन्।

४.३.१ पत्रपत्रिका

यस प्रदेशमा दैनिक ८६ वटा र साप्ताहिक ६९० गरी जम्मा ७७६ वटा पत्रिकाहरू प्रकासनमा रहेका छन् । सबैभन्दा धेरै दैनिक पत्रिका काठमाण्डौंबाट (५३ वटा), दोश्रोमा मकवानपुर र चितवनबाट (९।९ वटा) र तेश्रोमा ललितपुरबाट (६ वटा) प्रकाशित हुन्छन् । त्यसैगरी सबैभन्दा धेरै साप्ताहिक पत्रिका काठमाण्डौंबाट (४८७ वटा), दोश्रोमा मकवानपुर बाट (४४ वटा) र तेश्रोमा ललितपुरबाट (३२ वटा) प्रकाशित हुन्छन् । पत्रपत्रिका सम्बन्धी विवरण तालिका ४.७ मा छ।

तालिका ४.७: पत्रपत्रिका सम्बन्धी विवरण

क्र.सं.	जिल्ला	दैनिक पत्रपत्रिका	साप्ताहिक पत्रपत्रिका	कुल पत्रपत्रिका सङ्ख्या
१	सिन्धुली	३	९	१२
२	रामेछाप	०	५	५
३	दोलखा	०	९	९
४	सिन्धुपाल्चोक	१	१०	११
५	काभ्रेपलाञ्चोक	०	२३	२३
६	ललितपुर	६	३२	३८
७	भक्तपुर	२	२६	२८
८	काठमाण्डौं	५३	४८७	५४०
९	रसुवा	०	१	१
१०	नुवाकोट	२	१०	१२
११	धादिङ	१	९	१०
१२	मकवानपुर	९	४४	५३
१३	चितवन	९	२५	३४
जम्मा		८६	६९०	७७६

स्रोत : पार्श्वचित्र,आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश ३

४.३.२ एफएम रेडियो र टेलिभिजन

यस प्रदेशमा भएका १६३ वटा एफएम रेडियोहरूमध्ये सबैभन्दा धेरै स्टेशनहरू काठमाण्डौंमा (४४ वटा), दोश्रोमा चितवनमा (२६ वटा) र तेश्रोमा मकवानपुरमा (१७ वटा) छन् । त्यसैगरी यस प्रदेशमा भएका ६८ वटा टेलिभिजन च्यानहरूमध्ये सबैभन्दा धेरै काठमाण्डौंमा (४२ वटा), दोश्रोमा ललितपुरमा (९ वटा) र तेश्रोमा चितवनमा (८ वटा) छन्। यस सम्बन्धी थप विवरण तालिका ४.८ मा छ। अनुमति लिएका एफएम रेडियोहरूको विवरण अनुसूची ४.५ मा र टेलिभिजनहरूको विवरण अनुसूची ४.६ मा छ।

तालिका ४.८ एफ. एम. रेडियोटेलिभिजन सम्बन्धी विवरण

क्र.स.	जिल्ला	एफ एम रेडियो सङ्ख्या	टेलिभिजन सङ्ख्या
१	सिन्धुली	७	
२	रामेछाप	६	
३	दोलखा	६	
४	सिन्धुपाल्चोक	११	
५	काभ्रेपलाञ्चोक	९	२
६	ललितपुर	६	९
७	भक्तपुर	९	३
८	काठमाण्डौं	४४	४२
९	रसुवा	३	
१०	नुवाकोट	१०	१
११	धादिङ	९	१
१२	मकवानपुर	१७	२
१३	चितवन	२६	८
जम्मा		१६३	६८

स्रोत : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश ३

४.४ पुनर्निर्माण

२०७२ साल बैशाख १२ र बैशाख २९ गते गएको विनासकारी भूकम्पबाट यस प्रदेशका जिल्लाहरू अति प्रभावित भए । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको वर्गीकरणअनुसार भूकम्पबाट अति प्रभावित १४ जिल्ला मध्ये १२ जिल्ला र कम प्रभावित १७ जिल्ला मध्ये १ जिल्ला (चितवन) यसै प्रदेशमा पर्दछ । भूकम्प पश्चात क्षतिग्रस्त नीजि आवास सर्भेक्षण र सम्बन्धित व्यक्तिको गुनासो सुनुवाई समेतका आधारमा यस प्रदेशमा ६ लाख २८ हजार २६५ नीजि आवास पुनर्निर्माणको लागि पहिचान भएकोमा २०७५ आषाढ २६ गते सम्म

५ लाख ५४ हजार ७५१ अर्थात ८८ प्रतिशत घरधनीले आवास पुनर्निर्माणको लागि अनुदान संझौता गरिसकेका छन् । निजी आवास पुनः निर्माण सम्बन्धी विवरण तालिका ४.९ मा छ ।

तालिका ४.९ : नीजि आवास पुनर्निर्माण सम्बन्धि विवरण

सि.नं	जिल्ला	जम्मा लाभग्राही सङ्ख्या	अनुदान सम्झौता सम्पन्न (%)	प्रथम किस्ता प्राप्त गर्ने लाभग्राही (%)	दोस्रो किस्ता प्राप्त गर्ने (%)	तेस्रो किस्ता प्राप्त गर्ने (%)	प्रवलीकरण	
							लाभग्राही सङ्ख्या	अनुदान सम्झौता सम्पन्न(%)
(क) प्रदेश नं. ३ को भूकम्प अति प्रभावित जिल्ला								
१	सिन्धुली	३६९३५	८९.६१	८९.६१	६२.९८	२०.८७	७४९१	६.४२
२	रामेछाप	४८५८०	८९.५३	८९.५१	७५.६६	३३.३५	६५९५	५.२६
३	दोलखा	६८७६१	८८.१५	८५.००	६८.३९	४८.८४	२१४७	०.७०
४	सिन्धुपाल्चोक	८६९७१	९४.७६	९४.७६	७९.२९	३५.००	५६२	४.४५
५	काभ्रेपलाञ्चोक	७७४१४	८६.५४	८६.५४	४१.७१	१५.०८	५४१९	१०.२२
६	ललितपुर	२८३५२	८४.५९	८३.३०	२६.१०	१३.५२	१२८५	२६.४६
७	भक्तपुर	२८३०२	८३.२७	८३.२७	१६.१३	१४.१४	६७०	७.३१
८	काठमाडौ	४६९६२	८५.२२	८५.२०	१९.८४	११.७५	७७०	१५.३२
९	रसुवा	१२४९०	८८.४४	८६.५१	७८.१९	५१.८१	२१६	१९.४४
१०	नुवाकोट	७५१३६	८९.००	८८.६९	७६.७९	१६.९१	१५१४	४.०३
११	धादिङ्ग	७७७६१	९०.२६	९०.२२	६४.२६	२७.६१	३९१३	५.३२
१२	मकवानपुर	३३२६६	७५.५६	७२.७६	४७.७१	१९.९७	८४९८	२६.१८
जम्मा		६२०९३०	८८.१६	८७.५२	५८.४४	२५.८१	**३९०८०**	**११.४३**
(ख) प्रदेश नं. ३ को भूकम्प कम प्रभावित जिल्ला								
१	चितवन	७३३५	१००.००	७६.३२	३२.२४	३.०४	५९३	१००.००
जम्मा		**७३३५**	१००.००	७६.३२	३२.२४	३.०४	**५९३**	**१००.००**
प्रदेश ३ जम्मा		**६२८२६५**	८८.३०	८७.३९	५८.१३	२५.५४	**३९६७३**	**१२.७५**

स्रोतः राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, काठमाडौं, ०७५

४.५ खेलकुद पूर्वाधार

यस प्रदेशमा विभिन्न खेलको लागि अन्तराष्ट्रियस्तरको खेल मैदान रहेका छन् । ठूला तथा अन्तराष्ट्रियस्तरका खेल मैदानहरू काठमाडौं उपत्यकामा छन् । उपत्यका बाहिरका जिल्लाहरूमा समेत खेलकुदका केही पूर्वाधारहरू छन। खेलकुदका पूर्वाधारहरूको जिल्लागत विवरण अनुसूची ४.७ मा छ ।

जिल्लागत सडक विवरण



रा.स. = राष्ट्रिय सडक (कि.मि.)
ग्रा.स. = ग्रामिण सडक (कि.मि.)
रा.स.घ. = राष्ट्रिय सडक घनत्व
ग्रा.स.घ. = ग्रामिण सडक घनत्व
सडक घनत्व (प्रति १०० वर्ग कि.मि. क्षेत्रमा सडक कि.मि.)

उपत्यका	ललितपुर	भक्तपुर	काठमाडौं
राष्ट्रिय सडक	१३१.४	११५.१	२४७.७
ग्रामिण सडक	५३५.९	१९२.२	७१५.८
राष्ट्रिय सडक घनत्व	३४.१३	९६.६९	६२.७१
ग्रामिण सडक घनत्व	१३९.१९	१६१.५१	१८१.२१

परिच्छेद पाँच : सामाजिक क्षेत्र

५.१ शिक्षा

शिक्षा व्यक्ति एवं समाज विकासका लागि मेरुदण्ड हो । शिक्षा विना राष्ट्र विकासको परिकल्पना पनि गर्न सकिदैन। व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले नै ठूलो सहयोग पुऱ्याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरु नै भोलिको देशका कर्णाधार हुने हुँदा शिक्षालाई यति धेरै महत्व दिनु परेको स्पष्ट हुन्छ ।

शिक्षा राष्ट्रिय विकासको आधारशीला हो । नेपालको सन्दर्भमा यो गरिवी निवारणको एक सशक्त माध्यम पनि हो । आधारभूत शिक्षा प्रत्येक नागरिकको मानवधिकार हो भने सबै नागरिकलाई कम्तिमा आधारभूत शिक्षाको अवसर प्रदान गर्नु राज्यको दायित्व हो । संविधानसभाबाट निर्मित नेपालको संविधान अनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक छ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक छ । त्यसै गरी अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक छ । दृष्टिविहीन, सुनुवाई, स्वर तथा बोलाइ अपाङ्गता भएका नागरिकलाई समेत उपयुक्त माध्यमबाट शिक्षा पाउने हक छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको सुनिश्चित गरिएको छ । दिगो विकासका लक्ष्य अनुरुप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउन शिक्षा क्षेत्रको विकास अपरिहार्य छ ।

५.१.१ साक्षरता दर

राष्ट्रिय जनगणना २०६८ मा ५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका लेख्न पढ्न जान्ने व्यक्तिलाई साक्षर मानी साक्षरता दर निकालिएको छ । यस प्रदेशमा ३८ लाख ३० हजार ६ सय ५४ साक्षर सङ्ख्या छ जुन नेपालको कुल साक्षर सङ्ख्याको २४.२८ प्रतिशत हो । यस प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा बढी साक्षरता (८६.२५ प्रतिशत) काठमाडौको छ भने सबैभन्दा कम साक्षरता (५३.६० प्रतिशत) रसुवा जिल्लाको रहेको छ। नेपालको साक्षरता दर ६५.९४ छ भने यस प्रदेशको साक्षरता दर ७४.८५ रहेको छ । यो दर राष्ट्रिय साक्षरता दर भन्दा ८.९१ प्रतिशतले बढी हो । यस प्रदेशमा महिला साक्षरता दर ६७.०४ छ भने पुरुषको साक्षरता दर ८२.८२ बढी छ । जिल्लागत साक्षरता सम्बन्धी विववरण तालिका ५.१ मा छ ।

तालिका ५.१ : साक्षर सङ्ख्या र साक्षरता दर (५ वर्ष वा सोभन्दा बढी उमेरका

जिल्ला	साक्षर सङ्ख्या			साक्षरता दर		
	पुरूष	महिला	जम्मा	पुरूप	महिला	जम्मा
सिन्धुली	८८१७३	७२३८५	१६०५५८	६९.८०	५२.१०	६०.५३
रामेछाप	६२००३	५४१४७	११६१५०	७२.६४	५३.४७	६२.२४

जिल्ला	साक्षर सङ्ख्या			साक्षरता दर		
	पुरूष	महिला	जम्मा	पुरूप	महिला	जम्मा
दोलखा	५७९८९	४९२४९	१०७२३८	७३.३४	५३.६७	६२.७८
सिन्धुपाल्चोक	८६०१०	७१४५९	१५७४६९	६७.९७	५१.८८	५९.५९
काभ्रेपलाञ्चोक	१३४०३७	११३०१२	२४७०४९	७९.५९	६०.९२	६९.८०
ललितपुर	२००५७७	१६१४१९	३६१९९६	९०.११	७४.७२	८२.५३
भक्तपुर	१३०५२६	१०२९३१	२३२६५७	९०.४८	७२.६५	८१.६८
काठमाडौं	७८६७०४	६२१४९५	१४०८१९९	९२.१८	७९.७७	८६.२५
रसुवा	११९०६	९२९१	२११९७	६०.८५	४६.५०	५३.६०
नुवाकोट	८२६४२	७०२६१	१५२९०३	६७.९५	५२.४१	५९.८०
धादिङ	१०१२४०	९१०९७	१९२३३७	७१.०८	५५.७०	६२.८६
मकवानपुर	१४११९०	११८१८५	२५९३७५	७५.४१	६०.५९	६७.८५
चितवन	२१५२८२	१९८२४४	४१३५२६	८३.८७	७०.६८	७६.९८
प्रदेश	**२०९८२७९**	**१७३२३७५**	**३८३०६५४**	**८२.८२**	**६७.०४**	**७४.८५**
नेपाल	**८६६६२८२**	**७११५०४**	**१५७७७८६**	**७५.१४**	**५७.३९**	**६५.९४**

स्रोतः राष्ट्रिय जनगणना, २०६८ बाट विश्लेषित

५.१.२ शैक्षिक उपलब्धि (उत्तीर्ण गरेको तह)

पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका साक्षर व्यक्तिहरूले हासिल गरेको शैक्षिक उपलब्धिलाई उनीहरूले उत्तीर्ण गरेको शैक्षिक तहका आधारमा उल्लेख गरिएको छ । यस प्रदेशमा कुल साक्षर जनसङ्ख्याको सबै भन्दा ठूलो हिस्सा अर्थात ३१.५६ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेको पाइएको छ । एस.एल.सि. वा सो सरह उत्तीर्ण गरेका व्यक्तिहरू १२.३१ प्रतिशत छ भने नेपालको औसत १०.१६ प्रतिशत छ । त्यस्तै यस प्रदेशमा ४.९९ प्रतिशत व्यक्तिहरूले अनौपचारिक शिक्षा हासिल गरेका छन् । यस सम्बन्धी विस्तृत विवरण तालिका ५.२ मा छ ।

तालिका ५.२ : उत्तिर्ण तह अनुसारको सङ्ख्या

उत्तीर्ण तह	प्रदेश ३			नेपाल		
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा
पूर्व प्राथमिक तह	७०६०६	६१५३९	१३२१४५	३४१९४४	२९७०८७	६३९०३१
%	३.३३	३.५१	३.४१	३.८७	४.०९	३.९७
प्राथमिक तह (१–५ कक्षा)	६३८९२९	५५२७७६	११९१७०५	३३६१८३२	२९२३२९२	६२८५१२४
%	३०.१४	३१.५६	३०.७८	३८.०६	४०.२३	३९.०४
निम्न माध्यमिक तह (६–८ कक्षा)	२२०५३९	१९९७१२	४२०२५१	१०७९०७४	९५२९२७	२०३२००१
%	१०	११	११	१२	१३	१३

उत्तीर्ण तह	प्रदेश ३			नेपाल		
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा
माध्यमिक तह (९–१० कक्षा)	३८३५४९	३२२१०६	७०५६५५	१७२७९९५	१३६३८८५	३०९१८८०
%	१८	१८	१८	२०	१९	१९
एस.एल.सि. वा सो सरह	२६९४८१	२०९००८	४७८४८९	९३२१०३	७०४०५६	१६३६१५९
%	१२.७१	११.९३	१२.३६	१०.५५	९.६९	१०.१६
प्रमाणपत्र वा सो सरह	२२७८९७	१८४०५२	४११९४९	६०५०११	४३१४३७	१०३६४४८
%	१०.७५	१०.५१	१०.६४	६.८५	५.९४	६.४४
स्नातक वा सो सरह	१३८४४९	८३८३२	२२२२८१	३०६७७२	१५०९७२	४५७७४४
%	६.५३	४.७९	५.७४	३.४७	२.०८	२.८४
स्नातकोत्तर वा सो सरह	६३६००	२६६८५	९०२८५	११४७५३	३८६९९	१५३४५२
%	३	१.५२	२.३३	१.३	०.५३	०.९५
पि.एच.डि. वा सो सरह	२४५८	५९८	३०५६	४०७६	९०४	४९८०
%	०.१२	०.०३	०.०८	०.०५	०.०१	०.०३
अन्य	२३५७	१४४८	३८०५	९४२१	७७२०	१७१४१
%	०.११	०.०८	०.१	०.११	०.११	०.११
अनौपचारिक शिक्षा	९१८०७	१०१३६५	१९३१७२	३०८६४७	३५९४७०	६६८११७
%	४.३३	५.७९	४.९९	३.४९	४.९५	४.१५
तह उल्लेख नभएको	१००३७	८४९०	१८५२७	४०७२४	३५७१८	७६४४२
%	०.४७	०.४८	०.४८	०.४६	०.४९	०.४७
जम्मा	२११९७०९	१७५१६११	३८७१३२०	८८३२३५२	७२६६१६७	१६०९८५१९
%	१००	१००	१००	१००	१००	१००

स्रोतः राष्ट्रिय जनगणना, २०६८ बाट विश्लेषित

५.१.३ अध्ययन गरेको विषय र क्षेत्र

एस.एल.सी.भन्दा माथिल्लो तह उत्तीर्ण गरेका व्यक्तिहरूको विवरण तालिका ५.३ मा छ । अध्ययन गरेका विषय/क्षेत्रको विवरण अनुसारको विश्लेषण गरिएको छ । यस अनुसार सबै भन्दा धेरै व्यक्तिहरू अर्थात ३३.८४ प्रतिशतले व्यापार र प्रशासन क्षेत्रमा र २२.५६ प्रतिशत मानविकी र कला क्षेत्रको अध्ययन गरेका छन् जवकि नेपालमा उक्त विषयहरुको प्रतिशत क्रमशः २५.०५ र २३.४९ छ ।

तालिका ५.३ एस.एल.सी.भन्दा माथिल्लो तह उत्तिर्ण गरेका व्यक्तिहरुले अध्ययन गरेको विषय र क्षेत्र

अध्ययन गरेको विषय वा क्षेत्र	प्रदेश ३			नेपाल		
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा
मानविकी र कला	८८२४९	७५८८६	१६४१३५	२३००९८	१५८०६७	३८८१६५
%	२०.४१	२५.७१	२२.५६	२२.३३	२५.४१	२३.४९
व्यापार र प्रशासन	१५५७३७	९०४४६	२४६१८३	२७५२४९	१३८६९७	४१३९४६
%	३६.०२	३०.६४	३३.८४	२६.७१	२२.३	२५.०५
शिक्षा	३१९५३	४१००२	७२९५५	१४१४४१	१३८४३१	२७९८७२
%	७.३९	१३.८९	१०.०३	१३.७२	२२.२६	१६.९४
विक्षा	४६७७८	२०६९८	६७४७६	९६००१	३२७९२	१२८७९३
%	१०.८२	७.०१	९.२७	९.३१	५.२७	७.७९
स्वास्थ्य	७२३४	१०७८२	१८०१६	१९४५९	२११४८	४०६०७
%	१.६७	३.६५	२.४८	१.८९	३.४	२.४६
इन्जिनियरिङ, उद्योग र निर्माण	१७१८८	२७८८	१९९७६	२६०६८	३६६५	२९७३३
%	३.९७	०.९४	२.७५	२.५३	०.५९	१.८
कानून	७४४२	१६५१	९०९३	१५६७९	३०६०	१८७३९
%	१.७२	०.५६	१.२५	१.५२	०.४९	१.१३
सामाजिक र व्यवहारिक विज्ञान	१७६९२	१२८२४	३०५१६	४२४२६	२३८१८	६६२४४
%	४.०९	४.३४	४.१९	४.१२	३.८३	४.०१
गणित तथा तथ्याङ्क	३७५८	१००५	४७६३	१४४४०	२८२०	१७२६०
%	०.८७	०.३४	०.६५	१.४	०.४५	१.०४
कृषि, वन तथा माछापालन	२२६९	७०१	२९७०	६२०३	१७२२	७९२५
%	०.५२	०.२४	०.४१	०.६	०.२८	०.४८
कम्प्युटर	२९५४	७२५	३६७९	४८५४	१११७	५९७१
%	०.६८	०.२५	०.५१	०.४७	०.१८	०.३६
पत्रकारिता र सूचना	९५५	५९५	१५५०	११०७	६६१	१७६८
%	०.२२	०.२	०.२१	०.११	०.११	०.११
अन्य	२२३	११२	३३५	८२५	४९७	१३२२
%	०.०५	०.०४	०.०५	०.०८	०.०८	०.०८
उल्लेख नभएको	४९९७२	३५९५२	८५९२४	१५६७६२	९५५१७	२५२२७९
%	११.५६	१२.१८	११.८१	१५.२१	१५.३६	१५.२७

अध्ययन गरेको विषय वा क्षेत्र	प्रदेश ३			नेपाल		
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा
जम्मा	४३२४०४	२९५१६७	७२७५७१	१०३०६१२	६२२०१२	१६५२६२४
%	१००	१००	१००	१००	१००	१००

स्रोतः राष्ट्रिय जनगणना, २०६८ बाट विश्लेषित

५.१.४ विद्यालय र विद्यार्थी सङ्ख्या

सामुदायिक विद्यालयतर्फ नेपालका कुल प्राथमिक विद्यालय मध्ये यस प्रदेशले १८.१ प्रतिशत हिस्सा ओगटेको छ भने निम्न माध्यमिक विद्यालयले १९.७ प्रतिशत, माध्यमिक विद्यालयले २१.६ प्रतिशत र उच्च माध्यमिक विद्यालयले २०.७ प्रतिशत हिस्सा ओगटेका छन् । यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक विद्यालय मध्ये यस प्रदेशले ३१.९ प्रतिशत हिस्सा ओगटेको छ भने निम्न माध्यमिक विद्यालयले ३८.७ प्रतिशत र माध्यमिक विद्यालयले ४३.१ प्रतिशत हिस्सा ओगटेका छन् । यस प्रदेशमा अरु प्रदेशहरुमा भन्दा संस्थागत विद्यालयको सङ्ख्या उच्च रहेको छ । यस सम्बन्धी विस्तृत विवरण तलको तालिका ५.४ मा छ ।

तालिका ५.४ : सामुदायिक र संस्थागत विद्यालयको सङ्ख्या

क्र.सं.	जिल्ला	सामुदायिक विद्यालयको सङ्ख्या				संस्थागत विद्यालयको सङ्ख्या			
		प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	उच्च माध्यमिक	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	माध्यमिक
१	सिन्धुली	५६३	१८८	१११	६१	३५	२२	१६	४
२	रामेछाप	४६१	१७५	९३	४२	२३	६	३	१
३	दोलखा	४००	१७२	८८	४२	२५	१७	१२	३
४	सिन्धुपाल्चोक	५४६	२१४	१३२	५५	२४	११	१०	०
५	काभ्रेपलाञ्चोक	५८२	२५६	१४९	६१	११५	७९	६४	२३
६	ललितपुर	१८३	११०	८२	४०	२८५	२४३	२२५	६०
७	भक्तपुर	१२९	८३	४५	१७	१८०	१६६	१४६	२०
८	काठमाडौं	२९७	२३९	१९७	६४	९९२	८५३	७०१	२४९
९	रसुवा	१०२	३८	२०	१०	४	७	५	०
१०	नुवाकोट	४७६	१९४	११८	४७	३०	२२	१९	२
११	धादिङ	५९४	२१५	१२६	५१	५६	३०	२१	६
१२	मकवानपुर	५१९	१८०	९२	२९	७१	४७	३१	६
१३	चितवन	३८२	१७१	१०२	४६	१६६	१४६	११९	३९
	प्रदेश	५२३४	२२३५	१३५५	५६५	२००६	१६४९	१३७२	४१३
	नेपाल	२८९१३	११३६८	६२६१	२७२५	६२९८	४२६४	३१८६	१०५६
	प्रदेश (%)	१८.१	१९.७	२१.६	२०.७	३१.९	३८.७	४३.१	३९.१

स्रोत: शिक्षा बिभाग, २०७४

सामुदायिक विद्यालयतर्फ प्रदेशको प्राथमिक विद्यालयमा ४६५१३३, निम्न माध्यमिक विद्यालयमा २६१८८५, माध्यमिक विद्यालयमा १३८२५४ र उच्च माध्यमिक विद्यालयलमा ७२३७५ विद्यार्थीहरू अध्ययनरत छन्।

त्यसैगरी संस्थागत विद्यालयतर्फ प्रदेशको प्राथमिक विद्यालयमा ७५८५, निम्न माध्यमिक विद्यालयमा २४७३२२, माध्यमिक विद्यालयमा १३३९३९ र उच्च माध्यमिक विद्यालयलमा ८०६६१ विद्यार्थीहरू अध्ययनरत छन्। यसको विवरण तालिका ५.५ मा छ।

तालिका ५.५ : सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने बिद्यार्थीको सङ्ख्या

जिल्ला	सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या				संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या			
	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	उच्च माध्यमिक	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	उच्च माध्यमिक
सिन्धुली	४९२९१	२२५४७	१२२२६	६३७५	१२६	३६१९	२४९०	१११७
रामेछाप	२३९९२	१६६३७	९१०८	२०७८	५२	१९९६	५६७	१८५
दोलखा	२३८४९	१४७३५	७७३४	३११६	८२	२०९९	६३३	१६५
सिन्धुपाल्चोक	३८९२१	२१००३	१०८७७	७५७२	६९	१६९८	५४९	२१३
काभ्रेपलाञ्चोक	४०४७७	२३८३९	१३०९०	४९२९	३९४	८२९५	४५४७	२२८८
ललितपुर	२२५०८	१३३९२	५७५२	२५०५	११०४	४०९८६	२१९६३	१६०६१
भक्तपुर	१२९०४	५८४८	३९६३	४१२०	७२६	२०७८९	१४६१९	८६२७
काठमाडौं	७२६७८	३६८९२	२१३०५	११८५४	३८५५	११९३३३	६९७६८	३८८८७
रसुवा	५७३४	२८५४	१७११	२६८	२०	४०९	१०६	२७
नुवाकोट	३३१८८	१७५५२	९६३६	७१४८	१०४	५७३५	२१५७	१११६
धादिङ	४११५९	२७०६६	१२६३०	५६८५	१६९	३१०६	६५३	४४४
मकवानपुर	५७८६०	३०४१९	१४१८५	५१३५	२२९	२४७२	७५८	२२०
चितवन	४२५७२	२९१०१	१६०३७	११५९०	६५५	३६७८५	१५१२९	११३११
प्रदेश	४६५१३३	२६१८८५	१३८२५४	७२३७५	७५८५	२४७३२२	१३३९३९	८०६६१
नेपाल	३३१२०६२	१५४४६६१	७७८८२२	४२७२६१	२१३७०	६५७९५४	३२२०५५	१९१८९८

स्रोत: शिक्षा बिभाग, २०७४

५.१.५ विद्यार्थी - विद्यालय अनुपात

बिद्यार्थी-विद्यालय अनुपातको तालिका अनुसार प्राथमिक, माध्यामिक र आधारभूत तहमा क्रमश: ९८, १०२ र १५३ बिद्यार्थीको भागमा एउटा विद्यालय परेको छ । त्यसैगरी, माध्यामिक, उच्च माध्यामिक र ९ देखि १२ कक्षा तहमा क्रमश: ८०, ११४ र १२१ जना बिद्यार्थीको भागमा एउटा विद्यालय परेको छ । नेपालको औसत बिद्यार्थीणविद्यालय अनुपात भन्दा यो प्रदेशको कम छ । विद्यार्थी-विद्यालय अनुपात विवरण तालिका ५.६ मा छ ।

तालिका ५.६: बिद्यार्थी-विद्यालय अनुपात (सामुदायिक र संस्थागत दुवै)

विद्यालयको प्रकार	प्रदेश ३	नेपाल
प्राथमिक (१-५)	९८	११३
निम्न माध्यमिक (६-८)	१०२	११९
आधारभुत (१-८)	१५३	१६६
माध्यमिक (९-१०)	८०	१०३
उच्च माध्यमिक (११-१२)	११४	१५४
९-१२ कक्षा	१२१	१६५

स्रोत: शिक्षा बिभाग, २०७४

५.१.६ विद्यार्थी - शिक्षक अनुपात

बिद्यार्थी शिक्षक अनुपातको तालिका अनुसार प्राथमिक, माध्यामिक र आधारभूत तहमा क्रमश: १४, २६ र १७ बिद्यार्थीको भागमा एकजना शिक्षक परेको छ भने माध्यामिक, उच्च माध्यामिक र ९-१२ कक्षा तहमा क्रमश: १६, २२ र १७ जना बिद्यार्थीको भागमा एकजना शिक्षक परेको छ । नेपालको औसत बिद्यार्थी शिक्षक अनुपात भन्दा यो प्रदेशको कम छ । विद्यार्थी - शिक्षक अनुपात सम्बन्धी विवरण तालिका ५.७ मा छ ।

तालिका ५.७ : बिद्यार्थीशिक्षक अनुपात (सामुदायिक र संस्थागत दुवै)

विद्यालयको प्रकार	प्रदेश	नेपाल
प्राथमिक	१४	२०
निम्न माध्यमिक	२६	३२
१-८ कक्षा	१७	२२
माध्यमिक	१६	२३
उच्च माध्यमिक	२२	२७
९-१२ कक्षा	१७	२४

स्रोत: शिक्षा बिभाग, २०७४

५.१.७ लैङ्गिक समता सूचकाङ्क (कुल भर्नामा)

कुल भर्नाको लैङ्गिक समता सुचकांक[९] हेर्दा प्राथमिक, निम्न माध्यमिक र आधारभूत तह गरि तीनवटै तहमा नेपालको १.०२ छ भने यस प्रदेशको १.०१ छ । प्रत्येक १०० जना बालक भर्ना हुँदा नेपालमा १०२ जना बालिका भर्ना हुन्छन भने यस प्रदेशमा प्रत्येक १०० जना बालक भर्ना हुँदा १०१ जना बालिका भर्ना हुन्छन् । लैङ्गिक समता सूचकाङ्स सम्बन्धी विवरण तालिका ५.८ मा छ ।

[९] *लैंगिक समता सुचकाङ्क निकाल्न बालिकाहरुको संख्यालाई बालकहरुको संख्याले भाग गरेर निकालिएको हो*

तालिका ५.८ : लैङ्गिक समता सूचकाङ्क (सामुदायिक र संस्थागत दुवै)

विद्यालय तह	प्रदेश	नेपाल
प्राथमिक	१.०१	१.०२
निम्न माध्यमिक	१.०१	१.०२
आधारभूत	१.०१	१.०२

स्रोत: शिक्षा बिभाग, २०७४

५.२ स्वास्थ्य

५.२.१ स्वास्थ्य सेवा प्रदायकहरु

नेपालमा रहेका कुल अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई र अरु स्वास्थ्य प्रदायकहरुमध्ये यस प्रदेशले क्रमशस् २७.६४, २१.५०, १६.८१, ३६.५९, २९.९० र २९.०३ प्रतिशत हिस्सा ओगटेको छ । त्यसैगरी नेपालमा रहेका जम्मा ४,६४२ स्वास्थ्य सेवा प्रदायकहरूमध्ये १९.०७ प्रतिशत हिस्सा सामुदायिक स्वास्थ्य सेवा प्रदायकहरू र ६१।६३ प्रतिशत हिस्सा गैरसामुदायिक स्वास्थ्य सेवा प्रदायकहरुको छ । नेपालको कुल सामुदायिक तथा गैरसामुदायिक स्वास्थ्य सेवा प्रदायकहरुमा यस प्रदेशको हिस्सा ३०.५५ प्रतिशत छ । यस प्रदेशभित्र काठमाडौँमा सबैभन्दा धेरै स्वास्थ्यसम्बन्धी सेवा दिने निकायहरु छन् भने रसुवामा सबैभन्दा कम छन् । स्वास्थ्य सेवा प्रदायकहरूको थप विवरण तालिका ५.९ मा छ ।

तालिका ५.९ : स्वास्थ्य सेवा प्रदायकहरु

जिल्ला	अस्पताल	प्राथमिक स्वास्थ्य केन्द्र	स्वास्थ्य चौकि	शहरी स्वास्थ्य केन्द्र	सामुदायिक स्वास्थ्य इकाई	अरु स्वास्थ्य प्रदायक	जम्मा सेवा प्रदायकहरु	गैर सामुदायिक स्वास्थ्य सेवा प्रदायकहरु	जम्मा सामुदायिक र गैर सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरु
सिन्धुली	१	४	५१	५	३	१	६५	२१	८६
रामेछाप	१	३	५२	४	८	०	६८	४	७२
दोलखा	१	२	५२	७	७	०	६९	१०	७९
सिन्धुपाल्चोक	१	३	७५	४	६	१	९०	१०	१००
काभ्रेपलाञ्चोक	२	४	८९	७	७	१	१०९	३६	१४५
ललितपुर	३	४	३८	७	१	१	५४	१३६	१९०

जिल्ला	अस्पताल	प्राथमिक स्वास्थ्य केन्द्र	स्वास्थ्य चौकि	शहरी स्वास्थ्य केन्द्र	सामुदायिक स्वास्थ्य इकाई	अरु स्वास्थ्य प्रदायक	जम्मा सेवा प्रदायकहरु	गैर सामुदायिक स्वास्थ्य सेवा प्रदायकहरु	जम्मा सामुदायिक र गैर सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरु
भक्तपुर	३	२	१९	३	२	३	३२	५३	८५
काठमाडौं	१४	८	५८	३०	०	६	११६	६७३	७८९
रसुवा	१	१	१७	०	४	१	२४	२	२६
नुवाकोट	१	३	६३	४	६	१	७८	११	८९
धादिङ	१	२	४९	१	१२	१	६६	१५	८१
मकवानपुर	१	४	४१	५	०	१	५२	१४	६६
चितवन	४	३	३६	१३	५	१	६२	७२	१३४
प्रदेश	३४	४३	६४०	९०	६१	१८	८८५	१०५७	१९४२
नेपाल	१२३	२००	३८०८	२४६	२०४	६२	४६४२	१७१५	६३५७
प्रदेश(प्रतिशत)	२७.६४	२१.५	१६.८१	३६.५९	२९.९	२९.०३	१९.०७	६१.६३	३०.५५

स्रोतः स्वास्थ्य सेवा बिभाग, २०७४

५.२.२ जन्मदर्ता

नेपालमा रहेका कूल पाँच वर्ष मुनिका शिशुहरु मध्ये ५६.२ प्रतिशतले मात्र जन्म दर्ता गरेका छन् भने यस प्रदेश मा जम्मा ६३.७ प्रतिशतले जन्म दर्ता गरेका छन् । यस प्रदेशमा अझैं पनि ३६.३ प्रतिशत शिशुहरुको जन्म दर्ता भएको छैन।

५.२.३ विवाहको उमेर

२०-४९ र २५-४९ वर्षका महिला र पुरुषहरुको पहिलो बिबाह गर्दाको मध्यिका (Median) उमेर तालिका ५.१० मा छ । २०-४९ वर्षका महिलाहरुमा नेपालको पहिलो बिबाह गर्दाको मध्यिका उमेर १८.१ वर्ष छ भने यस प्रदेशको १९.७ वर्ष रहेको छ । २०-४९ वर्षका पुरुषमा भने नेपालको मध्यिका उमेर २१.७ वर्ष छ भने यस प्रदेशको सबैभन्दा धेरै २३.२ छ । यस प्रदेशका आधा किशोरीहरु अझै पनि २० वर्ष नपुग्दै बिबाह गर्छन् ।

तालिका ५.१० : पहिलो बिबाह गर्दाको माध्यिका (Median) उमेर

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
२०-४९ वर्षका महिलाको पहिलो बिबाह गर्दाको उमेर	१९.७	१८.१	१९.५	१६.५	१८.६	१८.१	१७.४	१७.७
२५-४९ वर्षका महिलाको पहिलो बिबाह गर्दाको उमेर	१९.४	१७.९	१९.४	१६.३	१८.४	१७.७	१७.३	१७.३
२० -४९ वर्षका पुरुषको पहिलो बिबाह गर्दाको उमेर	२३.२	२१.७	२२.७	२०.६	२२.०	२१.०	२०.०	२०.३

स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

५.२.४ प्रजनन र परिवार नियोजन

नेपालका महिलाहरुले प्रजनन् उमेर (१५-४९ वर्ष) भित्र औसतमा २.३ शिशुलाई जन्म दिन्छन भने यस प्रदेशका सोही उमेर समूहका महिलाहरुले औसतमा १.८ शिशुलाई जन्म दिन्छन् (तालिका ५.११)। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ भैरहँदा नेपालका कुल ४.२ प्रतिशत महिला गर्भवति थिए भने यस प्रदेशमा ३.२ प्रतिशत थियो ।

तालिका ५.११: प्रजनन सम्बन्धी विवरण

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
कुल प्रजनन् दर	१.८	२.३	२.३	३.०	२.०	२.४	२.८	२.२
१५-४९ वर्षका महिलाहरुमा गर्भवती महिलाको प्रतिशत	३.२	४.२	३.८	६.३	२.६	३.९	५.०	४.१
हाल २५-४९ वर्षका महिलाहरुले आफ्नो पहिलो शिशु जन्माउँदाको उमेर	२१.४	२०.४	२१.५	१९.२	२०.६	२०.३	१९.८	१९.८
आमा बनेका १५-१९ वर्षका किशोरीहरुको प्रतिशत	१०.१	१६.७	१५.५	२७.३	१३.९	१३.४	१८.८	१६.१

स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

नेपालका प्रजनन् उमेर (१५-४९ वर्ष) का विवाहित महिलाहरुमध्ये ५२.६ प्रतिशतले मात्र परिवार नियोजनका साधन प्रयोग गर्ने गर्छन् भने यस प्रदेशको सोही उमेर समूहका ६०.६ प्रतिशत महिलाले परिवार नियोजनका साधन प्रयोग गर्छन् । परिवार नियोजन सम्बन्धि थप विवरण अनुसूची ५.१ मा छ ।

५.२.५ सुत्केरी महिला र नवजात शिशुको स्याहार

दिगो बिकाश लक्ष्य अनुसार नवजात शिशुको मृत्युदर र बाल मृत्युदर सन् २०३० सम्ममा क्रमशः १२ र २० (प्रति १,००० जिबित शिशुमा) पु-याउने लक्ष्य छ भने नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०१६ -०२१ ले सन् २०२१ सम्ममा नवजात शिशुको मृत्युदर र बाल मृत्युदर क्रमशः १७.५ र २८.० मा पु-याउने लक्ष्य लिएको छ । हाल नेपालको नवजात शिशु, शिशु र बाल मृत्युदर क्रमशः २१, ३२ र ३९ छ भने यस प्रदेशमा क्रमशः १७, २९ र ३६ छ। त्यसैगरी, नेपालका लगभग ६ प्रतिशत गर्भवति महिलाहरुले कुनै प्रकारको गर्भवती जाँच गराएका छैनन् भने यस प्रदेशमा ६.४ प्रतिशतले सो जाँच गराएका छैनन्। गर्भधारण भएको चौथो, छैठौ, आठौं र नवौं महिनामा गर्भवती जाँच सेवा लिने महिलाको प्रतिशत नेपालमा ५८.८ छ भने यस प्रदेशको हकमा ७०.७ छ जुन अन्य प्रदेशको भन्दा धेरै हो । जिवित शिशु जन्माउने महिलाहरुमध्ये २९.३ प्रतिशत महिलाले कुनै पनि स्वास्थ्य संस्थाको सहयोग विना बच्चा जन्माउछन् । सुत्केरी तथा नवजात शिशुको स्याहारसम्बन्धी संक्षिप्त विवरण तालिका ५.१२ मा छ र विस्तृत विवरण अनुसूची ५.२ मा छ।

तालिका ५.१२: सुत्केरी महिला तथा नवजात शिशुको स्याहार

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
नवजात शिशु मृत्यु दर[९०]	१७	२१	२२	३०	१५	३०	२९	४१
शिशु मृत्यु दर[९१]	२९	३२	३१	४३	२३	४२	४७	५८
बाल मृत्यु दर[९२]	३६	३९	३६	५२	२७	४५	५८	६९
तालिम प्राप्त वा दक्ष्य स्वास्थ्यकर्मीबाट गर्भवती (ए.एन्.सि.) सेवा लिने महिलाको प्रतिशत	८५.१	८३.६	८२.७	८१.६	८७.३	८४.७	७३.०	९०.५
गर्भवती (ए.एन्.सि.) सेवा नलिने महिलाको प्रतिशत	६.४	५.९	४.५	५.६	६.३	४.७	१४.७	४.४
तोकिएकै महिनामा (चौथो, छैठौ, आठौं र नवौं) गर्भवती (ए.एन्.सि.) सेवा लिने महिलाको प्रतिशत	७०.७	५८.८	६२.६	३६.१	६६.५	६७.३	४७.३	७३.०
स्वास्थ्य संस्थामा जिबित बच्चा जन्माएका महिलाहरुको प्रतिशत	७०.७	५७.४	६२.२	४४.६	६८.३	५९.४	३५.६	६६.४

[९०] *Neonatal mortality rate is the probability of dying within the first month of life expressed per 1000 live births.*

[९१] *Infant Mortality rate is the probability of dying before the first birthday expressed per 1000 live births.*

[९२] *Under 5 mortality rate is the probability of dying between birth and the fifth birthday expressed per 1000 live births.*

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
पछिल्लो पटक गर्भवती हुँदा कुनै तयारी नगर्ने महिलाको प्रतिशत (जिबित बच्चा जन्माउने मध्ये)	१२.१	१६.२	७.३	२३.३	६.८	१६.७	२२.१	२५.५
सुरक्षित गर्भपतन गराउने ठाउँको जानकारी भएका सबै महिलाको प्रतिशत	४०.८	४८.०	४९.८	५३.१	४३.६	४७.३	५४.२	५२.९

स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

५.२.६ वाल स्वास्थ्य

यस प्रदेशमा जन्मेका लगभग ९.७ प्रतिशत शिशुहरु अतिकम तौलका (२.५ के.जी.) छन् । नेपाल सरकारद्वारा अति आवश्यक तोकेका खोपहरु नलगाउने १२-२३ महिनाका शिशुको प्रतिशत नेपालमा ३८.६ प्रतिशत छ भने यस प्रदेशमा २९.७ प्रतिशत छ । त्यसैगरी, यो प्रदेशका ५ वर्षभन्दा कम उमेरका २.४ प्रतिशत बच्चाहरु स्वास प्रस्वास समस्याबाट ग्रसित छन् । बाल स्वास्थ्य सम्बन्धी थप विवरण तालिका ५.१३ मा छ ।

तालिका ५.१३ : बाल स्वास्थ्य

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
जन्मिदा तौल मापन गरेका मध्ये कम तौल (२.५ किलोग्राम भन्दाकम) भएका शिशुहरुको प्रतिशत	९.७	१२.३	१२.३	१३.७	१०.०	१४.१	१३.८	१२.९
तोकिएका सबै खोप[13] लगाउने १२-२३ महिनाका शिशुहरुको प्रतिशत	२९.७	३८.३	४०.०	२९.०	७३.०	४६.७	३१.७	२७.९
श्वास-प्रश्वास समस्याका (ए.आर.आइ.) लक्ष्यण देखिएका ५ वर्ष मुनिका शिशुको प्रतिशत	२.४	२.४	३.३	१.५	१.७	२.९	३.४	२.६
शिशुको दिशा सुरक्षित तरिकाले फाल्नेको प्रतिशत	६८.९	४६.०	५७.१	११.५	६९.३	४९.१	५९.७	४५.८

स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

नेपालका पाँच वर्ष मुनिका ३५ प्रतिशतभन्दा बढी शिशुहरुमा कुपोषणको समस्या छ भने यस प्रदेशमा ३० प्रतिशतमा यस्तो समस्या छ । नेपालका ६-५९ महिनाका आधाभन्दा धेरै शिशुहरुमा रक्त अल्पत्ताको लक्षण छ भने यस प्रदेशमा

[13] *BCG, three doses of DPT-HepB-Hib, three doses of oral polio vaccine and one dose of measles rubella*

४२.८ प्रतिशतमा यो लक्षण छ । त्यसैगरी नेपालका १७.२ प्रतिशत प्रजनन उमेर (१५-४९ वर्ष) का महिला कम तौलका छन भने यस प्रदेशका ११.५ प्रतिशत महिलामा सो समस्या छ । यो प्रदेशका १० प्रतिशत महिलाहरुमा मोटोपन छ जुन नेपालको औसतभन्दा दोब्बर हो । त्यसैगरी यो प्रदेशका २९ प्रतिशत महिलामा सामान्य रक्त अल्पत्ताको समस्या देखिन्छ। पोषणसम्बन्धी थप विवरण तालिका ५.१४ मा छ ।

तालिका ५.१४ : बाल तथा महिला पोषण

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
४	सिन्धुपाल्चोक	जुगल गाउँपालिका
५	सिन्धुपाल्चोक	हेलम्बु गाउँपालिका
६	सिन्धुपाल्चोक	त्रिपुरा सुन्दरी गाउँपालिका
७	सिन्धुपाल्चोक	पाँचपोखरी थाङपाल गाउँपालिका
८	सिन्धुपाल्चोक	लिसंखुपाखर गाउँपालिका
९	काभ्रेपलाञ्चोक	चौंरी देउराली गाउँपालिका
१०	काभ्रेपलाञ्चोक	महाभारत गाउँपालिका
११	काभ्रेपलाञ्चोक	खानीखोला गाउँपालिका
१२	ललितपुर	कोन्ज्योसोम गाउँपालिका
१३	नुवाकोट	पञ्चकन्या गाउँपालिका
१४	नुवाकोट	बेलकोटगढी नगरपालिका
१५	नुवाकोट	तारकेश्वर गाउँपालिका
१६	नुवाकोट	मेघाङ गाउँपालिका
१७	धादिङ	गङ्गाजमुना गाउँपालिका
१८	धादिङ	खनियाबास गाउँपालिका

सि.नं.	जिल्ला	स्थानीय तह
१९	धादिङ	रुवीभ्याली गाउँपालिका
२०	मकवानपुर	कैलाश गाउँपालिका
२१	मकवानपुर	वाग्मती गाउँपालिका
२२	मकवानपुर	राक्सिराङ्ग गाउँपालिका

स्रोतः नेपाल राष्ट्र बैंक, ०७५

६.६ सार्वजनिक संस्थानहरू

यस प्रदेशमा ३८ वटा सार्वजनिक संस्थानहरू रहेका र ती मध्ये ३६ वटा सञ्चालनमा छन भने २ वटा नेशनल कन्सट्रक्सन कम्पनी नेपाल लि. र नेपाल इन्जिनियरीङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि. सञ्चालनमा रहेका छैनन् । यस प्रदेशमा रहेका ३८ वटा सार्वजनिक संस्थान मध्ये काठमाडौं उपत्यकाभन्दा बाहिर एउटा मात्र सार्वजनिक संस्थान रहेको छ जसमा हेटौडा सिमेन्ट उद्योग लिमिटेड पर्दछ । क्षेत्रगत रूपमा यस प्रदेशमा रहेका संस्थानहरू र तिनीहरूको विवरण तालिका ६.१८ मा छ भने विस्तृत विवरण अनुसूची ६.७ मा छ।

तालिका ६.१८: क्षेत्रगतरूपमा यस प्रदेशमा रहेका संस्थान

क्र.सं.	क्षेत्र	सङ्ख्या	सार्वजनिक संस्थानहरू	सञ्चालनमा नरहेका
१.	औद्योगिक	५	दुग्ध विकास संस्थान, जडिबुटी उत्पादन तथाप्रशोधन कम्पनी लिमिटेड, हेटौडा सिमेण्ट उद्योगलिमिटेड,नेपाल औषधी लिमिटेड, नेपाल ओरिण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड	
२.	व्यापारिक	६	कृषि सामग्री कम्पनि लिमिटेड, राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड, नेशनल ट्रेडिङ लिमिटेड, नेपाल खाद्य संस्थान, नेपाल आयल निगम लिमिटेड, दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	
३.	सेवा	७	औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनि लिमिटेड,नेपाल वायुसेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड	नेपाल इन्जिनियरीङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि., नेशनल कन्सट्रक्सन कम्पनी नेपाल लि.,
४.	सामाजिक	५	सास्कृतिक सँस्थान, गोरखापत्र संस्थान, जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड, नेपाल टेलिभिजन, राष्ट्रिय आवास कम्पनि लिमिटेड	
५.	जनोपयोगी	५	नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण, नेपाल दुर संचार कम्पनि लिमिटेड, विद्युत उत्पादन कम्पनी लिमिटेड, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी	

क्र.सं.	क्षेत्र	सङ्ख्या	सार्वजनिक संस्थानहरू	सञ्चालनमा नरहेका
६.	वित्तीय	१०	कृषि विकास बैंक लिमिटेड, राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, एन.आई.डि.सी. डेभलपमेण्ट बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैक लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नागरिक लगानी कोष, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, नेपाल बैंक लिमिटेड	

स्रोतः सार्वजनिक सँस्थानको वार्षिक स्थिति समीक्षा २०७५, नेपाल सरकार, अर्थ मन्त्रालय ।

६.७ प्रतिव्यक्ति आय

मानव विकाश प्रतिवेदन, २०१४ अनुसार यस प्रदेशका र १३ वटै जिल्लाहरुको प्रतिव्यक्ति आय तालिका ६.१९ मा छ । नेपालको औसत प्रतिव्यक्ति आय ११६० अमेरिकी डलर छ भने यस प्रदेशको १७६७ अमेरिका डलर छ । यस प्रदेशको प्रतिव्यक्ति आय नेपालको औसत प्रतिव्यक्ति आयभन्दा ६०७ अमेरिकी डलरले बढी छ । यस प्रदेशका १३ जिल्लामध्ये काठमाडौंको प्रतिव्यक्ति आय सबैभन्दा धेरै २७६४ अमेरिकी डलर छ भने सिन्धुलीको सबैभन्दा कम ८२२ अमेरिकी डलर छ । यस प्रदेशका १३ वटै जिल्लाहरुको क्षेत्रगत प्रतिब्यक्ति आय अनुसूची ६.७ मा छ ।

तालिका ६.१९ : जिल्लाहरुको प्रतिव्यक्ति आय (२०११ वा २०६७/ ६८)

क्र. सं.	जिल्ला	(रु.दस लाखमा)			प्रतिव्यक्ति आय (अमेरिकी डलरमा)	प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) पि पि पि
		कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थता सहित)	कुल मूल्य अभिवृद्धि (आधारभूत मल्यमा)	कुल ग्राहस्थ उत्पादन (उत्पादकको मल्यमा)		
१	सिन्धुली	१०२१४	९८८४	१०८२२	५०९	८२२
२	रामेछाप	८०९५	७८३६	८५७९	५८८	९५१
३	दोलखा	७२२५	६९९२	७६५५	५७१	९२२
४	सिन्धुपा	१३४०९	१२९७६	१४२०८	६८७	१११०
५	काभ्रेपला	२२५०४	२१७७८	२३८४४	८६६	१३९९
६	ललितपुर	३७३८६	३६१७९	३९६१२	११७२	१८९४
७	भक्तपुर	१७७१४	१७१४२	१८७६९	८५४	१३७९
८	काठमा	२०५५४०	१९६७२३	२१५३९१	१७१०	२७६४
९	रसुवा	२७६७	२६७७	२९३१	९४१	१५२०
१	नुवाकोट	१२६७६	१२२६७	१३४३१	६७२	१०८६
१	धादिङ	१३८३८	१३३९२	१४६६२	६०७	९८२
१	मकवान	२४९६३	२४१५७	२६४४९	८७३	१४१०
१	चितवन	३७३९८	३६२७१	३९७१३	९५१	१५३७
	प्रदेश ३	४१३७३०	३९८२७३	४३६०६६	१०९४	१७६७

क्र. सं.	जिल्ला	(रु.दस लाखमा)			प्रतिव्यक्ति आय (अमेरिकी डलरमा)	प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) पि पि पि
		कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थता सहित)	कुल मूल्य अभिवृद्धि (आधारभूत मल्यमा)	कुल ग्राहस्थ उत्पादन (उत्पादकको मल्यमा)		
	नेपाल	१२९००४७	१२४८४८२	१३६६९५३	७१८	११६०
	प्रदेश ३	३२.०७	३१.९	३१.९	१५२.३७	१५२.३३

स्रोत: नेपाल मानव बिकास प्रतिबेदन, २०१४ बाट बिश्लेषण गरिएको

मानव विकास प्रतिबेदन, २०१४ अनुसार २०६७/ ६८ को कुल ग्राहस्थ उत्पादनबाट निकालिएको प्रादेशिक प्रतिशत र आर्थिक सर्वेक्षण २०७४/ ७५ मा प्रस्तुत गरिएको कुल ग्राहस्थ उत्पादनका आधारमा प्रक्षेपण गरिएको २०७४/ ७५ को प्रादेशिक कुल ग्राहस्थ उत्पादनको विवरण तालिका ६.२० मा छ । यस प्रदेशले नेपालको कुल ग्राहस्थ उत्पादनमा ३१.९० प्रतिशत योगदान गर्दछ । जस अनुसार आ. व. २०७४/ ७५ का लागि यस प्रदेशको कुल ग्राहस्थ उत्पादन ९५९३३०० (लाख रुपैयाँ) प्रक्षेपण गरिएको छ। नेपालको प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) १००४ भएको स्थितिमा यस प्रदेशको प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) १५३५ प्रक्षेपण गरिएको छ ।

तालिका ६.२० : आर्थिक वर्ष २०७४/ ७५ का लागि प्रक्षेपण गरिएको कुल ग्राहस्थ उत्पादन - रु दस लाखमा (प्रचलित मूल्यमा)

विवरण	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
२०६७/ ६८ को कुल ग्राहस्थ उत्पादन[२४]	४३६०६६	१३६६९५३	२३८६८४	२२१९१७	१२७०१०	२०३७७८	५२८९८	८६५९९
२०६७/ ६८ को प्रतिशत	३१.९०	१००.००	१७.४६	१६.२३	९.२९	१४.९१	३.८७	६.३४
२०७४/ ७५ को प्रक्षेपित कुल ग्राहस्थ उत्पादन[२५]	९५९३३०	३००७२४६	५२५०९५	४८८२०९	२७९४१७	४४८३०५	११६३७४	१९०५१५
प्रति व्यक्ति आय (अमेरिकी डलरमा)[२६]	१५३५	१००४	१०२४	७९९	१०२८	८८१	६५५	६६०

स्रोत: नेपाल मानव विकास प्रतिबेदन, २०१४ बाट बिश्लेषण गरिएको; आर्थिक सर्बक्षण २०७४/ ७५

[२४]नवलपरासी जिल्लाको आदि कुल गार्हस्थ्य उत्पादन प्रदेश ४ मा र बाँकि आदि प्रदेश ५ मा राखीएको छ भने रुकुम जिल्लाको आदि कुल गार्हस्थ्य उत्पादनप्रदेश ५ मा र बाँकी आदिलाई प्रदेश ५ मा राखी निकालिएको हो

[२५]आर्थिक सर्वेक्षण २०७४/ ७५ र २०६७/ ६८ को कुल गार्हस्थ्य उत्पादनको प्रतिशतबाट निकालिएको

[२६]Exchange rate: 1 US$=NPR. 102.51

जिल्लागत घरेलु तथा साना र ठूला उद्योगहरु (संख्यामा)

उपत्यका	ललितपूर	भक्तपुर	काठमाडौं
घरेलु तथा साना उद्योग	१३,२३६	४,९६६	४५,२८८
ठुला उद्योग	८४३	१७०	३,३४५

परिच्छेद सात : शासकीय र अन्तरसम्बन्धित क्षेत्र

७.१ शान्ति सुरक्षा

गुणस्तरीय जीवन यापनको लागि शान्ति सुरक्षा आवश्यक छ । यस प्रदेशमा भएका सुरक्षा निकायहरूको विवरण तालिका ७.१ र ७.२ मा छ । शान्ति सुरक्षामात्र होइन आगलागी, महामारी, दैवी प्रकोप एवं विपत्तीका बेला तत्कालै जनतालाई सेवा पुऱ्याउनु पर्ने कुराहरु सुरक्षात्मक सेवामा समेटिएको हुन्छ । आगलागी तथा बाढीका बखत जिल्ला प्रशासन, प्रहरी, शसस्त्र प्रहरी, स्थानीय निकायहरु, नेपाली सेना, रेडक्रस, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु र स्थानीय व्यक्तिहरुबाट उद्धारको काम गरिदैं आएको छ । प्रदेशका सबै प्रहरी कार्यालयहरुमा दैवी प्रकोपलाई सामना गर्न आवश्यक सामग्री सहितको उद्धार टोली गठन गरिने व्यवस्था रहेको छ । कतिपय अवस्थामा नेपाली सेनाले दैवी प्रकोपको समयमा सहयोग र उद्धार कार्य गरिरहेको छ। आगलागी र बाढी पहिरो पिडीतलाई जिल्ला दैवी प्रकोप उद्धार समितिले राहत सामग्री वितरण गर्दै आएको छ । यी प्रयास बाहेक नेपाल रेडक्रस सोसाईटीका शाखा तथा प्रशाखाहरुबाट बाढी पिडीत, आगलागी तथा अन्य प्राकृतिक प्रकोपमा परेकाहरुका लागि राहत उपलब्ध गराउँदै आएको छ ।

तालिका ७.१ : प्रदेश प्रहरी कार्यालय र अन्तर्गतका कार्यालय र चौकीहरुको विवरण

क्र. सं.	जिल्ला	जि.प्र. का.	ट्रा.प्र. का.	इ.प्र. का.	प्र.चौ.	अ.प्र. पोष्ट	सा.प्र. से.केन्द्र	अन्य	आफनो भवन भएका	आफनो भवन नभएका	कुल सङ्ख्या
१	सिन्धुली	१	१	६	१८	१	१	३	९	२२	३१
२	रामेछाप	१		५	१७	१	०	४	६	२२	२८
३	दोलखा	१	१	५	११	२	०	३	५	१८	२३
४	सिन्धुपाल्चोक	१	१	४	१८	४	१	४	११	२२	३३
५	काभ्रेपलाञ्चोक	१	१	५	२४	२	०	७	१७	२३	४०
६	रसुवा	१	१	१	९	२	०	२	७	९	१६
७	नुवाकोट	१	१	४	१५	६	१	३	८	२३	३१
८	धादिङ	१	२	७	१७	६	०	३	१०	२६	३६
९	मकवानपुर	१	१	८	२०	४	५	४	१७	२६	४३
१०	चितवन	१	१	९	१३	२१	२	६	१४	३९	५३

क्र. सं.	जिल्ला	जि.प्र. का.	ट्रा.प्र. का.	इ.प्र. का.	प्र.चौ.	अ.प्र. पोष्ट	सा.प्र. से.केन्द्र	अन्य	आफनो भवन भएका	आफनो भवन नभएका	कुल सङ्ख्या
जम्मा		१०	१०	५४	१६२	४९	१०	३९	१०४	२३०	३३४

स्रोत : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

तालिका : ७.२ महानगरीय प्रहरी कार्यालय र अन्तर्गतका कार्यालय र चौकीहरुको विवरण

जिल्ला	महानगरीय परिसर	वृत	प्रभाग	ई.प्र.का	प्रहरी चौकी	अ.चौ	सा.प्र.से.के	म.न.ट्रा.प्र.	अन्य	आफनो भवन भाडाका	आफनो भवन नभएका
ललितपुर	१	२	१८	१	८	०	२	६	७	२१	२४
भक्तपुर	१	२	१३		१	१	२	३		१३	१०
काठमाडौं	१	१४	३३	१	२	०	२५	२७	१२	६१	५४
जम्मा	३	१८	६४	२	११	१	२९	३६	१९	९५	८८

स्रोत : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

७.२ निजामति कर्मचारी

निजामति किताबखानाको सन् २०१८ जनवरीको तथ्याङ्क अनुसार नेपालमा कुल ८६ हजार १८० निजामति कर्मचारी रहेका छन् । कुल कमर्चारीमध्ये ६६ हजार ७०५ अर्थात ७७.४ प्रतिशत पुरूष र १९ हजार ४७५ अर्थात २२.६ प्रतिशत महिला रहेका छन् । यस प्रदेशमा कुल २९ हजार ८०७ कर्मचारी रहेका र पुरूष २३ हजार ८८ जना अर्थात ७७.४६ प्रतिशत र महिला ६ हजार ७१९ जना अर्थात २२.५४ प्रतिशत रहेका छन् । जिल्लागत रूपमा यस प्रदेशमा रहेका कर्मचारीको विवरण देहाय अनुसार रहेको छ ।

तालिका ७.३ : निजामती कर्मचारीहरूको विवरण

सि.नं.	जिल्ला	पुरूष		महिला		जम्मा	प्रदेशको कुल कर्मचारीमा प्रतिनिधित्व %
		सङ्ख्या	%	सङ्ख्या	%		
१	सिन्धुली	५७८	७४.०१	२०३	२५.९९	७८१	२.६२
२	रामेछाप	४९०	७५.९७	१५५	२४.०३	६४५	२.१६
३	दोलखा	५२५	७३.९४	१८५	२६.०६	७१०	२.३८
४	सिन्धुपाल्चोक	५५४	६९.७७	२४०	३०.२३	७९४	२.६६
५	काभ्रेपलाञ्चोक	७५१	७३.७०	२६८	२६.३०	१०१९	३.४२

सि.नं.	जिल्ला	पुरूष		महिला		जम्मा	प्रदेशको कुल कर्मचारीमा प्रतिनिधित्व %
		सङ्ख्या	%	सङ्ख्या	%		
६	ललितपुर	२५४६	७९.५४	६५५	२०.४६	३२०१	१०.७४
७	भक्तपुर	९१७	७५.६६	२९५	२४.३४	१२१२	४.०७
८	काठमाडौं	१३१५८	७८.२८	३६५१	२१.७२	१६८०९	५६.३९
९	रसुवा	३४७	८०.३२	८५	१९.६८	४३२	१.४५
१०	नुवाकोट	६३९	७६.३४	१९८	२३.६६	८३७	२.८१
११	धादिङ्	५०७	७२.०२	१९७	२७.९८	७०४	२.३६
१२	मकवानपुर	१०११	७८.३१	२८०	२१.६९	१२९१	४.३३
१३	चितवन	१०६५	७७.६२	३०७	२२.३८	१३७२	४.६०
	प्रदेशको जम्मा	२३०८८	७७.४६	६७१९	२२.५४	२९८०७	१००
	नेपालको जम्मा	६६७०५	७७.४	१९४७५	२२.६	८६१८०	
	प्रदेशको %	३४.६१	७७.४६	३४.५०	२२.५४	३४.५९	

स्रोतः निजामती किताबखाना, २०७५

७.३ कारागार र कैदीबन्दी सम्बन्धी विवरण

आपराधिक गतिविधिमा संलग्न भएवापत कानून वमोजिम सजाय पाएका व्यक्तिहरूलाई सजाय भुक्तानको लागि यस प्रदेशका सवै जिल्लामा कारागारको व्यवस्था गरिएको छ । उक्त कारागारमा २०७५ जेष्ठ मसान्तसम्ममा रहेका कैदी वन्दीहरूको विवरण तालिका ७.४ मा छ ।

तालिका ७.४ : २०७५ जेष्ठमसान्तसम्म कारागारमा रहेका कैदी वन्दीहरुको विवरण

क्र.सं.	जिल्ला	पुरुष	महिला	जम्मा	आश्रित	विदेशी
१	सिन्धुली	९६	११	१०७	१	१
२	रामेछाप	२८१	०	२८१	०	१६
३	दोलखा	७८	०	७८	०	०
४	सिन्धुपाल्चोक	०	०	०	०	०
५	काभ्रेपलाञ्चोक	१८१	०	१८१	०	३
६	ललितपुर (नख्खु)	८१९	०	८१९	०	६५
७	काठमाण्डौं (जगन्नाथदेवल)	२३८१	३३०	२७११	३	२०२

क्र.सं.	जिल्ला	पुरुष	महिला	जम्मा	आश्रित	विदेशी
८	काठमाण्डौं (डिल्लीबजार)	५७३	०	५७३	०	२५
९	रसुवा	१०३	५	१०८		५
१०	नुवाकोट	१४२	११	१५३	०	०
११	धादिङ्ग	१८८	११	१९९	२	१२
१२	चितवन	५८०	५६	६३६	३	१४
१३	मकवानपुर (भिमफेदी)	८३०	०	८३०	०	५३

स्रोत : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

७.४ मानव अधिकार

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्याङ्क अनुसार सन् २०१७ मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घनको क्षेत्रमा ८१२ वटा घटना भएको उल्लेख छ, जसमा राज्यपक्षबाट ११० जना र गैरराज्य पक्षबाट ७०२ जना पिडीत भएको उल्लेख छ । पीडित महिलाको सङ्ख्यालाई हेर्दा राज्यपक्षबाट आठ जना र गैरराज्यपक्षबाट ५७७ जना रहेको छ । यस अवधिमा यस प्रदेश अन्तर्गत भएका घटनामा यातनाबाट ५, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट ४३ र कुटपिटबाट ५२ जना पीडित भएका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३५ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा २०९ जना बालबालिका पीडित भएका छन् ।

तालिका ७.५ : मानव अधिकार उलङ्घनको स्थिति

घटनाको प्रकार	राज्य पक्षबाट				गैरराज्य पक्षबाट			
	महिला	पुरूष	नखुलेको	जम्मा	महिला	पुरूष	नखुलेको	जम्मा
अपहरण						२		२
गिरफ्तारी	१	३२		३३				
कुटपिट		५		५	५	४२		४७
वाल अधिकार					२०५	४		२०९
हिरासत वा थुनामा मृत्यु		१		१				
आर्थिक। सामाजिक। साँस्कृतिक अधिकार						२	१	३
अमानवीय व्यवहार						४		४
घाइते	१	१८		१९	७	३६		४३
हत्या		३		३	२३	२५		४८

घटनाको प्रकार	राज्य पक्षबाट				गैरराज्य पक्षबाट			
	महिला	पुरूष	नखुलेको	जम्मा	महिला	पुरूष	नखुलेको	जम्मा
जातीय विभेद					१	१		२
भेला। सङ्गठित हुने अधिकार	५	६	३२	४३				
धम्की					१	९		१०
यातना		५		५				
महिला अधिकार	१			१	३३४			३३४
प्रदेश जम्मा	८	७०	३२	११०	५७६	१२५	१	७०२
नेपाल	८६	६५९	३२	७७७	४५७८	७०३	१	५२८२
प्रदेश प्रतिशत	९.३०	१०.६२	१००.००	१४.१६	१२.५८	१७.७८	१००.००	१३.२९

स्रोतः इन्सेक, काठमाण्डौं, ०७५

७.५ घरेलु हिंसा

यस प्रदेशका १५-४९ वर्ष उमेर समूहका १९.६ प्रतिशत महिलाले आफ्नो जीवनमा कुनै न कुनै प्रकारको शारीरिक यातना भोगेका छन् भने ५.१ प्रतिशत महिलाले गर्भवती रहेको बेलामासमेत यातना भोगेका छन् । त्यसैगरी ७.६ प्रतिशत महिलाले आफ्नो जीवनमा यौनजन्य हिंसा भोगेका छन् जुन नेपालको औसतभन्दा धेरै हो । आफ्नो जीवनमा शारीरिक र यौनजन्य यातना भोगेको यस प्रदेशका ६०.१ प्रतिशत महिलाले सो बारेमा कसैसंग कुरा गर्ने गरेका छैनन्।

तालिका ७.६: १५-४९ वर्ष उमेर समूहका महिलाले भोगेको घरेलु हिंसा

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
शारीरिक हिंसा भोगेका महिलाको प्रतिशत	१९.६	२१.८	१८.९	३४.२	१२.०	२२.६	१५.०	१७.४
गर्भवती हुदा हिंसा भोगेका महिलाको प्रतिशत	५.१	५.८	४.२	९.३	२.६	६.०	४.२	५.६
यौनजन्य हिंसा भोगेका महिलाको प्रतिशत	७.६	६.९	६.३	६.१	४.९	८.३	७.७	७.५
पछिल्लो १ वर्षभित्र यौनजन्य हिंसा भोगेका महिलाको प्रतिशत	२.२	३.३	२.६	३.२	२.३	५.३	५.४	३.३

सूचकहरु	प्रदेश ३	नेपाल	अन्य प्रदेशको विवरण					
			प्रदेश १	प्रदेश २	गण्डकी	प्रदेश ५	कर्णाली	प्रदेश ७
हिंसा भोगेर पनि कसैलाई नबताउने वा कसैको सहयोग नलिने महिलाको प्रतिशत	६०.१	६६.४	५८.४	७६.४	४९.४	७०.४	५९.४	६४.९

स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

७.६ विपद् व्यवस्थापन

७.६.१ क्षति विवरण

यस प्रदेशमा भएका विपद्का घटनाहरूको विवरण तालिका ७.७ मा छ।

तालिका ७.७ : विपद्का घटनाबाट भएको क्षतिको अद्यावधिक विवरण

क्र.सं.	जिल्ला	घटना सङ्ख्या	मृत्यु				वेपत्ता	घाईते			प्रभावित परिवार	घर क्षती		गोठ क्षती	पशु चौपाया क्षती
			पुरुष	महिला	पहिचान नभएको	जम्मा		पुरुष	महिला	जम्मा		आंशिक	पूर्ण		
१	सिन्धुली	१६	६	१	०	७	०	४	२	६	१८	३	४	०	१
२	रामेछाप	१४	१	१	०	२	२	४	२	६	२७	१	३	१	१५
३	दोलखा	१२	३	०	०	३	१	३	३	६	२६	०	२	१	९
४	सिन्धुपाल्चोक	११	४	०	०	४	१	१	१	२	११	१	१	२	११
५	काभ्रेपलाञ्चोक	१२	३	०	०	३	३	१	०	१	१३	०	२	२	१
६	ललितपुर	१०	०	०	०	०	०	३	०	३	१२	२	०	०	०
७	भक्तपुर	९	०	०	०	०	०	१	१	२	११	१	४	१	०
८	काठमाण्डौ	३०	३	०	०	३	०	१	६	७	३८	८	१	२	०
९	नुवाकोट	११	३	०	०	३	१	१	१	२	१२	१	२	२	६
१०	रसुवा	८	०	१	०	१	०	१	०	१	११	०	७	०	०
११	धादिङ्ग	१३	४	४	०	८	५	२	७	९	२६	०	१५	०	१८
१२	मकवानपुर	२९	७	३	०	१०	०	११	१९	३०	३७	१	७	३	१
१३	चितवन	२९	७	३	०	१०	१	५	१	६	४१५	१२७	२६४	०	०
जम्मा (प्रदेश ३)		२०४	४१	१३	०	५४	१४	३८	४३	८१	६५७	१४५	३१२	१४	६२

स्रोत : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश ३

७.६.२ जोखिमको अवस्था

जोखिमको विश्लेषणको लागि यस प्रदेशका जिल्लाहरूलाई पहिरो, खडेरी, पर्यावरण र वर्षा तापमानको आधारमा वर्गीकरण गरिएको छ । थप विवरण तालिका ७.८, ७.९, ७.१० र ७.११ मा छ ।

तालिका ७.८: पहिरोको जोखिमका आधारमा जिल्लाहरूको स्थान (Rank)

क्र.स.	जिल्ला	प्रदेशस्तरमा जोखिम स्थान (Rank)	राष्ट्रियस्तरमा जोखिम स्थान (Rank)	स्कोर (Score)	समुह
१	काठमाण्डौं	१	२	०.८९८	अति उच्च
२	मकवानपुर	२	९	०.७३८	उच्च
३	रामेछाप	३	१३	०.७०५	उच्च
४	सिन्धुली	४	१८	०.७	उच्च
५	भक्तपुर	५	१९	०.६९६	उच्च
६	रसुवा	६	२३	०.६८६	उच्च
७	सिन्धुपाल्चोक	७	२४	०.६८३	उच्च
८	नुवाकोट	८	२७	०.६५२	उच्च
९	धादिङ्ग	९	२८	०.६४८	उच्च
१०	काभ्रेपलाञ्चोक	१०	३९	०.५४८	मध्यम
११	दोलखा	११	४०	०.५४२	मध्यम
१२	ललितपुर	१२	५५	०.३६२	न्युन
१३	चितवन	१३	५९	0	अति न्युन

स्रोतः उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय, प्रदेश ३, २०७५

तालिका ७.९: खडेरी/ अनावृष्टिको जोखिमका आधारमा जिल्लाहरूको स्थान (Rank)

क्र.स.	जिल्ला	प्रदेश स्तरमा जोखिम स्थान (Rank)	राष्ट्रिय स्तरमा जोखिम स्थान (Rank)	स्कोर (Score)	समुह
१	काठमाण्डौं	१	१०	०.७१७	उच्च
२	दोलखा	२	१७	०.६१९	उच्च
३	रामेछाप	३	१९	०.६१३	उच्च
४	धादिङ्ग	४	२२	०.५१७	उच्च
५	रसुवा	५	२७	०.४४६	मध्यम
६	भक्तपुर	६	३१	०.४१४	मध्यम
७	सिन्धुली	७	४१	०.३२७	न्युन
८	सिन्धुपाल्चोक	८	४८	०.२८	न्युन

क्र.स.	जिल्ला	प्रदेश स्तरमा जोखिम स्थान (Rank)	राष्ट्रिय स्तरमा जोखिम स्थान (Rank)	स्कोर (Score)	समुह
९	ललितपुर	९	४९	०.२७१	न्युन
१०	मकवानपुर	१०	५०	०.२७१	न्युन
११	नुवाकोट	११	५२	०.२५३	न्युन
१२	चितवन	१२	५३	०.२५१	न्युन
१३	काभ्रेपलाञ्चोक	१३	६९	०.१५६	अति न्युन

स्रोतः उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय, प्रदेश ३, २०७५

तालिका ७.१०: पर्यावरणीय जोखिमका आधारमा जिल्लाहरूको स्थान (Rank)

क्र.स.	जिल्ला	प्रदेश स्तरमा जोखिम स्थान (Rank)	राष्ट्रिय स्तरमा जोखिम स्थान (Rank)	स्कोर (Score)	समुह
१	भक्तपुर	१	१	१	अति उच्च
२	काठमाण्डौं	२	२	०.८४४	अति उच्च
३	रसुवा	३	१५	०.३९३	उच्च
४	दोलखा	४	२३	०.३३	मध्यम
५	सिन्धुपाल्चोक	५	२६	०.३	मध्यम
६	रामेछाप	६	२८	०.२७४	मध्यम
७	धादिङ्ग	७	३३	०.२४७	मध्यम
८	सिन्धुली	८	३४	०.२४४	मध्यम
९	नुवाकोट	९	३९	०.२१६	मध्यम
१०	ललितपुर	१०	५३	०.१३३	न्युन
११	चितवन	११	५९	०.११९	न्युन
१२	मकवानपुर	१२	६०	०.११७	न्युन
१३	काभ्रेपलाञ्चोक	१३	७२	०.०२२	अति न्युन

स्रोतः उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय, प्रदेश ३, २०७५

तालिका ७.११: वर्षा तापमान जोखिमको आधारमा जिल्लाहरूको स्थान (Rank)

क्र.स.	जिल्ला	प्रदेश स्तरमा जोखिम स्थान (Rank)	राष्ट्रिय स्तरमा जोखिम स्थान (Rank)	स्कोर (Score)	समुह
१	काठमाण्डौं	१	१	१	अति उच्च
२	रामेछाप	२	५	०.७७३	अति उच्च
३	भक्तपुर	३	६	०.७३६	अति उच्च

क्र.स.	जिल्ला	प्रदेश स्तरमा जोखिम स्थान (Rank)	राष्ट्रिय स्तरमा जोखिम स्थान (Rank)	स्कोर (Score)	समुह
४	चितवन	४	९	०.६८	अति उच्च
५	मकवानपुर	५	१०	०.६७७	अति उच्च
६	दोलखा	६	२०	०.५१८	उच्च
७	सिन्धुपाल्चोक	७	२६	०.४८८	उच्च
८	धादिङ्ग	८	३४	०.४१	मध्यम
९	नुवाकोट	९	३९	०.३७४	मध्यम
१०	सिन्धुली	१०	४२	०.३६८	मध्यम
११	रसुवा	११	४५	०.३५९	मध्यम
१२	ललितपुर	१२	४९	०.३३७	न्युन
१३	काभ्रेपलाञ्चोक	१३	६०	०.२३८	न्युन

स्रोतः उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय, प्रदेश ३, २०७५

खडेरी/अनावृष्टिको जोखिमका आधारमा जिल्लाहरुको स्थान



उपत्यका	ललितपुर	भक्तपुर	काठमाडौं
प्रदेश स्तरमा जोखिम स्थान	९ औं	६ औं	१ औं
राष्ट्रि स्तरमा जोखिम स्थान	४९औं	३१ औं	१० औं

परिच्छेद आठ : संघीय, प्रादेशिक र स्थानीय निर्वाचन

८.१ प्रादेशिक र संघीय निर्वाचन क्षेत्र

नेपालको संविधानको धारा ८४ तथा धारा १७६ मा व्यवस्था भए बमोजिम प्रतिनिधिसभा तथा प्रदेश सभा गठन प्रयोजनार्थ मिति २०७४ साल मंसिर १० र २१ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको थियो । संवैधानिक व्यवस्था अनुसार प्रतिनिधिसभामा जम्मा ११० जना र प्रदेशसभामा जम्मा २२० जना समानुपातिक निर्वाचन प्रणाली मार्फत सांसदहरुको छनौट र १६५ र ३३० जना प्रत्यक्षबाट निर्वाचित भएका थिए ।

प्रादेशिक र संघीय निर्वाचन क्षेत्रको जिल्लागत विवरण तालिका ८.१ मा छ । तालिका अनुसार यस प्रदेशमा कुल ३३ वटा प्रतिनिधि सभा र ६६ वटा प्रदेश सभा निर्वाचन क्षेत्र छन ।

तालिका ८.१ प्रादेशिक र संघीय निर्वाचन क्षेत्र

क्र.सं.	जिल्ला	निर्वाचन क्षेत्र	
		प्रतिनिधिसभा	प्रदेश सभा
१	सिन्धुली	२	४
२	रामेछाप	१	२
३	दोलखा	१	२
४	सिन्धुपाल्चोक	२	४
५	काभ्रेपलाञ्चोक	२	४
६	ललितपुर	३	६
७	भक्तपुर	२	४
८	काठमाण्डौ	१०	२०
९	नुवाकोट	१	२
१०	रसुवा	२	४
११	धादिङ्ग	२	४
१२	मकवानपुर	२	४
१३	चितवन	३	६
प्रदेश जम्मा		३३	६६
नेपाल		१६५	३३०
समग्र नेपालको प्रतिशत		२०	२०

स्रोतः निर्वाचन आयोग, २०७४

८.२ प्रतिनिधिसभा

२०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत यस प्रदेशबाट निर्वाचित हुनुभएका उम्मेदवारहरुको विस्तृत विवरण अनुसूची ८.१ मा छ । यस प्रदेशमा रहेका १३ वटा जिल्लाका प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. सहित हरेक निर्वाचन क्षेत्रमा उठेका उम्मेदवारको सङ्ख्या, उम्मेदवार सङ्ख्या, कुल सदर मतको सङ्ख्या, विजयी उम्मेदवारको नाम, विजयी उम्मेदवारको राजनीतिक दल/ स्वतन्त्र, विजयी उम्मेदवार द्वारा प्राप्त मत, प्राप्त मत प्रतिशत तथा निकटतम प्रतिद्वन्दीसंगको फरक मत सहितको पूर्ण विवरण अनुसूची ८.१ मा छ । यस प्रदेशबाट उठेका कुल ४५२ उम्मेदवार मध्येबाट ३३ जना उम्मेदवार विजयी भई प्रतिनिधी सभामा सदस्य बनेका हुन् । प्रतिनिधि सभा सदस्य निर्वाचनको पार्टीगत नतिजा अनुसार यस प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले २७ सिटमा जित हासिल गरेको छ, जुन कुल ३३ सिटको ६०.६ प्रतिशत हो। नेपाली काँग्रेसले भने ५ सिटमा मात्र विजय हासिल गरेको छ।

८.३ प्रादेशिक संसदमा प्रतिनिधित्व

यस प्रदेशमा रहेका १३ वटा जिल्लाका प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. अन्तरगत रहेका प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. अनुसार हरेक निर्वाचन क्षेत्रमा उठेका उम्मेदवारको सङ्ख्या, कुल सदर मतको सङ्ख्या, विजयी उम्मेदवारको नाम, विजयी उम्मेदवारको राजनीतिक दल/ स्वतन्त्र, विजयी उम्मेदवारद्वारा प्राप्त मत, प्राप्त मत प्रतिशत तथा निकटतम प्रतिद्वन्दीसंगको फरक मत सहितको पुर्ण विवरण अनुसूची १.१ छ । यस प्रदेशबाट उठेका कुल ६३६ उम्मेदवार मध्येबाट ६६ जना उम्मेदवार विजयी भएका छन्। यस प्रदेशको संसदमा प्रनितिधित्व गर्ने समानुपातिक सांसदरूको विवरण अनुसूची १.१ मा छ ।

८.४ स्थानीय तहमा निर्वाचित पदाधिकारी

यस प्रदेशको स्थानिय तहका निर्वाचित प्रतिनिधीहरुको जिल्लागत सङ्ख्याको विवरण तालिका ८.२ मा छ । तालिका अनुसार नेपाल भरीका २९३ नगर प्रमुख र उपप्रमुख मध्ये ३४-३४ जना यस प्रदेशबाट निर्वाचित हुनु भएका छन् । त्यस्तै नेपाल भरीका ४६० अध्यक्ष र उपाध्यक्ष मध्ये ७४-७४ जना यस प्रदेशबाट निर्वाचित हुनुभएको छ भने ९८३ जना वडा अध्यक्ष, १९६६ जना सदस्य, ९८३ महिला सदस्य र ९३९ दलित सदस्य निर्वाचित हुनु भई आफ्नो कार्यभार सम्हाल्दै आईरहनु भएको छ । तालिका अनुसार यस प्रदेशमा सम्पुर्ण निर्वाचित जन प्रतिनिधी पदाधिकारीहरुको जम्मा सङ्ख्या ५०८७ छ । यो सङ्ख्या नेपाल भरीका निर्वाचित जनप्रतिनिधीहरुको जम्मा सङ्ख्या ३५,०४१ को तुलनामा १४.५ प्रतिशत हो ।स्थानीय निर्वाचन अन्तर्गत यस प्रदेशका विभिन्न जिल्लाहरुको स्थानीय तह (महानगर/ उप-महानगर / नगरपालिका र गाउँपालिका) हरुमा प्रमुख/ मेयर तथा उपप्रमुख/ उपमेयर र अध्यक्ष तथा उपाध्यक्ष पदमा निर्वाचित हुनुभएका उम्मेदवारहरुको विवरण अनुसूची ८.२ देखि ८.५ मा छ । यसैगरी जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखहरूको विवरण अनुसूची ८.६ मा छ।

तालिका ८.२ : स्थानीय तहका निर्वाचित प्रतिनिधीहरुको जिल्लागत सङ्ख्याको विवरण

क्र. सं.	जिल्ला	प्रमुख	उपप्रमुख	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष	सदस्य	महिला सदस्य	दलित महिला सदस्य	जम्मा
१	सिन्धुली	२	२	७	७	७९	१५८	७९	७९	४१३
२	रामेछाप	२	२	६	६	६४	१२८	६४	६४	३३६
३	दोलखा	२	२	७	७	७४	१४८	७४	७३	३८७
४	सिन्धुपाल्चोक	३	३	९	९	१०३	२०६	१०३	१०१	५३७
५	काभ्रेपलाञ्चोक	६	६	७	७	१३५	२७०	१३५	१२९	६९५
६	ललितपुर	३	३	३	३	७१	१४२	७१	५९	३५५
.७	भक्तपुर	४	४	०	०	३८	७६	३८	२९	१८९
८	काठमाडौं	११	११			१३८	२७६	१३८	१३१	७०५
९	रसुवा	०	०	५	५	२७	५४	२७	२१	१३९
१०	नुवाकोट	२	२	१०	१०	८८	१७६	८८	८६	४६२
११	धादिङ्ग	२	२	११	११	१०४	२०८	१०४	१०१	५४३
१२	मकवानपुर	२	२	८	८	१०२	२०४	१०२	१०२	५३०
१३	चितवन	६	६	१	१	९८	१९६	९८	९५	५०१
	प्रदेश	३४	३४	७४	७४	९८३	१९६६	९८३	९३९	५०८७
	नेपाल	२९३	२९३	४६०	४६०	६७४२	१३४८४	६७४२	६५६७	३५०४१
	प्रदेश %	११.६ %	११.६ %	१६.१ %	१६.१ %	१४.६ %	१४.६ %	१४.६ %	१४.३ %	१४.५ %

स्रोतः निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषित

८.५ राजनीतिक दलले स्थानीय तहमा प्राप्त गरेको सीट

स्थानीय निर्वाचन, २०७४ अन्तर्गत यस प्रदेशमा प्रतिस्पर्धा गरेका प्रमुख राजनीतिक दलहरुले बिभिन्न पदमा हासिल गरेको विजयी सिटको विवरण तालिका ८.३ मा रहेको छ । सो तालिकामा राजनीतिक दलहरुको नाम सहित ती दलले प्रमुख, उप-प्रमुख, अध्यक्ष र उपाध्यक्ष पदमा हासिल गरेको विजयी सिटको सङ्ख्या पनि उल्लेख गरिएको छ । तालिका अनुसार नेपाल कम्युनिष्ट पार्टीले यस प्रदेश भरीको कुल २३८ सिट मध्ये सर्वाधिक १६६ सिटमा विजय हासिल गरेको छ भने ६७ सिट सहित दोस्रो स्थानमा नेपाली काँग्रेस रहयो ।

तालिका ८.३ : प्रमुख राजनीतिक दलहरुले बिभिन्न पदमा हासिल गरेको विजयी सिटको विवरण

राजनीतिक दलको नाम	प्रमुख	उपप्रमुख	अध्यक्ष	उपाध्यक्ष	जम्मा
नेपाल कम्युनिष्ट पार्टी	३५	३४	४६	५१	१६६
नेपालीकाँग्रेस	९	१०	२६	२२	**६७**
राष्ट्रियप्रजातन्त्र पार्टी	०	०	१	१	**२**
नयाँशक्ति पार्टी,नेपाल	०	०	१		**१**
नेपालमजदुर किसान पार्टी	१	१			**२**
प्रदेश जम्मा	४५	४५	७४	७४	२३८
नेपाल	२९३	२९३	४६०	४६०	१५०६
प्रदेश %	१५.४%	१५.४%	१६.१%	१६.१%	१५.८%

स्रोतः निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषित

प्रदेश सभा निर्वाचन, २०७४ अन्तर्गत यस प्रदेशको नतिजा अनुसारको दलगत प्रतिनिधित्वको विवरण तालिका ८.४ मा छ । राजनीतिक दलहरुको नाम सहित ती दलले हासिल गरेको विजयी सिटको सङ्ख्या पनि उल्लेख छ । तालिका अनुसार नेपाल कम्युनिष्ट पार्टीको जम्मा ५७ सिट रहन गयो जुन यस प्रदेशको कुल सिटको ८६.३ प्रतिशत हो ।

तालिका ८.४ : प्रदेश सभा निर्वाचनको प्रदेश ३ मा दलगत प्रतिनिधित्व, निर्वाचन नतिजा २०७४

प्रदेश	नेपाल कम्युनिष्ट पार्टी	नेपाली काँग्रेस	राष्ट्रिय जनता पार्टी	संघीय समाजवादी फोरम	अन्य	जम्मा
३	५७	७			२	६६
जम्मा	**२४१**	**४१**	**१५**	**२०**	**१३**	**३३०**

स्रोतः निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषित

निर्वाचन, २०७४ अन्तर्गत यस प्रदेशमा समानुपातिकतर्फ विभिन्न राजनीतिक दलले प्राप्त गरेको सिट सङ्ख्याको तालिका ८.५ मा छ । तालिका अनुसार नेपाल कम्युनिष्ट पार्टीले यस प्रदेशभरी समानुपातिक तर्फको कुल ४४ सिट मध्ये सर्वाधिक २४ सिटमा विजय हासिल गरेको छ जुन ५४.५५ प्रतिशत हो ।

तालिका ८.५ : समानुपातिक तर्फ प्रदेश ३ मा विभिन्न राजनीतिक दलले प्राप्त गरेको सिट सङ्ख्या

राजनीतिक दल	प्रदेश ३	%	नेपाल	%
नेपाल कम्युनिष्ट पार्टी	२४	५४.५५	११०	५०.००
नेपाली काँग्रेस	१४	३१.८२	७२	३२.७३
संघीय समाजवादी फारम		०.००	१३	५.९१

राजनीतिक दल	प्रदेश ३	%	नेपाल	%
राष्ट्रिय जनता पार्टी		०.००	१२	५.४५
राष्ट्रिय प्रजातन्त्र पार्टी	१	२.२७	३	१.३६
विवेकशिल साझा	३	६.८२	३	१.३६
नयाँशक्ति		०.००	१	०.४५
राष्ट्रिय जनमोर्चा		०.००	२	०.९१
संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च		०.००	१	०.४५
नेपाल संघीय समाजवादी पार्टी		०.००	१	०.४५
नेपाल मजदुर किसान पार्टी	१	२.२७	१	०.४५
राष्ट्रिय प्रजातान्त्रिक पार्टी प्रजातान्त्रिक	१	२.२७	१	०.४५
जम्मा	**४४**	१००.००	**२२०**	१००.००

स्रोतः निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषित

निर्वाचन, २०७४ अन्तर्गत यस प्रदेशमा प्रत्यक्ष र समानुपातिक गरी विभिन्न राजनीतिक दलले प्राप्त गरेको सिट सङ्ख्याको विवरण तालिका ८.६ मा रहेको छ । तालिका अनुसार नेपाल कम्युनिष्ट पार्टीले प्रत्यक्ष र समानुपातिक तर्फको कुल ११० सिट मध्ये सर्वाधिक ८१ सिटमा विजय हासिल गरेको छ भने नेपाली काँग्रेस २१ सिट सहित दोस्रो स्थानमा रहयो ।

तालिका ८.६ : प्रत्यक्ष र समानुपातिक गरी ३ मा विभिन्न राजनीतिक दलले प्राप्त गरेको सिट सङ्ख्या

प्रदेश	नेकपा	काँग्रेस	फारम	राजपा	अन्य	प्रदेशको कुल सङ्ख्या
३	८१	२१			८	११०
जम्मा	३५१	११३			८६	५५०

स्रोतः निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषित

जिल्लागत स्थानीय तहहरु



उपत्यका	ललितपुर	भक्तपुर	काठमाडौं
महानगरपालिका	१ (२९)		१ (३२)
नगरपालिका	२ (२४)	४ (३८)	१० (१०६)
गाउँपालिका	३ (१८)		

म. न.पा. = महानगरपालिका
उ.म. न.पा. = उप महानगरपालिका
न.पा. = नगरपालिका
गा.पा. = गाउँपालिका
तालिका र नक्सामा कोष्ठ भित्रको संख्याले बडा संख्या जनाउँदछ

परिच्छेद नौ : निश्कर्ष, अवसर र चुनौती

सातवटा प्रदेश भएको नेपालको संघीय राजधानी काठमाडौ यही प्रदेशमा पर्दछ । राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, सांस्कृतिक, ऐतिहासिक र जनसांख्यिक दृष्टिले यस प्रदेशको विशेष महत्व छ । यो प्रदेशमा सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाडौ, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर र चितवन, गरी १३ जिल्ला रहेको यस प्रदेशबाट संघीय संसदको तल्लो सदन प्रतिनिधिसभामा ५५ जना सांसदको प्रतिनिधित्व छ भने प्रदेशसभामा प्रत्यक्ष र समानुपातिक गरी ११० सांसदको प्रतिनिधित्व छ। तीनवटा महानगरपालिका, एकवटा उपमहानगरपालिका, ४१ वटा नगरपालिका तथा ७४ वटा गाउँपालिका गरी ११९ स्थानीय तहहरू भएको यस प्रदेशको कुल भौगोलिक क्षेत्रफल २०,३०० वर्ग किलोमिटर छ भने वि.स. २०६८ को जनगणना अनुसार यस प्रदेशको जनसङ्ख्या ५५,२९,४५२ रहेको छ । यस वस्तुस्थिति विवरणमा प्रस्तुत गरिएका सूचना र तथ्याङ्कका आधारमा देखिएका मुख्य-मुख्य निश्कर्ष, अवसर र चुनौतीहरू देहाय बमोजिम रहेका छन्।

९.१ निश्कर्ष

१. जनसङ्ख्या

वि. सं. २०६८ को जनगणना अनुसार यस प्रदेशको ५५ लाख २९ हजार ४५२ रहेको छ, जुन नेपालको कुल जनसङ्ख्याको २०.८७ प्रतिशत हो । यहाँको कुल जनसङ्ख्यामध्ये पुरूष ४९.६९ प्रतिशत र महिला ५०.३१ प्रतिशत छ र वार्षिक जनसङ्ख्या वृद्धिदर १.९१ प्रतिशत रहेको छ । यस प्रदेशको औसत जनघनत्व प्रति वर्ग कि.मी. २७२ जना रहेका छ । जनसङ्ख्याको १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको ११.७८ प्रतिशत हिस्सा रहेको छ । उमेर समूह बढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको छ । घट्दै गएको प्रजनन् दर र बढ्दै गएको औसत आयुका कारण नेपालमा बालबालिकाको अनुपात घट्दो छ भने जेष्ठ नागरिक र काम गर्ने उमेर समूहका (१५—५९ वर्ष) जनसङ्ख्याको अनुपात बढ्दो छ । कुल जनसङ्ख्यामध्ये ४० वर्ष मुनिको जनसङ्ख्या ७५ प्रतिशत छ भने ६० वर्ष उमेरमाथिका जेष्ठ नागरिक ८.१३ प्रतिशत छ । प्रदेशमा कुल १२ लाख ७०, हजार ७९७ परिवार (संस्थागत परिवार समेत) छन, जुन नेपालको कुल परिवार संख्याको २३.४२ प्रतिशत हो भने औषत परिवार सख्या ४.३५ जना रहेको छ । प्रदेशमा ४ वा सोभन्दा कम सदस्य रहेको परिवार सङ्ख्या ६०.२३ प्रतिशत रहेकोले सानो परिवारप्रतिको आकर्षण बढी रहेको बुझिन्छ ।

२. लैङ्गिक अनुपात

प्रदेशको समग्र लैङ्गिक अनुपात (१०० जना पुरूषमा महिलाको सङ्ख्या) ९८.८ भए पनि ५ वर्ष मुनिको लैङ्गिक अनुपात १०० भन्दा माथि छ जुन सबैभन्दा बढी भक्तपुर जिल्लामा ११५.५३ छ। समग्र प्रदेशभित्र

५ वर्ष मुनीको लैङ्गिक अनुपात १०८.२८ छ भने समग्र नेपालको १०४.९४ छ । यसैगरी समग्र लैङ्गिक अनुपात हेर्दा काठमाडौं, भक्तपुर र ललितपुर बाहेक सबै जिल्लामा लैङ्गिक अनुपात १०० भन्दा कम छ ।

३. शहरी जनसङ्ख्या

नेपालको कुल जनसङ्ख्याको ६२.९५ प्रतिशत जनसङ्ख्या शहरमा (नगरपालिकाहरूमा) र ३७.०७ प्रतिशत जनसङ्ख्या गाउँमा (गाउँपालिकाहरूमा) वस्छन् भने यस प्रदेशको कुल जनसङ्ख्याको ७२.५७ प्रतिशत जनसङ्ख्या शहरमा र २७.४३ प्रतिशत जनसङ्ख्या गाउँमा वस्छन्। नेपालको इतिहासमा शहरी जनसङ्ख्या गाउँकोभन्दा बढी भएको यो पहिलो पल्ट हो।

४. पिउने पानी

राष्ट्रिय जनगणना २०६८ का अनुसार ६७.२ प्रतिशत परिवारको पहुँच धारा वा पाइपको पानीमा देखिन्छ। तर खानेपानी तथा सरसफाई कार्यालय, काठमाण्डौंका अनुसार यस प्रदेशको ९१ प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको सुविधा पुगेको छ।

५. सरसफाई

यस प्रदेशमा परिवारले प्रयोग गर्ने शौचालयमध्ये ३५.९ प्रतिशत परिवारले फ्लसयुक्त शौचालयको प्रयोग गर्छन्। खानेपानी तथा सरसफाई विभाग तथ्याङ्क अनुसार यस प्रदेशका ९९% घरमा शौचालय रहेको छ जनाएको छ । सरकारी आँकडा यस्तो भए पनि नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार भने यस प्रदेशमा शौचालय नै नभएको परिवारहरुको प्रतिशत १७.२ छ।

६. जातजाति र भाषाषी

जातजातिको हिसाबले यस प्रदेशमा मुख्यतः तामाङ २०.४२ प्रतिशत, पहाडी ब्राह्मण १८.२८ प्रतिशत, क्षेत्री १७.२८ प्रतिशत र नेवार १६.९२ प्रतिशत रहेका छ भने मगर, कामी, गुरूङ, थारू, राई, दमाई, सार्की र चेपाङको उपस्थिति १ देखि ५ प्रतिशतभित्र छ भने बाँकी अरू जातिको उपस्थिति १ प्रतिशतभन्दा कम छ। १३ मध्ये ७ जिल्ला सिन्धुली, रसुवा, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र मकवानपुरमा तामाङ, दोलखा र रामेछापमा क्षेत्री, काठमाडौं र चितवनमा ब्राहमण र भक्तपुर र ललितपुरमा नेवार समुदायको सङ्ख्या बढी छ। यस प्रदेशमा मातृभाषा नेपाली भएकाको सख्या ५७.४ प्रतिशत, तामाङ् भाषाको १८.३ प्रतिशत र नेवारी भाषाको १२.३ प्रतिशत छ ।मगर, थारू र मैथिली बोल्नेको सङ्ख्या १ देखि २ प्रतिशतभित्र छ भने अन्य भाषा मातृभाषा भएकाको उपस्थिति १ प्रतिशतभन्दा कम छ ।

७. धर्म

हिन्दु धर्मावलम्बीको सख्या ७१.८ प्रतिशत, बौद्ध धर्मावलम्बीको २३.३ प्रतिशत र क्रिश्चियन धर्मावलम्बी २.९ प्रतिशत छ । यस बाहेक प्रकृति पुजा गर्ने, बोन, जैन, बाही र सिख गरी जम्मा ९ वटा धर्मका अनुयायीहरू रहेका छन् । धर्मको पहिचान नभएका जनसङ्ख्याको प्रतिशत ०.२ रहेको छ ।

८. अपाङ्गता

प्रदेशमा कुल जनसङ्ख्याको १.६३ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता छ । यसमध्ये शारीरिक अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा बढी (३५.२५ प्रतिशत) छन् भने श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा कम (२.०२ प्रतिशत) छन्।

९. अनुपस्थित जनसङ्ख्या

यस प्रदेशमा कुल जनसङ्ख्याको १८.२ प्रतिशत जनसङ्ख्या अनुपस्थित छन् । अनुपस्थितमध्ये ७९.५ प्रतिशत पुरुष र २०.५ प्रतिशत महिला छन् । अनुपस्थितिमध्ये धेरैजसो (५६.९३ प्रतिशत) निजी नोकरीका लागि विदेश गएका छन् । विदेश गएकामध्ये सबैभन्दा बढी (३७.३२ प्रतिशत) मध्यपूर्वमा गएका छन् ।

१०. आर्थिक रुपले सक्रिय जनसङ्ख्या

नेपालका ३९.९ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय छन् तर यस प्रदेशका भने ४२.५ प्रतिशत जनसङ्ख्या आर्थिक रुपले सक्रिय छन जुन नेपालको औसतभन्दा २.६ प्रतिशतले बढी हो।

११. मानव विकासको अवस्था

नेपाल मानव विकास प्रतिबेदन २०१४ अनुसार नेपालको सूचकाङ्क ०.४९० छ । यस प्रदेशको सूचकाङ्क ०.५५८ छ जुन सबैभन्दा उच्च हो । मानव विकास सूचकाङ्कमा नेपालका दस उत्कृष्ट जिल्लाहरुमध्ये यस प्रदेशका पाँच जिल्लाहरु क्रमश काठमाडौं, ललितपुर, भक्तपुर, चितवन र काभ्रेपलाञ्चोक रहेका छन् । प्रदेश भित्रको मानव विकास सूचकाङ्क हेर्दा काठमाडौं जिल्लाको सबैभन्दा धेरै ०.६३२ छ भने सिन्धुलीको सबैभन्दा कम ०.४४० छ । समग्रमा काठमाडौं पहिलो नम्बरमा रहेको छ भने सिन्धुली, सिन्धुपाल्चोक र दोलखा क्रमश ५२ औ, ४९ औ र ४७ औ स्थानमा रहेका छन् ।

१२. कृषि

देशको करिव ६६ प्रतिशत जनसङ्ख्या कृषि क्षेत्रमा संलग्न रहेको छ भने आर्थिक सर्वेक्षण २०७४।७५ अनुसार कूल ग्रार्हस्थ उत्पादनमा कृषिको योगदान २७.१ प्रतिशत छ । प्रदेशको कुल ग्राहस्थ्य उत्पादनमा

कृषि क्षेत्रको योगदानको तथ्याङ्क उपलब्ध छैन यद्यपि यस प्रदेशको अवस्था राष्ट्रिय औसतभन्दा केही कम हुन सक्दछ तर धेरै फरक हुन सक्ने अवस्था छैन।

१३. जमिनको अवस्था

यस प्रदेशको कुल जमिनको ५३.७ प्रतिशत (१०,९०,०८५ हेक्टर) जमिन वनले र ७.५७ प्रतिशत (१,५३,७५९ हेक्टर) झाडी बुट्यानले ढाकेको छ । यस्तै २४.३४ प्रतिशत (४, ९४,०८४ हेक्टर) जमिनमा खेती भएको देखिन्छ । सबैभन्दा थोरै अर्थात ३०७ हेक्टर (०.२ प्रतिशत) जमिन ताल पोखरीले ओगटेको छ । एक सर्वेक्षण अनुसार यस प्रदेशको कुल जमिनको ४.९ प्रतिशत जमिन समतल, ४.९ प्रतिशत जमिन हल्का ढल्केको र २३.६ प्रतिशत जग्गा भिरालो भएपनि कान्ला वा गरा बनाएर खेती गर्न सकिने खाल्को छ । यी तीनै वर्गका गरी जम्मा ३३.४ प्रतिशत जग्गा खेतीयोग्य देखिन्छ ।

१४. कृषि भूमि

राष्ट्रिय कृषिगणना २०६८ अनुसार कृषक परिवारले प्रयोग गरेको जमिनको क्षेत्रफल तथा कित्ताको आधारमा हेर्दा यस प्रदेशमा कृषक परिवारले उपभोग गरको जम्मा श्रेत्रफल ३,२८,२९७.४ हेक्टर छ । यसैगरी जम्मा कित्ता संख्या १८,७४,१६८ रहेकोमा यो प्रदेशमा प्रति कृषक परिवार ०.५ हेक्टर जमिन छ । यसैगरी प्रदेश ३ मा औषत कित्ताको क्षेत्रफल २.८ हेक्टर छ । जग्गाको उपयोग हेर्दा यस प्रदेशमा जम्मा खेतियोग्य जग्गामध्ये ८४.९ प्रतिशत जग्गामा अस्थायी बाली र ३.४ प्रतिशत जग्गामा स्थायी बाली लागेको छ ।

१५. सिंचाइ सुविधा

राष्ट्रिय कृषि गणना, २०६८ अनुसार यस प्रदेशमा सिंचाई हुने जग्गाको जम्मा क्षेत्रफल १,१३,९७३.९ हेक्टर छ । यो खेती भएको कुल जग्गाको ३४.७२ प्रतिशत हो । यसको मतलव यस प्रदेशमा खेती भैरहेको ६५.२८ प्रतिशत जमीनमा सिँचाई सुविधा पुगेको छैन। यहा सिंचित जग्गाको क्षेत्रफलमध्ये सिंचाईको स्रोत अनुसार नदी, तलाउ (स्वतः वहाव) बाट ६२.८५ प्रतिशत, बाँध रिजरभ्वायरबाट १८.२६ प्रतिशत र बाँकी अन्य स्रोतबाट जग्गा सिंचित भएको देखिन्छ ।

१६. खाद्यान्न न्यूनता

जनसङ्ख्याको ठुलो हिस्सा रहेको यस प्रदेशमा खाद्यान्न उत्पादन भने आवश्यकता अनुसार हुन सकेको छैन। आर्थिक वर्ष ०७३।०७५ को तथ्याङ्क अनुसार यस प्रदेशमा जम्मा खाद्यान्नको उपलब्धता ८,५२,६८० मे.ट.छ भने खाद्यान्न आवश्यकता १२,४२,६१८ मे.ट.रहेको छ । यसको आधारमा यस प्रदेशमा ३,८९,९६१ मे.ट.ले खाद्यान्न न्यून रहेको छ ।

१७. दुध, मासु र माछा उत्पादन

आर्थिक वर्ष ०७३।०७४ को विवरण अनुसार यस प्रदेशमा गाई र भैंसीको गरी ३ ५७,९३८ मेट्रिक टन दुध उत्पादन हुन्छ जुन नेपालको कुल दुध उत्पादनको १८.७ प्रतिशत हो ।त्यसैगरी, भैंसी, खसी, बुडो भैंसी, बंगुर लगायत कुखुरा र हाँसको गरी जम्मा ७५,००६ मेट्रिक टन मासु उत्पादन हुन्छ जुन नेपालको कुल मासु उत्पादनको २२.५६ प्रतिशत हो । यस प्रदेशमा कुखुराका अण्डा ७,२०,०७१ हजार र हाँसको अण्डा १,९६० हजार उत्पादन हुन्छ । नेपालको कुखुराको कुल अण्डाको ५४ प्रतिशत र हाँसको कुल अण्डाको १४ प्रतिशत अण्डा यस प्रदेशमा उत्पादन हुन्छ। यस प्रदेशमा माछाको उत्पादन ३,११२.२ मेट्रिक टन हुन्छ जुन नेपालको कुल माछा उत्पादनको ९.९ प्रतिशत हो ।

१८. वन

प्रदेशको कुल क्षेत्रफलको ५३.७३ प्रतिशत क्षेत्र वन जंगलले ढाकेको छ । वन क्षेत्र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने क्षेत्र पनि हो । करिब ७० प्रतिशत इन्धन, झण्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा वन क्षेत्रबाट उपलब्ध हुदै आएको छ । यस प्रदेशमा कुल १०,९०,८७६ हेक्टर क्षेत्रफल वनले ओगटेको छ ।

१९. चुरे संरक्षण

हिमालको उत्पत्तिको क्रममा करिब चार करोड वर्ष पहिले नदीजन्य पदार्थहरु थुप्रिएर बनेको चुरे शृङ्खला सबैभन्दा कान्छो पहाड हो । नेपालमा कुल भू—भागको लगभग १३ प्रतिशत चुरे क्षेत्रमा पर्दछ । पूर्वमा इलामदेखि पश्चिममा कञ्चनपुरसम्मका ३६ जिल्लाहरुमा फैलिएको चुरे क्षेत्रमध्ये यस प्रदेश अन्तर्गतका सिन्धुली, काभ्रेपलान्चोक, ललितपुर, मकवानपुर, चितवनमा यो क्षेत्र पर्दछ ।

२०. राष्ट्रिय निकुञ्ज

राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्रका हिसाबले यो प्रदेश महत्वपूर्ण छ । नेपालभर रहेका १२ वटा राष्ट्रिय निकुञ्जहरू मध्ये यस प्रदेशमा चितवन, लाङ्टाङ्, शिवपुरी र पर्सा गरी ४ वटा राष्ट्रिय निकुञ्ज रहेका छन् । राष्ट्रिय निकुञ्जमध्ये चितवन राष्ट्रिय निकुञ्ज पर्यटकीय दृष्टिकोणले प्रमुख गन्तब्य रहेको छ ।

२१. साक्षरताको अवस्था

नेपालको साक्षरता दर ६५.९४ प्रतिशत छ भने यस प्रदेशको साक्षरता दर ७४.८५ प्रतिशत रहेको छ । यो दर राष्ट्रिय साक्षरता दर भन्दा ८.९१ प्रतिशतले बढी हो । पुरुष र महिलाको साक्षरता दर हेर्दा यस प्रदेशमा महिला साक्षरता दर पुरूषकोभन्दा १५.७८ प्रतिशतले कमी अर्थात महिला ६७.०४ प्रतिशत र पुरुषको साक्षरता दर ८२.८२ प्रतिशत रहेको छ ।

२२. विद्यालय संख्या

सामुदायिक विद्यालयतर्फ नेपालका कुल प्राथमिक विद्यालयमध्ये यस प्रदेशले १८.१ प्रतिशत हिस्सा ओगटेको छ र निम्न माध्यमिक विद्यालयले १९.७ प्रतिशत, माध्यमिक विद्यालयले २१.६ प्रतिशत र उच्च माध्यमिक विद्यालयले २०.७ प्रतिशत हिस्सा ओगटेका छन् । यसैगरी संस्थागत विद्यालयतर्फ, प्राथमिक विद्यालयमध्ये यस प्रदेशले ३२.७ प्रतिशत, निम्न माध्यमिक विद्यालयले ३१.६ प्रतिशत, माध्यमिक विद्यालयले ३८.७ प्रतिशत र उच्च माध्यमिक विद्यालयले ४३.१ प्रतिशत हिस्सा ओगटेका छन् । प्रदेश ३ मा अरु प्रदेशहरुमाभन्दा संस्थागत विद्यालयको संख्या उच्च रहेको छ ।

२३. विद्यार्थी-विद्यालय अनुपात

विद्यार्थी - विद्यालय अनुपात प्राथमिक, माध्यामिक र आधारभूत तहमा क्रमशः ९८, १०२ र १५३ विद्यार्थीको भागमा एउटा विद्यालय परेको छ । त्यसैगरी, माध्यामिक, उच्च माध्यामिक र ९ देखि १२ कक्षा तहमा क्रमश ८०, ११४ र १२१ जना विद्यार्थीको भागमा एउटा विद्यालय परेको छ । नेपालको औसत विद्यार्थी-विद्यालय अनुपात भन्दा यो प्रदेशको कम रहेको छ ।

२४. विद्यार्थी-शिक्षक अनुपात

विद्यार्थी शिक्षक अनुपात प्राथमिक, माध्यामिक र आधारभूत तहमा क्रमश १४, २६ र १७ विद्यार्थीको भागमा एकजना शिक्षक परेको छ भने माध्यामिक, उच्च माध्यामिक र ९(१२ कक्षा तहमा क्रमश १६, २२ र १७ जना विद्यार्थीको भागमा एउटा एकजना शिक्षक परेको छ । नेपालको औसत विद्यार्थी शिक्षक अनुपात भन्दा यो प्रदेशको कम छ ।

२५. ठूला उद्योग

औद्योगिक गणना २०६९ का अनुसार यस प्रदेशमा ९६५ वटा उद्योग (प्रदेशगतरूपमा सबैभन्दा बढी) रहेका छन् जसमा ४९ हजार १ जनाले जनाले रोजगारी पाएका छन् । उद्योग विभागका अनुसार २०७५ असार १४ सम्म यस प्रदेशमा मात्र ५ हजार ६३ (६७.६० प्रतिशत) उद्योग छन् । उद्योगको कुल लगानीलाई हेर्दा, यस प्रदेशमा ३७.७८ प्रतिशत लगानी रहेको छ । यहाँका उद्योगले कुल ठूला उद्योगले दिएको रोजगारीको ६०.८३ प्रतिशत हिस्सा ओगटेको छ ।

२६. घरेलु तथा साना उद्योग

आ.व. २०७३।७४ सम्मको घरेलु तथा साना उद्योगहरुको संख्यालाई हेर्दा करिव एक लाख (३७.६६ प्रतिशत) उद्योग यस प्रदेशमा छन् । यस प्रदेशमा भएका कुल उद्योगमध्ये ४३.५४ प्रतिशत उद्योग सेवा

क्षेत्रमा, २७.१ प्रतिशत उत्पादनमुलक क्षेत्रमा, १५.६७ प्रतिशत पर्यटन क्षेत्रमा र १२.६७ प्रतिशत कृषि तथा वनजन्य क्षेत्रमा छन् । जिल्लागतरूपमा सबैभन्दा बढी उद्योग काठमाडौंमा र सबैभन्दा कम उद्योग रसुवामा छन् ।

२७. खानी

यो प्रदेश खानी सम्पदाको पनि प्रचुर संभावनाको क्षेत्र हो । सुनखानीदेखि नुनखानीसम्म रहेको विभिन्न अध्ययनहरुले देखाएका छन् । यहाँ चाँदी, तामा, फलाम, स्लेट, सिमेन्ट, म्याग्नेसाईट, अभ्रक, खरी, कोइला, कोवाल्ट, निकेल, खरी, गन्धक, मार्बल, युरेनियम, ग्याँस, गेरु आदिको प्रचुर संभावना छ । सरकारले नीजि क्षेत्रलाई दिएको १२६ वटा खानी उत्खनन् अनुमतिमध्ये यस प्रदेशमा ४५ ओटा उत्खनन् ईजाजतपत्र दिएको देखिन्छ।

२८. औद्योगिक क्षेत्र

नेपालमा रहेका ११ औद्योगिक क्षेत्रहरुमध्ये बालाजु, पाटन, भक्तपुर र हेटौडा औद्योगिक क्षेत्र गरी चारवटा औद्योगिक क्षेत्र यस प्रदेशमा रहेका छन् । हेटौडाको मयूरधाप र चितवनको शक्तिखोर औद्योगिक क्षेत्रको डि.पि.आर. र इ.आइ.ए.को क्रममा छ । सरकारले यी दुई औद्योगिक क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ ।

२९. वाणिज्य

व्यापार तथा निकासी प्रवर्धन केन्द्रको आ. व. ०७३।७४ को आयात निर्यात तथ्याङ्क अनुसार उक्त कूल ९८६ अर्ब बरावरको आयात र मात्र ७३ अर्बको निर्यात भएको देखिन्छ जुन ९१३ अर्बले बढी आयात हो। यो मुलुककै लागि चुनौतिमात्र नभई राजधानी प्रदेश भएकोले यस प्रदेशको लागि पनि चुनौति हो ।

३०. पर्यटन

पर्यटकीय विकासको दृष्टिकोणले पनि यो प्रदेश अब्बल छ । सबैभन्दा धेरै तारे होटेल लगायत अन्य होटेलहरु, ऐतिहासिक र धार्मिक स्थल, विस्व सम्पदा सूचिमा परेका पशुपति क्षेत्र, हनुमानढोका क्षेत्र, होमस्टेहरु, रिसोर्ट आदि पुर्वाधार पनि यस प्रदेशमा प्रशस्त रहेका छन् । सांस्कृतिक एवं धार्मिक महत्व राख्ने बौद्धनाथ, स्वयम्भु, चागुनारायण, भिमेश्वर, पलाञ्चोक भगवती, नवबुद्ध, कालिञ्चोकदेखि प्राकृतिक मनोरम दृश्यको रुपमा रहेको चितवनको सौराहा, दोलखाको रोल्वालिड, गौरीशंकर, सिन्धुपाल्चोकको जुगल, धादिडको गणेश हिमाल, रसुवाको लामटाडदेखि गोसाईकुण्ड आदि नेपालको मात्र नभई विश्व मानचित्रमै महत्व राख्ने सम्पदाहरु हुन् । यसैगरी यहा सीमसार तथा ताल तलैयाहरु पनि पर्याप्त रहेकाले पर्यटन विकासको प्रशस्त सम्भावना छ भने विभिन्न जाति जनजाति र धर्म संस्कृतिको संगमस्थल यस प्रदेशमा एसियाकै उत्कृष्ट धार्मिक तथा सांस्कृतिक महत्वका मठमन्दिर र ताल तलैयाहरु छन् । साथै, -याफ्टिङ, प्याराग्लाइडिङ जस्ता

साहसिक पर्यटनदेखि धार्मिक र साँस्कृतिक पर्यटनको पनि यहाँ प्रचुर सम्भावना छ । गोसाईकुण्ड, च्छोरोल्पा, सौराहदेखि विभिन्न किसिमका तालतलैया, झरना विभिन्न किसिमका हिमताल, हिमनदी तथा हिम श्रृंखलाहरु समेत यो प्रदेशमा रहेका छन् ।

विश्व सम्पदा सूचीमा सूचीकृत नेपालमा १० वटा मध्ये ८ वटा सम्पदाहरु यस प्रदेशमा पर्दछन् । यस प्रदेशमा चाँगुनारायण मन्दिर, भक्तपुर दरबार क्षेत्र, स्वयम्भूनाथ स्तूपा, पशुपति मन्दिर क्षेत्र, पाटन दरबार क्षेत्र, हनुमान ढोका दरबार, बौद्धनाथ महाचैत्य र चितवन राष्ट्रिय निकुञ्ज रहेका छन्। यस प्रदेशमा पर्यटक आकर्षित हुने धार्मिक स्थलहरु, प्रमुख पर्यटकीय शहरहरु तथा केन्द्रहरु, पर्यापर्यटन स्थलहरु, प्रमुख सिमसार क्षेत्रहरु, हाईकिङ गन्तव्यहरु र पर्यटक पदमार्गहरु रहेका छन् ।

३१. पानी निर्यात

अमेरिका, स्पेन, अस्ट्रेलिया, ब्राजिल, स्वीट्जरल्यान्ड, जर्मनी लगायतका २० मुलुकका खानेपानी उत्पादक तथा विज्ञहरूको सहभागीतामा अमेरिकाको लसएन्जलसमा सम्पन्न उच्चस्तरीय स्वच्छ खानेपानी सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन 'फाइन वाटर समिट २०१५ मा रसुवा जिल्लाको पानी विदेशमा समेत आपुर्ति गर्ने 'हिमालयाज अन टप ब्रान्डको स्प्रिङ वाटरलाई 'न्यु बर्न बेबी फिडिङ वाटरको प्रमाणपत्र दिएर यो पानी स्वच्छ र 'सफ्ट रहेको र नवजात शिशुलाई समेत पिलाउन सकिने बताएको थियो । कोरिया निर्यातबाट शुरु भएको यसको निर्यात हाल जापान, हङकङ, साउदी अरेविया र युनाईटेड अरब ईमिरेट्समा भइरहेको छ ।

३२. जलविद्युत

विद्युत विकास विभागका अनुसार २०७५ वैशाख १२ गतेसम्ममा कुल १००६.८ मेगावाट विद्युत उत्पादन भएकोमा यस प्रदेशमा ३४०.३ मेगावाट छ । यस प्रदेशमा २३२६.६ मेगावाट विद्युत निर्माणाधीन अवस्थामा रहेको छ जुन निर्माणको चरणमा रहेका ४ हजार ६ सय ४१ मेगावाट आयोजना मध्ये ५० प्रतिशत भन्दा बढी हो ।

३३. सडक

यस प्रदेशका सबै जिल्ला सदरमुकामहरूलाई कालोपत्रे सडकले जोडेको छ । जिल्ला सदरमुकामदेखि स्थानीय तहसम्म कुनै न कुनै किसिमको सडकले छोएको छ। नेपालको कुल राष्ट्रिय सडकमध्ये यस प्रदेशमा १९.०१५ पर्दछ भने, ग्रामीण सडकले २५.१२५ हिस्सा ओगटेको छ।

३४. विमानस्थल

यस प्रदेशमा नेपालको एकमात्र अन्तराष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल र अन्य ५ वटा विमानस्थल रहेका छन् । विमान स्थल भएर पनि लाइटाइ, जिरी र मेघौली सञ्चालनमा छैनन् भने रामेछाप विमानस्थलबाट पनि नियमित सेवा संचालनमा छैन । आन्तरिक विमान स्थल मध्ये भरतपुर नियमित संचालनमा रहेको विमानस्थल हो ।

३५. खेलकुद

यस प्रदेशमा बिभिन्न खेलको लागि अन्तराष्ट्रिय स्तरको खेल मैदान रहेका छन् । मुख्यत ठूला तथा अन्तराष्ट्रिय स्तरका खेल मैदानहरू काठमाडौं उपत्यकाभित्र रहेका छन् । उपत्यका भन्दा बाहिरका जिल्लाहरूमा समेत खेल प्रतिको रूचीलाई ध्यानमा राखेर सामान्य देखि राष्ट्रिय स्तरका केही खेल मैदानहरू रहेका छन् ।

३६. शान्ति सुरक्षा

प्रदेशको शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न महानगरीय प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालय अर्न्तगत नेपाल प्रहरी संचालित छन् । यस प्रदेशमा १० वटा जिल्ला प्रहरी कार्यालय, ५४ इलाका प्रहरी कार्यालय, १६२ प्रहरी चौकीका साथै महानगरीय प्रहरी कार्यालय र अन्तरगत कार्यालयमा ३ वटा महानगरिय प्रहरी परिसर, १८ वटा महानगरिय प्रहरी बृत्त, ६२ प्रभाग, ८३ इलाका प्रहरी कार्यालय र १३ प्रहरी चौकी रहेका छन् । उपत्यकालाई महानगरीय प्रहरीले र उपत्यका बाहेकका जिल्लालाई जिल्ला प्रहरीबाट सेवा दिदै आएको छ । सडक यातायातलाई व्यवस्थित गर्न उपत्यका बाहेकका १० जिल्लामा जिल्ला ट्राफिक कार्यालयहरूबाट र उपत्यकामा महानगरीय ट्राफिक कार्यालयबाट कार्य सञ्चालन भै रहेको छ।

३७. सार्वजनिक प्रशासन र निजामति कर्मचारी

यो प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित ७ वटा मन्त्रालयहरु रहेका छन् । २०७५ साल जेष्ट २९ गते प्रदेश नीति तथा योजना आयोगको पनि स्थापना भएको छ । यसैगरी प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयको पनि स्थापना भएको छ । प्रदेशस्तरका लागि कुल ३० हजार कर्मचारी स्वीकृत दरबन्दी रहेकोमा यस प्रदेशको लागि कुल ३५५५ जनाको दरबन्दी स्वीकृत भएको छ ।

३८. मानव अधिकार

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्याङ्क अनुसार सन् २०१७ मा यस प्रदेशमा मानव अधिकार उलङ्घनको क्षेत्रमा ८१२ वटा घटना भएको उल्लेख छ, जसमा राज्यपक्षबाट ११० जना र गैर राज्य पक्षाबाट ७०२ जना पीडित भएको उल्लेख छ । पीडित महिलाको सङ्ख्यालाई हेर्दा राज्यपक्षबाट आठ जना र गैरराज्यपक्षबाट ५७७ जना पीडित भएको देखिएको छ।

३९. घरेलु हिंसा

यस प्रदेशका १५ वर्ष माथिका १९.६ प्रतिशत महिलाले शारीरिक यातना भोगेका छन् भने ५.१ प्रतिशतले गर्भवती रहेको बेलामासमेत यातना भोगेका छन् । त्यसैगरी, ७.६ प्रतिशत महिलाले आफ्नो जीवनमा यौनजन्य हिंसा भोगेका छन् जुन नेपालको औसतभन्दा धेरै हो । आफ्नो जीवनमा शारीरिक र यौनजन्य यातना भोगेकामध्ये ६०.१ प्रतिशत महिलाले सो बारेमा कसैसँग कुनै कुरा नगर्ने गरेको एक अध्ययनले देखाएको छ।

४०. संघीय, प्रादेशिक र स्थानीय निर्वाचन

प्रादेशिक र संघीय निर्वाचनः नेपालको संविधानको धारा ८४ तथा धारा १७६ मा व्यवस्था भए बमोजिम प्रतिनिधि सभा तथा प्रदेश सभा गठन प्रयोजनार्थ मिति २०७४ साल मंसिर १० र २१ गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भएको थियो । संवैधानिक व्यवस्था अनुसार प्रतिनिधिसभामा १६५ जना प्रत्यक्षबाट र ११० जना समानुपातिक प्रणालीबाट तथा प्रदेश सभामा ३३० जना प्रत्यक्षबाट र २२० जना समानुपातिक निर्वाचन प्रणाली मार्फत निर्वाचित भएका छन् । यस प्रदेशमा प्रतिनिधिसभातर्फ ३३ र प्रदेश सभातर्फ ६६ निर्वाचन क्षेत्र रहेका छन् ।

४१. प्रतिनिधिसभामा दलगत प्रतिनिधित्व

संघीय संसदको तल्लोसभा प्रतिनिधिसभामा यस प्रदेशबाट ३३ जना सांसद निर्वाचित हुने व्यवस्था छ । प्रतिनिधिसभाको लागि २०७४ मा भएको निर्वाचनको दलगत नतिजा अनुसार यस प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले ३३ मध्ये २७ क्षेत्रमा जीत हासिल गरेको छ, जुन कुल सिट संख्याको ८१.८२ प्रतिशत हो। यसैगरी, नेपाली काँग्रेसले ५ क्षेत्र तथा १ क्षेत्रमा नेपाल मजदुर किसान पार्टीले विजय हासिल गरेको छ।

४२. प्रदेशसभामा दलगत प्रतिनिधित्व

यस प्रदेशमा प्रदेशसभातर्फ प्रत्यक्ष निर्वाचित हुने सिट संख्या ६६ रहेकोमा, प्रदेशसभा निर्वाचन २०७४ को नतिजा अनुसार नेपाल कम्युनिष्ट पार्टीले ५७ सिटमा विजय हासिल गरेको छ जुन यस प्रदेशकको कुल सिटको ८६.३५ प्रतिशत हो । यसैगरी नेपाली काङ्ग्रेसले ७ र अन्य दलले २ सीटमा विजय हासिल गरेका छन् । प्रदेश सभाकै समानुपातिक तर्फ ४४ सिट रहेकोमा नेपाल कम्युनिष्ट पार्टीले २४ सिट, नेपाली काङ्ग्रेसले १४ सिट र अन्य दलले ६ सिटमा विजय हासिल गरेका छन् ।

४३. स्थानीय तहमा दलगत प्रतिनिधित्व

यस प्रदेशमा निर्वाचित जनप्रतिनिधिको कुल सङ्ख्या ५०८७ छ । यो सङ्ख्या नेपालभरिको निर्वाचित जनप्रतिनिधिहरुको जम्मा सङ्ख्या ३५,०४१ को तुलनामा १४.५ प्रतिशत हो ।

यस प्रदेशका ४५ नगरपालिकामध्ये नगरपालिकाको प्रमुखमा नेपाल कम्युनिष्ट पार्टीले ३५ (७७.७८ प्रतिशत), नेपाली काङ्ग्रेसले ९ र नेपाल मजदुर किसान पार्टीले १ र उपप्रमुखतर्फ नेपाल कम्युनिष्ट पार्टीले ३४, नेपाली काङ्ग्रेसले १० र नेपाल मजदुर किसान पार्टीले १ तहमा विजय हासिल गरेका छन् । यसैगरी प्रदेशका ७४ गाउँपालिकामध्ये गाँउपालिकाको अध्यक्षमा नेपाल कम्युनिष्ट पार्टीले ४६ (६२.१६ प्रतिशत), नेपाली काङ्ग्रेसले २६ र राष्ट्रिय प्रजातन्त्र पार्टीले १ र नयाँ शक्ती पार्टीले १ तहमा विजय हासिल गरेका छन् । गाँउपालिकाको उपाध्यक्ष तर्फ, नेपाल कम्युनिष्ट पार्टीले ५१, नेपाली काङ्ग्रेसले २२ र राष्ट्रिय प्रजातन्त्र पार्टीले १ तहमा विजय भएका छन्।

९.२ अवसरहरू

१. यस प्रदेशको कुल जनसङ्ख्याको ७२.५७ प्रतिशत (झण्डै तीन चौथाई) जनसङ्ख्या शहरमा र २७.४३ प्रतिशत जनसङ्ख्या गाउँमा वसोबास गर्छन्। सामान्यतः गाउँको सपना शहरमा रूपान्तरण हुने हुन्छ ।यस हिसाबले हेर्ने हो भने शहरी जनसङ्ख्यामा बृद्धिलाई विकासको एक सूचकको रूपमा पनि लिन सकिन्छ । आर्थिक विकासको लागि शहरले इन्जिनको रूपमा काम गर्दछ । त्यसको लागि आवश्यक पर्ने जनशक्ति शहरमा उपलब्ध हुनु राम्रो कुरा हो। शहरले औपचारिक र अनौपचारिक दुवै क्षेत्रबाट रोजगारीको अवसर सिर्जना गर्दछ। शहरी जनसङ्ख्या बढ्नु भनेको राजस्वका आधार र दायरा पनि बढ्नु हो । श्रम वजारमा हुने प्रतिस्पर्धाले श्रमशक्तिको उत्पादकत्व बृद्धिमा सघाउँछ भने उपभोक्ताको सङ्ख्यामा हुने बृद्धिले उद्योग, व्यापार, पर्यटन आदिको व्यवसायलाई। श्रमिक र रोजगारदाता मात्र होइन संघ, प्रदेश र स्थानीय सरकारको लागि शहरी जनसङ्ख्याको बृद्धि एक अवसर हो।

२. प्रदेशको कुल जनसङ्ख्याको १८.२ प्रतिशत जनसङ्ख्या अनुपस्थित छन् जुन अनुपात नेपालको कुल अनुपस्थित जनसङ्ख्याको (१६.७२ प्रतिशत) भन्दा बढि हो । अनुपस्थितमध्ये ७९.५ प्रतिशत पुरुष र २०.५ प्रतिशत महिला छन् । अनुपस्थितिमध्ये धेरै निजी नोकरी (५६.९३ प्रतिशत) का लागि विदेश गएका छन् । वैदेशिक रोजगारीमा गएकाहरूमार्फत् भित्रिने विप्रेषणलाई उत्पादनमूलक र विकासका कार्यमा लगाउन सकिने अवसर सरकाले सिर्जना गर्न सक्दछ ।

